# आधारभूत शिक्षा (कक्षा १–८) को स्थानीय पाठ्यक्रम २०७८




## विषयः हाम्रो लेटाङ

**लेटाङ नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**लेटाङ, मोरङ, १ नं. प्रदेश, नेपाल**

# आधारभूत शिक्षा (कक्षा १-८) को
# स्थानीय पाठ्यक्रम २०७८

## विषयः हाम्रो लेटाङ

## लेटाङ नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ, १ नं. प्रदेश, नेपाल

**पाठ्यक्रमः** आधारभूत शिक्षा, स्थानीय पाठ्यक्रम (कक्षा १-८ )

**विषयः** हाम्रो लेटाङ (Our Letang)

**प्रकाशकः** लेटाङ नगरपालिका लेटाङ, मोरङ

**प्रमुख सल्लाहकारः** नगर प्रमुख श्री शंकर राई

**सल्लाहकारः** नगर उप प्रमुख श्री कृष्णकुमारी पोखरेल निरौला

**सल्लाहकारः** प्रमुख प्रशासकीय अधिकृत श्री अच्युतप्रसाद दाहाल

**पाठ्यक्रम निर्माण कार्यदल सदस्यहरूः**

**संयोजकः** उपसचिव श्री कृष्णराज राई

**सदस्यः** अधिकृत स्तर छैठौं श्री सञ्जिता खनाल

**सदस्यः** शिक्षक - श्री कृष्ण घिमिरे

**सदस्यः** कम्प्युटर अपरेटर श्री श्यामकुमार राई

**भाषा सम्पादनः** शिक्षक - श्री पर्शुराम निरौला

शिक्षक - श्री टंक प्रसाद बराल

**प्रकाशकः**

लेटाङ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय लेटाङ, मोरङ।

**सर्वाधिकारः** प्रकाशकमा निहित

नगर कार्यपालिकाबाट मिति २०७८।१२।२३ मा स्वीकृत

**मुद्रणः** २०० प्रति

**मुद्रकः** सगरमाथा छापाखाना, विराटनगर-८, मोरङ

**प्रथम सस्करणः** वि. सं. २०७८ (लेटाङ नगरपालिकाको लिखित स्वीकृतिबिना यसको पूरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न वा परिवर्तन गरेर प्रकाशन गर्न पाइने छैन ।)

**प्राविधिक सहयोगः** श्री हरिप्रसाद निरौला (उप सचिव) : शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

# भूमिका

शिक्षालाई दिगो विकास र समृद्धिको आधारको रूपमा लिइएको छ । शिक्षाबाट देश विकासको लागि आवश्यक मानव संसाधनको विकास हुन्छ। समाज सुधारका लागि दक्ष र सुसंस्कृत जनशक्ति तयार गर्न दिगो सोचमा आधारित शिक्षा नीति, योजना र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन अपरिहार्यता रहेको छ। नेपाल सरकारको शिक्षा नीति, प्रदेश सरकारको शिक्षा विकास नीति र नगर शिक्षा नीतिको कार्यान्वयनमा आवश्यक स्थानीय ऐन, नियम र कार्यविधिहरूको निर्माण र कार्यान्वयन गर्न नगरपालिकाले आफ्नो संवैधानिक एवम् कानूनी दायित्त्व पूरा गर्न क्रियाशीलताका साथ प्रयास गरिरहेको छ। शिक्षाको माध्यमबाट व्यक्ति र समाजमा रहेका सम्भावनाहरूको उजागर गर्नु पर्दछ। समाजमा रहेको असमानताहरूको अन्त्य गरी समतामूलक समानता र समावेशी विकासमार्फत देश विकास गर्न शिक्षाको महत्त्वपूर्ण भूमिका रहन्छ। सामाजिक न्यायका लागि आधारभूत कक्षाहरूदेखि नै व्यक्तिगत सक्षमता विकासका अतिरिक्त समाजिक सम्मान, सद्भाव र नैतिक तथा कानूनी दायित्त्वहरू निर्वाह गर्न सक्ने शिक्षा दिनुपर्दछ। शिक्षाको माध्यमबाट समाजका गलत संस्कार र विकृतिहरूको पहिचान र अन्त्य गर्न सक्ने क्षमता विकास गर्नु पर्दछ।

मानव अधिकार र लोकतन्त्रको विश्वव्यापी मूल्य र मान्यताहरू पहिचान गराई राष्ट्र र जनताको वृहत्तर हितमा योगदान गर्न सक्ने नागरिकको विकास गर्नु शिक्षाको महत्त्वपूर्ण कार्य हो। हाम्रा परम्परागत मूल्य मान्यताको पहिचान तथा विकास गर्ने र त्यसमा आधुनिक प्रविधिको समुचित प्रयोगको नीति मार्फत व्यक्तिको प्रतिस्पर्धी क्षमता विकास गर्नु पर्दछ। तीनै तहको नीति, योजना र कार्यक्रमको तादात्म्यता, अन्तर आबद्धता र दिगोपनको आवश्यक्ता पर्दछ। देशको आवश्यकताअनुसार बालबालीकाको अपेक्षित क्षमता विकास गर्न पाठ्यक्रम महत्त्वपूर्ण योजना हो । पाठ्यक्रम शिक्षाको उद्देश्य प्राप्त गर्न विद्यर्थीको सक्षमता हासिल गर्न आवश्यक विषयवस्तु र सिकाइ क्रियाकलापहरूको विस्तृत योजना हो। यसमा सिकाइका लागि कक्षाकोठा र कक्षाबाहिर गर्न आवश्यक क्रियाकलाप समावेश गरिएको हुन्छ। प्रारम्भमा शिक्षक वा गुरूको योजना अनुसार सिकाइ योजना तयार हुने गरेको थियो। विकास क्रमसँगै यसको विकासमा पनि विभिन्न सिद्धान्त तथा मूल्य मान्यताहरू स्थापित भएको छ। पाठ्यक्रम विकास र कार्यान्वयनको क्रममा आवश्यकता पहिचान, सरोकारवालाको सहभागिताका, समावेशीकरण र अपनत्व जस्ता गुणात्मक पक्षले स्थान पाउन थालेको छ। शिक्षामा विकेन्द्रीकरणको अभ्याससँगै स्थानीय स्तरमै पाठ्यक्रमको विकास र कार्यान्वयन गर्ने जिम्मेवारी विद्यालय सम्म आएको हो। स्थानीय पाठ्यक्रम केन्द्रीय पाठ्यक्रमसँगै कार्यान्वयन गरिन्छ तसर्थ यो राष्ट्रिय पाठ्यक्रमको एक अभिन्न अङ्ग हो। बालबालीकाहरूले घर, परिवार, मातृभाषा तथा स्थानीय परिवेशमा विकास गरेका अवधारणा र ज्ञान भण्डारको सदुपयोग गरी नयाँ अवधारणा तथा ज्ञानको सिकाइमा उनीहरूको आत्म विश्वास बढाउँदै गुणात्मक वृद्धि गर्नु स्थानीय पाठ्यक्रम उपयोगी हुने अपेक्षा गरिएको छ।

नेपालको संविधान, २०७२, स्थानीय सरकार सञ्चालन ऐन,२०७४, शिक्षा ऐन, २०२८(संशोधन समेत), शिक्षा नियमावली, २०५९(संशोधन समेत), विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६, स्थानीय पाठ्यक्रम प्रारूप,२०७१, आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७६, आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ४-५), २०७६, आधारभूत शिक्षा कक्षा (६-८) पाठ्यक्रम २०७७, माध्यमिक शिक्षा पाठ्यक्रम, २०७७ कार्यान्वयनको चरणमा रहेको

छ। उल्लिखित कानून तथा नीतिले सिर्जना गरेको दायित्त्वहरू पूरा गर्दै गुणात्मक शिक्षा प्रदान गर्ने क्रममा नगरपालिकाले सरोकारवालाको सहभागितामा हाम्रो लेटाङ (Our Letang )विषयको स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनमा ल्याएको छ ।हाम्रो लेटाङको पाठ्यक्रममा स्थानीय परिवेशको समग्र चिनारी गराउने र सुधार गर्नुपर्ने पक्षहरूलाई विभिन्न कक्षाका विषयवस्तुमा समावेश गरिएको छ। सङ्घ, प्रदेश र स्थानीय सरकारबीच शिक्षा क्षेत्रमा सहअस्तित्व, समन्वय, सहकारिता र साझेदारी विकास गर्न पाठ्यक्रम सहयोगी हुने अपेक्षा गरिएको छ।

शिक्षालाई संविधानमा व्यवस्था भएको नागरिकको मौलिक हक, आधारभूत आवश्यकता, राज्यको दायित्त्व,समृद्धिको आधार एवम् विकासको महत्त्वपूर्ण सूचकको रूपमा विकास गर्न लेटाङ नगरपालिकाको प्राथमिक आवश्यकताहरू समावेश गरी तयार भएको यो पाठ्यक्रम एक जीवन्त दस्तावेजको रूपमा रहने हुँदा यसको प्रभावकारी कार्यान्वयन र समय सापेक्ष सुधार गर्न सबै पक्षको सकारात्मक सहयोग र सुझावको अपेक्षा गरिएको छ।

लेटाङ नगरपालिकामा रहेको विविधताको अवस्थाअनुसार सबै पक्षको सुझाव समेट्ने र सहभागितामूलक पद्धतिबाट आवश्यकता पहिचान र प्राथमिकीकरण गरी पाठ्यक्रमको स्वरूप दिन काम गर्ने कार्यदलका सदस्यहरू र केन्द्रीय निकायका विज्ञ कर्मचारीलाई नगरपालिकाको तर्फबाट विशेष धन्यवाद दिन चाहन्छु।स्थानीय पाठ्यक्रम विकासलाई महत्त्व दिई सल्लाह सुझाव प्रदान गर्नुहुने नगर उपप्रमुख, सम्पूर्ण जनप्रतिनिधिहरू, नगरका कर्मचारी वर्ग, राजनीतिक दलका नेतृत्व वर्ग,उद्योग वाणिज्य सङ्घका पदाधिकारी, सामुदायिक वनका पदाधिकारी, सहकारी सङ्घसंस्थाका पदाधिकारी, शिक्षा समितिका पदाधिकारी, नागरिक समाज, गैर सरकारी संस्थाका पदाधिकारी, विभिन्न जातीय तथा धार्मिक सङ्घ संस्थाका पदाधिकारी, प्राध्यापक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षकका पेशागत सङ्घसंगठन, लेटाङ प्याव्सन,प्रधानाध्यापक, शिक्षक, बाल क्लवका पदाधिकारी, अभिभावक, विद्यार्थी भाइबहिनी र सबै सरोकारवालालाई नगरपालिकाको साथै व्यक्तिगत तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु।

२०७८ चैत्र

शंकर राई
नगर प्रमुख
लेटाङ नगरपालिका, मोरङ

# विषय सूचि


| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| १. | परिचय | १ |
| २. | स्थानीय पाठ्यक्रमको औचित्य | १ |
| ३. | पाठ्यक्रम विकास तथा परिमार्जन प्रक्रिया | २ |
| ४. | पाठ्यक्रम विकासमा अवलम्बन गरिएका सिद्धान्तहरू | २ |
| ५ | पाठ्यक्रमको ढाँचा | २ |
| ६ | विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य | ३ |
| ७. | विद्यालयको तहगत संरचना | ३ |
| ८ | विद्यालय शिक्षाको पाठ्यक्रम संरचना | ४ |
| ९. | स्थानीय पाठ्यक्रमको तहगत सक्षमता | ६ |
| १०. | कक्षागत सिकाइ उपलब्धि | ७ |
| ११. | विषयवस्तुको क्षेत्र | १३ |
| १२. | शिक्षण सिकाइ सहजीकरण प्रक्रिया | १४ |
| १३. | विद्यार्थीको उपलब्धि मूल्याङ्कन | १४ |
| १४. | विषयवस्तुको विस्तृतीकरण (कक्षा १-३) | १५ |
| १५. | विषयवस्तुको विस्तृतीकरण (कक्षा ४-५) | ३३ |
| १६. | विषयवस्तुको विस्तृतीकरण (कक्षा ६-८) | ५१ |
| | सन्दर्भ सामग्री | ८१ |

## १. परिचय

पाठ्यक्रमको विकास ज्ञान तथा प्रविधिको विकास र विस्तार,राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्दर्भहरू, समसामयिक समाजका आवश्यकता, स्थानीय परिवेश तथा व्यक्तिको आवश्यकता समेतको आधारमा गरिन्छ। भूगोल, इतिहास, समाजको धार्मिक सांस्कृतिक पक्ष र आर्थिक पक्षले समेत पाठ्यक्रम प्रभावित हुन्छ। पाठ्यक्रम विकासमा राष्ट्रिय र अन्तर्राष्ट्रिय आवश्यकतालाई मुख्य विषय बनाईएको हुन्छ। नेपाल विविधतायुक्त देश भएकोले यस प्रकारको विविधताको सम्बोधन गर्न केन्द्रबाट निर्मित पाठ्यक्रमले मात्र कठिनाइ हुने भएकोले स्थानीय स्तरका आवश्यकतालाई स्थान दिनका लागि स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन गर्न स्थानीय तह र विद्यालयलाई दिइएको छ । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७५ मा स्थानीय पाठ्यक्रमलाई महत्त्वपूर्ण स्थान दिन आवश्यक रहेको उल्लेख गरिएको छ। आधारभूत तह (कक्षा १-३) आधारभूत शिक्षा पाठ्यक्रम २०७६ कक्षा ४-५र आधारभूत तह कक्षा ६-८ मा समेत स्थानीय भाषा वा विषयको पाठ्यक्रम रहने व्यवस्था गरिएको छ। शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले प्रकाशन गरेको स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित), २०७६ ले हाम्रो लेटाङ विषयको पाठ्यक्रम निर्माण आवश्यकता पहिचान र विषयवस्तु छनोटका क्रियाकालाप सञ्चालनमा आधार प्रदान गरेको छ।

हाम्रो लेटाङ विषयको पाठ्यक्रम नगरपालिकाको विविधताको परिचय गराई सिकारूको स्थानीय अनुभवलाई सिकाइमा प्रयोग गर्दै स्थानीय मौलिकपन, सिप, स्रोत साधन, मातृभाषा र सम्पदाहरूको पहिचान, संरक्षण र विकासमा सहयोगी धारणाको विकास गर्ने साधन हो ।कक्षा १-३ सम्म साप्ताहिक ५ पाठ्यघण्टा र वार्षिक १६० कार्यघण्टा, कक्षा ४- ८ सम्म साप्ताहिक ४ पाठ्यघण्टा र वार्षिक कार्यघण्टा १२८ निर्धारण गरिएको छ। पाठ्यक्रमको उद्देश्य राष्ट्रिय पाठ्यक्रमले लिएको राष्ट्रिय उद्देश्य पूरा गर्न सहयोग हुने गरी निर्धारण गरिएको छ। विभिन्न विषय क्षेत्रका विषयवस्तुलाई एउटै विषयको अलग अलग क्षेत्रमा राखी एकीकृत विषयवस्तु भएको पाठ्यक्रम तयार गरिएको छ। मातृभाषाको एकरूपता नभए पनि विद्यालयले आफ्नो क्षेत्रको बाहुल्य रहेको मातृभाषाको शिक्षणका लागि कुनै एक भाषाको शिक्षण गर्न सकिने विषय क्षेत्रको व्यवस्था गरिएको छ। हाम्रो लेटाङ विषयको विषयवस्तुहरू कक्षा १ देखि कक्षा ८ सम्म लम्बीय र सामाजिक विज्ञान विषयहरूसँग क्षितिजीय सम्बन्ध रहने गरी छनोट गरिएको छ। सिकाइ सहजीकरण प्रक्रिया बालकेन्द्रित क्रियाकलापको अलावा क्षेत्र अवलोकन भ्रमण तथा प्रतिवेदन र विज्ञहरूसँग अन्तरक्रिया गरिने छ। मूल्याङ्कन प्रक्रिया आधारभूत तह कक्षा १-३ का लागि विद्यार्थी मूल्याङ्कन मार्गदर्शन २०७६, लेटर ग्रेडिङ निर्देशिका २०७८ र निरन्तर विद्यार्थी मूल्याङ्कनका प्रक्रिया तथा मापदण्डको प्रयोग गरिने छ।

## २. स्थानीय पाठ्यक्रमको औचित्य

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६तथा आधारभूत तह कक्षा १-३, कक्षा ४-५ र कक्षा ६-८ को पाठ्यक्रमलाई पूर्णता दिन । लेटाङ नगरपालिका क्षेत्रभित्र रहेका राष्ट्रिय अन्तर्राष्ट्रिय महत्त्वका प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक,आर्थिक र भाषिक विषयहरूको पहिचान, संरक्षण, उपयोग र विकास गर्न विद्यालय तहदेखि नै अवधारणाको विकास गर्न। पाठ्यक्रमको राष्ट्रिय उद्देश्य पूरा गर्न। सिकारूको अनुभव तथा स्थानीय सिकाइलाई सामान्यीकरण गरी सिकाइको गुणस्तर बढाउन। स्थानीय विद्यार्थी, बुद्धिजीवी, समाजसेवी, शिक्षक, राजनीतिक नेतृत्व, जातजाति, धार्मिक,सांस्कृतिक र विषयगत क्षेत्रका अगुवा तथा विज्ञहरूको सहभागिता र अपनत्व लिन। स्थानीयस्तरमा पाठ्यक्रमसम्बन्धी क्षमता विकास गर्न। राष्ट्रिय पाठ्यक्रमको सिकाइलाई स्थानीयसम्म

र स्थानीय सिकाइलाई राष्ट्रियसम्म सामान्यीकरण गरी शिक्षण सिकाइलाई व्यवहारसँग जोड्न।शिक्षाको नीतिगत तथा कानुनी व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गरी योग्य नागरिकको आधार तयार गर्न।

## ३. पाठ्यक्रम विकास तथा परिमार्जन प्रक्रिया

नगर कार्यपालिकाबाट हाम्रो लेटाङ (OUR LETANG) विषयको स्थानीय पाठ्यक्रम स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ।स्थानीय पाठ्यक्रम विकाससंग सम्बन्धित दस्तावेजहरूको अध्ययन गरी स्थानीय आवश्यकता पहिचान गर्न नगरस्तर र वडा तथा टोलस्तरमा लक्षित समूह छलफल र प्रश्नावली मार्फत आवश्यकता सङ्कलन र तालिकीकरण गरी अधिक मागको क्षेत्र निर्धारण गरिएको छ।अन्तरक्रिया र छलफलमा स्थानीय जनप्रतिनिधि, राजनीतिक दल, विभिन्न सङ्घ संस्था, शिक्षक, विद्यार्थी र अभिभावकको सहभागिता गराईएको छ। पाठ्यक्रममा समावेश गरिएको विषयवस्तु स्थानीय आवश्यकताको आधारमा स्थानीय शिक्षक तथा विषयगत विज्ञहरूबाट छनोट गरिएको छ। यसको कार्यान्वयन र सन्दर्भ समग्री तथा पाठ्यपुस्तक स्थानीय स्तरबाट नै व्यवस्था गर्न सकिने गरी छनोट गरिएको छ। पाठ्यक्रममा समावेश गरिएको विषयवस्तुको क्षेत्र तथा क्रमलाई प्राविधिक रूपबाट परीक्षण तथा सल्लाह र सुझावको लागि नेपाल सरकारको पाठ्यक्रम अधिकृतको समेत लामो अनुभव भएको उपसचिवलाई विज्ञ सल्लाहाकार राखी प्राप्त सुझावलाई समावेश गरिएको छ।

यो पाठ्यक्रम लेटाङ नगरपालिकाका सबै प्रकारका विद्यालयहरूमा कार्यान्वयन हुनेछ।पहिलो चरणमा शैक्षिक सत्र २०७९ देखि कक्षा १,२,६र ७ मा दोस्रो चरणमा शैक्षिक सत्र २०८० देखि कक्षा ३,४,५ र ८ मा कार्यान्वयन गरी कक्षा १-८ मा लागु गरिने छ।पाठ्यक्रम गतिशील विषयको रूपमा राष्ट्रिय पाठ्यक्रममा हुने परिमार्जनबाट गरिने संशोधनका साथै ३ वर्षमा सामान्य संशोधन र ५ वर्षपछि संशोधन वा नयाँ निर्माण समेत गर्न सकिने छ।स्थानीय मातृभाषाहरूको माग आवश्यकता बढी भएको क्षेत्रमा मातृभाषाको पाठ्यक्रम निर्माण र कार्यन्वयनको काम समेत गर्न सकिने छ।पाठ्यपुस्तक र सन्दर्भ सामग्रीहरू विकास गर्ने योजना रहेको छ।

## ४. पाठ्यक्रम विकासमा अवलम्बन गरिएका सिद्धान्तहरू

स्थानीय आवश्यकता, राष्ट्रिय पाठ्यक्रमको आवश्यकता, विद्यार्थीको रूची तथा क्षमता, स्थानीय तह र विद्यालयको सक्षमताको आधारमा विकास गरिएको यो पाठ्यक्रम निम्न मूल्य मान्यतामा आधारित भइ निर्माण गरिएको छः

स्थानीय आवश्यकताको सिद्धान्त, सक्षमताको सिद्धान्त, सहभागिताको सिद्धान्त, सिकाइ अनुभव आदानप्रदानको सिद्धान्त, एकीकृत विषयवस्तुको सिद्धान्त, स्थानीय सक्षमता विकासको सिद्धान्त, अन्तर विषय सम्बन्धको सिद्धान्त, केन्द्र र स्थानीयको परिपूरक सिद्धान्त आदि ।

## ५ पाठ्यक्रमको ढाँचा

स्थानीय आवश्यकताको धेरै क्षेत्र र विधाका अवधारणा तथा सिद्धान्तहरूलाई एउटै विषय (हाम्रो लेटाङ) मा अध्ययन गर्ने एकीकृत विषय (Integrated subject)को ढाँचामा यो पाठ्यक्रम विकास गरिएको छ।यसमा

स्थानीय प्राकृतिक, आर्थिक, सामाजिक, शैक्षिक, मातृभाषिक, प्रशासनिक तथा राजनीतिक संरचना र विपद्का विषयवस्तुहरू एकीकृत गरिएको छ।

## ६ विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्नानुसार हुने छन् :

क) प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने,

ख) सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य तथा मान्यताप्रति प्रतिबद्ध, राष्ट्र र राष्ट्रियताप्रति वफादार, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने,

ग) श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगारउन्मुख, उत्पादनशील, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने,

घ) व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने,

ङ) प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, सम्बर्द्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने,

च) प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यताअनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवादउन्मुख राष्ट्र निर्माणमा मद्दत गर्ने,

छ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने,

ज) वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका र खोज तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने,

झ) रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका, सहिष्णु र भाषिक सक्षमतामा निपूर्ण नागरिक तयार गर्ने,

ञ) नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, सम्बर्द्धन र विस्तारतर्फ अभिप्रेरित भई नेपाली पहिचानप्रति गौरव गर्ने नागरिक तयार गर्ने

ट) जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने,

ठ) सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने।

## ७. विद्यालयको तहगत संरचना

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले विद्यालय शिक्षालाई आधारभूत र माध्यमिक गरी दुई तहमा बाँडेको छ। आधारभूत तहको कक्षा १ मा प्रवेश गर्नुपूर्व १ वर्षको प्रारम्भिक बालविकास शिक्षाको व्यवस्था हुने छ ।

विद्यालय शिक्षाको संरचनामा कक्षा १ देखि ८ सम्म गरी आठ वर्ष अवधिको आधारभूत शिक्षा र कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको माध्यमिक शिक्षा कायम गरिएको छ । माध्यमिक शिक्षा साधारण, प्राविधिक तथा व्यावसायिक र परम्परागत गरी तीन धारको हुनेछ।

माध्यमिक शिक्षाको प्राविधिक तथा व्यावसायिक धारतर्फ थप एक वर्ष अवधिको व्यावहारिक अभ्यास समेटिने छ । सिकारूको उमेर, सिकाइ क्षमतास्तर तथा बालमनोविज्ञान समेतलाई आधार मानी विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना निम्नबमोजिम निर्धारण गरिएको छ :

**तालिका १ : विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना**

| विद्यालयको तह | कक्षा | उमेर समूह | सिकाइ क्षमतास्तर |
|---|---|---|---|
| प्रारम्भिक बालविकास तथा शिक्षा | प्रारम्भिक बालविकास तथा शिक्षा | ४ वर्ष | |
| आधारभूत | कक्षा १-३ | ५ देखि ७ | तह १ |
| | कक्षा ४-५ | ८ देखि ९ वर्षसम्म | तह २ |
| | कक्षा ६-८ | १० देखि १२ वर्षसम्म | तह ३ |
| माध्यमिक | कक्षा ९-१० | १३ देखि १४ वर्षसम्म | तह ४ |
| | कक्षा ११-१२ | १५ देखि १६ वर्षसम्म | तह ५ |

## ८ विद्यालय शिक्षाको पाठ्यक्रम संरचना

विद्यालय तहको पाठ्यक्रम संरचना निम्नानुसार रहेको छ :

**तालिका २ : प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम संरचना**

| क्र.सं. | सिपका क्षेत्रहरू | सिपहरू | वार्षिक समय (घण्टामा) |
|---|---|---|---|
| १ | १ आधारभूत सिप सिकाइका क्षेत्र | (क) शारीरिक सिप<br>(ख) संवेगात्मक सिप<br>(ग) सामाजिक, सांस्कृतिक र नैतिक सिप<br>(घ) बौद्धिक तथा मानसिक सिप<br>(ङ) स्वास्थ्य, पोषण, सुरक्षा र वातावरण सिप<br>(च) सिर्जनात्मक सिप | ३८४ |
| २ | २ विषयगत सिप सिकाइका क्षेत्र | (क) भाषिक सिप<br>(ख) पूर्वगणितीय सिप<br>(ग) दृश्यकला, कार्यतरिका र सिर्जनशीलता<br>(घ) वरपरको वातावरण<br>(ङ) सामाजिक सिप | |
| जम्मा | | | ५७६ |

(उपर्युक्त तालिकामा उल्लिखित क्रियाकलाप र समयबाहेक मनोरञ्जन क्रियाकलाप, बाह्य खेल र आराम गर्ने समय गरी कम्तीमा दैनिक १ घण्टाका दरले वर्षभरिमा २५६ घण्टासम्म वार्षिक समय थप हुनसक्ने छ ।)

### आधारभूत शिक्षा (कक्षा १-३) को पाठ्यक्रम संरचना

**तालिका ३ : आधारभूत शिक्षा (कक्षा १-३) को पाठ्यक्रम संरचना**

| क्र.सं. | विषयसम्बन्धी क्रियाकलाप | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १ | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप(नेपाली) | ५ | १६० |
| २ | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (अङ्ग्रेजी) | ४ | १२८ |
| ३ | गणितीय सिप विकाससम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ४ | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षासम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ५ | सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ६ | मातृभाषिक सिप/ स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप | ५ | १२८ |
| जम्मा | | २६ | ८३२ |

(पठनपाठन सञ्चालनका लागि उपयोग भएको ३२ घण्टाको समयावधिलाई १ पाठ्यघण्टा मानिएको छ।)

### आधारभूत शिक्षा (कक्षा ४-५) को पाठ्यक्रम संरचना

**तालिका ४ : आधारभूत शिक्षा (कक्षा ४-५) को पाठ्यक्रम संरचना**

| क्रस. | विषय | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १ | नेपाली | ५ | १६० |
| २ | अङ्ग्रेजी | ५ | १६० |
| ३ | गणित | ५ | १६० |
| ४ | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५ | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६ | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७ | मातृभाषा/स्थानीय विषय | ४ | १२८ |
| जम्मा | | ३२ | १०२४ |

उल्लिखित संरचनाका आधारमा पाठ्यक्रम निर्माण गर्दा निम्नलिखित पक्षहरू समावेश गरिने छ :

### आधारभूत शिक्षा (कक्षा ६-८) को पाठ्यक्रम संरचना

**तालिका ५ : आधारभूत शिक्षा (कक्षा ६-८) को पाठ्यक्रम संरचना**

| क्र.सं. | साधारण | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १ | नेपाली | ५ | १६० |
| २ | अङ्ग्रेजी | ५ | १६० |
| ३ | गणित | ५ | १६० |
| ४ | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५ | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |

| | | | |
|---|---|---|---|
| ६ | स्वास्थ्य तथा शारीरिक शिक्षा | ३ | ९६ |
| ७ | मातृभाषा स्थानीय विषय वा संस्कृत भाषा | ४ | १२८ |
| | जम्मा | ३२ | १०२४ |

द्रष्टव्यः स्थानीय विषय अन्तर्गत मातृभाषा, स्थानीय कला, संस्कृति, ज्ञान, सिप, प्रविधि, पेसा तथा व्यवसाय अभिमुखीकरणसम्बन्धी विषयवस्तुसमेत समेट्न सकिने छ।

## ९. स्थानीय पाठ्यक्रमको तहगत सक्षमता

### १. कक्षा १-३ को तहगत सक्षमता

I. स्थानीय प्रमुख धार्मिक,ऐतिहासिक र प्राकृतिक स्थानहरूको सामान्य चिनारी र संरक्षणमा सहयोग,
II. स्थानीय आर्थिक क्रियाकलापको पहिचान र श्रमको सम्मान,
III. समुदायमा आफ्नो अधिकार र कर्तव्यको जानकारी, सामाजिक शिष्टाचार तथा नियमहरूको पालना,
IV. स्थानीय सामाजिक सांस्कृतिक सम्पदाहरूको पहिचान,संरक्षण र उपयोग,
V. स्थानीय भूगोल, मौसम,घटनाप्रति सचेतना,सावधानी तथा सुरक्षित,
VI. स्थानीय स्तरमा दैनिक प्रयोग  हुने सामानको पहिचान र प्रयोग,
VII. स्थानीय स्तरको खेलकुद र योगमा स्वअभ्यास क्रियाकलापको पहिचान र सहभागी,
VIII. स्थानीय भाषाहरूको आधारभूत शाब्दिक ज्ञानको विकास र प्रयोग,

### २. कक्षा ४-५ को तहगत सक्षमता

I. स्थानीय भौगोलिक अवस्था, प्राकृतिक स्रोत र विपद् व्यवस्थापनका उपायहरूको बोध गरी त्यसप्रति सावधानी र सचेतना,
II. समुदायको आर्थिक गतिविधिको पहिचान र महत्त्व बोध,
III. स्थानीय परिवेश सँग परिचित, सम्मान र समभावको विकास,
IV. स्थानीय पर्यटकीय स्थानहरूको चिनारी,महत्त्वबोध र संरक्षणमा सहयोग,
V. समाजमा आफ्नो अधिकार र कर्तव्यप्रति सचेत, सामाजिक नियमहरूको पालना र शिष्ट सिपको विकास र प्रयोग,
VI. नगरको सामाजिक सांस्कृतिक गतिविधिहरूको पहिचान सम्मान र सहभागी
VII. परम्परागत स्थानीय वस्तुहरूको पहिचान, महत्त्ववोध र संरक्षण
VIII. स्थानीय स्तरको खेलकुद र योगमा स्वअभ्यास क्रियाकलापको पहिचान र स्वस्थ सहभागी,
IX. स्थानीय भाषाहरूको आधारभूत शाब्दिक ज्ञानको विकास र प्रयोग।

### ३. कक्षा ६-८ को तहगत सक्षमता

I. सामाजिक एकताको भावना विकास,
II. स्थानीय भौगोलिक, प्राकृतिक स्रोत र सम्पदाको पहिचान,संरक्षण र सम्बर्द्धनमा सहभागी,

III. जोखिम न्यूनीकरणका लागि विपद्को पहिचान,व्यवस्थापनप्रति सचेतना र सुरक्षा उपाय अवलम्बन,

IV. नगरको सामाजिक, सांस्कृतिक र धार्मिक सहिष्णुताको पहिचान,संरक्षण,सम्बर्द्धन र उपयोग,

V. नगरपालिका क्षेत्रको आर्थिक क्रियाकलापहरूको पहिचान,महत्त्वबोध र सहभागी,

VI. स्थानीय व्यापारिक,ऐतिहासिक,धार्मिक तथा पर्यटकीय स्थलहरूको पहिचानर संरक्षणमा सहयोग,

VII. आफ्नो समाजमा लोकतान्त्रिक मूल्यमान्यताको अवलम्बन,विविधताको पहिचान, सम्मान,सामाजिक शिष्टाचार तथा नियमहरूको पालना,

VIII. परम्परागत स्थानीय मौलिक कला, संस्कृतिहरूको संरक्षण र प्रवर्द्धनमा योगदान,

IX. दैनिक व्यवहारमा स्थानीय मातृभाषाको सामान्य प्रयोग,

X. दैनिक व्यावहारिक जीवनमा आइपर्ने सामान्य समस्याहरूको पहिचान,विश्लेषण तथा समाधान,

XI. स्वस्थ्य जीवन यापनका लागि  खेलकुद र योगको महत्त्व र उपयोग।

## १०. कक्षागत सिकाइ उपलब्धिः

### कक्षा १

I. आफू बसेको स्थानको टोल,गाउँ वा सहरको नाम बताउन,

II. नगरपालिकाको प्रमुख पाँच स्थानहरूको नाम बताउन,

III. प्राकृतिक स्रोतहरू चिन्न र नाम भन्न,

IV. नगरकपालिकाको नाम र आफ्नो वडा नम्बर पहिचान गर्न,

V. जन्मदर्ता गर्ने स्थान चिन्न,

VI. वडा कार्यालय र वडाध्यक्षको पहिचान गर्न,

VII. आदरार्थी शब्द भन्न र राम्रो व्यवहार प्रयोग गर्न,

VIII. भान्साका सामानहरूको नाम बताउन,

IX. नगरको वनभोज स्थलहरूको नाम बताउन,

X. कक्षा र घरको सरसफाइमा सहयोग गर्न,

XI. योगको सामान्य ध्यान आसन अभ्यास गर्न,

XII. आफ्नो टोलबासीले गर्ने मुख्य काम र पेसाहरू पहिचान गर्न,

XIII. सामानहरू किनबेच गर्ने स्थान पहिचान गर्न,

XIV. स्थानीय विपद्का घटनाहरू चिन्न,

XV. जङ्गली जनावरको नाम भन्न र तिनीहरूबाट सावधानी अपनाउन,

XVI. मातृभाषामा १ देखि ५ सम्म गन्न,

XVII. मातृभाषामा शरीरका ५ अङ्गहरूको नाम भन्न,

XVIII. मातृभाषामा घरायसी नाता सम्बन्ध र अभिवादनका सामान्य आदरार्थी प्रयोग गर्न।

कक्षा २

I. आफ्नो समुदायमा रहेको सार्वजनिक स्थलहरू चिन्ने,
II. आफ्नो छिमेकी गाउँ सहरहरूको नाम बताउन,
III. समुदायको प्राकृतिक स्रोतहरूको नाम बताउन,
IV. नगरभित्र रहेको वडाको सङ्ख्या, नगर प्रमुख र उपप्रमुखको पहिचान गर्न,
V. जन्मदर्ता प्रमाणपत्र पहिचान गर्न,
VI. साथीसँग मिलेर बस्न, आदर सम्मान र सहयोग गर्न,
VII. घरमा भएका परम्परागत र नयाँ प्रविधिका सामानहरूको पहिचान गर्न,
VIII. काममा प्रयोग हुने परम्परागत सामग्रीको पहिचान गर्न,
IX. ऐतिहासिक स्थानको नाम भन्न र तिनमा पाइने मुख्य वस्तुहरूको नाम बताउन,
X. विद्यालयको सरसफाइमा योगदान गर्न,
XI. स्थानीय खानाहरूको नाम बताउन,
XII. योग आसन र प्राणायम पहिचान गर्न,
XIII. कृषि पेसामा गरिने कामहरूको पहिचान गर्न,
XIV. हाट बजारका नाम र व्यापारिक कामहरूको पहिचान गर्न,
XV. खोला,बाढी र पहिरोबाट हुने विपद्को पहिचान गर्न,
XVI. वन्यजन्तुको आक्रमणबाट सावधानी अपनाउन,
XVII. सडक प्रयोग गर्दा आवश्यक सावधानी अपनाउन,
XVIII. मातृभाषामा अभिवादन र साइनो सम्बन्धका आदरार्थी शब्दहरूको प्रयोग गर्न,
XIX. मातृभाषामा १ देखि १० सम्म गन्न ।

कक्षा ३

I. नगरपालिकको सामान्य परिचय दिन,
II. नगरको प्राकृतिक स्रोतहरूको पहिचान र सूची तयार गर्न,
III. स्थानीय सरकारको परिचय दिन,
IV. व्यक्तिगत घटना दर्ताका कार्यहरूको सूची बनाउन,
V. सामाजिक सहयोग,सद्भाव, मेलमिलाप, शिष्ट व्यवहारर आपसी सम्मान गर्न,
VI. समाजका उपयोगी मान्यता पहिचान गरी विद्यार्थीको कर्तव्य पहिचान गर्न,
VII. परम्परागत प्रविधि तथा सामान र आधुनिक प्रविधिको सामान्य तुलना गर्न,
VIII. परम्पारगत गीत बाजाको पहिचान गर्न,
IX. स्थानीय प्रमुख स्थानहरूको परिचय दिन,
X. सरसफाइका आधारभूत पक्षको पहिचान गरी सहभागी हुन,
XI. पोषणको स्थानीय स्रोतको सूची बनाउन,

XII. खेलहरूको पहिचान र स्वस्थ सहभागी हुन,

XIII. सामान्य योग आसन, भास्तृकाको अभ्यास गर्न,

XIV. स्थानीय कृषि उत्पादनको सूची तयार गर्न,

XV. पर्यटकको पहिचान गर्न,

XVI. विपद्को कारणको पहिचान गर्न र मौसम तथा भौगोलिक अवस्थाबाट सचेत रहन,

XVII. सुरक्षा निकायको पहिचान गर्न,

XVIII. आफ्नो समुदायका जातजातिले प्रयोग गर्ने मौलिक पोसाक पहिचान गर्न सम्मान गर्न,

XIX. साइनो सम्बन्धका सामान्य र आदरार्थी शब्दहरूको प्रयोग,

XX. मातृभाषामा १ देखि २० सम्म गन्न ।

कक्षा ४

I. नगरपालिकाको शैक्षिक एवम् प्रशासनिक अवस्था पहिचान गर्न,

II. नगरको प्रमुख प्राकृतिक स्रोतको नाम बताउन,

III. समुदायमा वन र खोलाको सकारात्मक योगदान बताउन,

IV. वडा कार्यालयबाट पाइने मुख्य मुख्य सेवाहरूको नाम बताउन,

V. व्यक्तिगत घटना दर्ताको सामान्य प्रक्रिया बताउन,

VI. वडामा भएका विकासका कामको उदाहरण बताउन,

VII. समाजका असल सामाजिक मूल्यमान्यताहरू व्यवहारमा प्रयोग गर्न,

VIII. असल कार्यको अभ्यास गर्न,

IX. आफ्नो कर्तव्यपहिचान र निर्वाह गर्न,

X. लैङ्गिक समानताको भावना विकास गर्न,

XI. विभिन्न सामाजिक संस्कारहरूको सूची तयार गर्न,

XII. परम्परागत र आधुनिक प्रविधिहरूको तुलना र प्रयोग गर्न,

XIII. प्रमुख पर्यटकीय स्थानहरूको परिचय दिन,

XIV. स्वास्थ्यका लागि सरसफाइ, पोषण र योगको आवश्यकता बताउन,

XV. नगरको प्रमुख आर्थिक क्रियाकलापको सूची तयार गर्न,

XVI. विपद्का कारणहरू पहिचान गर्न,

XVII. सुरक्षित रहनका लागि गर्नु पर्ने कार्यहरूको सूची तयार गर्न,

XVIII. स्थानीय भाषामा आधारभूत शब्दहरू भन्न,

XIX. स्थानीय खाना तथा मौलिक वस्तुको सूची तयार गर्न।

XX. स्थानीय मातृभाषामा १ देखि ३० सम्म गन्न,

कक्षा ५

I. लेटाङ नगर स्थापनाको ऐतिहासिक पृष्ठभूमि बताउन,
II. लेटाङ नगरको परिचय दिन,
III. उपयोगी प्राकृतिक स्रोत र वस्तुको सूची तयार गर्न,
IV. प्राकृतिक स्रोतको संरक्षणमा योगदान गर्न,
V. स्थानीय सरकारको अङ्गहरूको सूची तयार गर्न,
VI. व्यक्तगत घटना दर्ताको महत्त्व बताउन,
VII. असल नागरिकको आधार तयार गर्न,
VIII. परम्परागत र आधुनिक प्रविधिहरूको तुलना गर्न,
IX. परम्परागत संस्कारहरूको पहिचान र सही सदुपयोग गर्न,
X. पर्यटकीय क्षेत्रको अवस्था चर्चा गर्न,
XI. पर्यटकीय क्षेत्रको विकासको अवस्था पहिचान गर्न,
XII. लेटाङको पर्यटकीय क्षेत्रको औचित्य पहिचान गर्न,
XIII. पोषणको अभाव, स्थानीय स्रोत र स्थानीय व्यवस्थापनको उपयाहरू बताउन,
XIV. खेलकुद र योगको उचित अभ्यास गर्न,
XV. कृषि, व्यापर र सहकारीको उपयोगिता बताउन,
XVI. विपद् पूर्व सावधानीका उपायहरू पहिचान र उपयोग गर्न,
XVII. समाजिक सञ्जालको प्रयोग र अन्य सञ्चारको समुचित प्रयोग गर्ने उपायहरू सूची तयार गर्न,
XVIII. स्थानीय मातृभाषामा आधारभूत शाब्दिक ज्ञान राख्न र प्रयोग अभ्यास गर्न,
XIX. शुभकामना र आदरार्थी शब्दहरूको पहिचान र प्रयोग गर्न,
XX. मातृभाषामा १ देखि ५० सम्म गन्तीका शब्दहरू भन्न ।

कक्षा ६

i. नगरपालिकाको परिचय दिन,
ii. नगरको भौगोलिक अवस्थिति बताउन,
iii. प्राकृतिक स्रोतको उचित उपयोग गर्ने उपायहरूको सूची तयार गर्न,
iv. नदीजन्य वस्तुको दिगो उपयोगको आवश्यकता बताउन,
v. नगर सभा र कार्यपालिका गठन प्रकृया बताउन,
vi. नगर कार्यपालिकाको कर्मचारी प्रशासनको कार्यहरू पहिचान गर्न,
vii. नगरपालिकामा सरकारी सेवा प्रवाह गर्ने केन्द्रहरूको सूची बनाउन,
viii. असल मूल्य मान्यताको पहिचान र सम्मान गर्न,
ix. सहिष्णुता,समानुभूति र सहानुभूतिका व्यवहार देखाउन,
x. सार्वजनिक स्थल र सम्पतिको सुरक्षामा आफ्नो जिम्मेवारीको सूची तयार गर्न,

xi. मौलिक संस्कृतिहरूको पहिचान र सम्मान गर्न
xii. परम्परागत संस्कृति र उपयोगी संस्कारहरूको पहिचान र संरक्षण गर्न,
xiii. स्थानीय स्तरका परम्परागत र नयाँ प्रविधिको तुलना गर्न,
xiv. राजारानी क्षेत्रको जैविक वस्तुहरूको सूची बनाउन,
xv. पर्यटकीय स्थलहरूको संरक्षण र सुधारका कार्यहरूको सूची तयार गर्न,
xvi. नगर क्षेत्रको सरसफाइका क्रियाकलापहरू पहिचान गर्न
xvii. पोषणको स्रोतहरूको उचित प्रयोग गर्न,
xviii. खेलकुद र योगमा नियमपूर्वक सहभागी हुन,
xix. लेटाङको मुख्य मुख्य आर्थिक क्रियाकलापहरूको सूची तयार गर्न,
xx. सहकारीले व्यक्ति र समुदायमा पुऱ्याएको योगदान बताउन,
xxi. स्थानीय वनमा पाइने उपयोगी वनस्पतिहरूको पहिचान गर्न,
xxii. प्राकृतिक स्रोतको अधिक प्रयोगबाट हुने नकारात्मक असरको सूची बनाउन,
xxiii. विपद्बाट बच्ने उपायहरूको खोजी र प्रयोग गर्न,
xxiv. हिंसारहित समाजको लागि गर्नुपर्ने कामको सूची तयार गर्न,
xxv. स्थानीय मातृभाषाको आधारभूत शब्दहरूको ज्ञान र प्रयोग गर्न,
xxvi. स्थानीय भाषामा १ देखि ७० सम्म गन्ती गर्न,
**xxvii.** स्थानीय मातृभाषाका शब्दहरू लिङ्ग र कालअनुसार विभाजन गर्न।

कक्षा ७

i. नगरको भौगोलिक अवस्थिति र जनजीवनको परिचय दिन,
ii. प्राकृतिक स्रोतको दिगो उपयोगमा योगदान गर्न,
iii. स्रोत संरक्षणमा स्थानीय सरकारको भूमिका पहिचान गर्न,
iv. सुनाखरी,ताल,झरना, नदी, खोला र वनको महत्त्व पहिचान गर्न,
v. स्थानीय सरकारको तीनै अङ्गको कार्यहरूको सूची बनाउन,
vi. स्थानीय सरकारका कर्मचारीहरूको मुख्य मुख्य कार्यहरूको सूची तयार गर्न,
vii. स्थानीय सरकार अन्तर्गत निकायहरूबाट पाइने सेवाहरू बताउन,
viii. समाजमा शान्ति र विकास गर्नका लागि आवश्यक कार्यहरूको सूची तयार गर्न,
ix. अन्तर वैयक्तिक क्षमता पहिचान र विकासमा सक्रिय रहन,
x. सकारात्मक व्यवहारको पहिचान र प्रयोग गर्न,
xi. मौलिक कला र संस्कारको पहिचान, उपयोग र संरक्षणमा योगदान गर्न,
xii. लेटाङ नगरपालिकाको मौलिक पक्षको पहिचान गरी विकास गर्न,
xiii. दैनिक जीवनमा प्रयोग हुने परम्परागत र आधुनिक प्रविधिको तुलना र प्रयोग गर्न,
xiv. पर्यटकीय महत्त्वका प्रमुख स्थानहरूको महत्त्व व्याख्या गर्न,

xv. पोषणका विविध स्रोतको पहिचान गरी उपयोग गर्न,

xvi. स्वास्थ्य र गरिबीबिचको सम्बन्ध पहिचान गर्न,

xvii. खेलकुद र योग अभ्यासमा नियमपूर्वक सहभागी हुन,

xviii. मानव जीवनमा खेलकुद र योगको महत्त्व व्याख्या गर्न,

xix. कृषि र पशुपन्छी उत्पादन वृद्धिका उपायहरू बताउन

xx. हाट बजार विकासको फइदाहरू बताउन,

xxi. दैनिक व्यवहारमा सहकारीको फाइदा बताउन,

xxii. स्थानीय जडीबुटिको पहिचान गर्न,

xxiii. विपद् , दुर्व्यवहार र लागु पदार्थ दुर्व्यसनीबाट बच्ने उपायहरू बताउन,

xxiv. सञ्चारका साधनहरूको उचित प्रयोग गर्न,

xxv. मातृभाषामा १ देखि ९० सम्म गन्ती गर्न,

xxvi. मातृभाषाको आधारभूत शब्दहरूको जानकारी र प्रयोग गर्न,

xxvii. मातृभाषा संरक्षण र विकासको फाइदाहरू बताउन ।

कक्षा ८

I. लेटाङको भौगोलिक अवस्थिति र जनजीवन तुलना गर्न,

II. हाम्रो विकासको पूर्वाधारको अवस्था व्याख्या गर्न,

III. प्राकृतिक स्रोतको संरक्षणको विविध पक्षको भूमिका वर्णन गर्न,

IV. प्राकृतिक स्रोतको दिगो उपयोगको अर्थ बताउन,

V. नगर सभाको कार्यहरू बताउन,

VI. नगरको सन्तुलित विकासका योजना पहिचान गर्न,

VII. नागरिक वडापत्रको उपयोग बताउन,

VIII. नगरपालिकाको स्वास्थ्य संस्थाबाट पाइने सेवाहरूको वर्णन गर्न,

IX. सामाजिक एकताको लागि विविधताको सम्मान गर्न,

X. सकारात्मक समाजिक मूल्य तथा मान्यताहरूको सम्मान गर्न,

XI. आफ्नो क्षमताको विकास गर्न तत्परता देखाउन,

XII. मौलिक कला संस्कृतिको पहिचान र सम्मान गर्न,

XIII. विविध क्षेत्रमा प्रयोग भैरहेको परम्परागत र आधुनिक प्रविधिको तुलनात्मक व्याख्या गर्न,

XIV. मौलिक परिकारका प्रविधिको व्याख्या गर्न,

XV. ऐतिहासिक र महत्त्वपूर्ण स्थानको विविध फाइदाहरू व्याख्या गर्न,

XVI. ऐतिहासिक र प्राकृतिक सम्पदाको संरक्षणका उपायहरू पहिचान गरी अवलम्बन गर्न,

XVII. पर्यटनका क्षेत्रहरूको अवस्था व्याख्या गर्न,

XVIII. पर्यटन विकासमा सरकार र निजी क्षेत्रको भूमिका सूचीकृत गर्न,

XIX. सरसफाइ र स्वस्थ वातावरणको व्यवस्थापनमा योगदान गर्न,

XX. पोषणका स्थानीय स्रोतको उपयोग र फाइदा व्याख्या गर्न,

XXI. स्वास्थ्य र गरिबीको अन्तर सम्बन्ध देखाउन,

XXII. योग र खेलहरूमा नियम पालना गरी सहभागी हुन,

XXIII. योग, खेल र शिक्षाको महत्त्व व्याख्या गर्न,

XXIV. लेटाङको आर्थिक क्रियाकलापको व्याख्या गर्न,

XXV. लेटाङको विकासमा सहकारी सङ्घसंस्थाको योगदानको व्याख्या गर्न,

XXVI. विपद्का घटनाबाट सुरक्षित रहने उपायहरू बताउन,

XXVII. विपद्का कारणहरू पहिचान गरी न्यूनीकरणमा योगदान गर्न,

XXVIII. सुरक्षाका विविध उपायहरू बताउन र अवलम्बन गर्न,

XXIX. मातृभाषामा १ – १०० सम्म गन्ती गर्न,

XXX. मातृभाषाको आधारभूत शब्दहरूको ज्ञान र प्रयोग गर्न,

XXXI. मातृभाषा संरक्षणमा स्थानीय समुदाय र सरकारको भूमिका वर्णन गर्न,

XXXII. मातृभाषाको महत्त्वहरू पहिचान गरी संरक्षणमा योगदान गर्न ।

## ११. विषयवस्तुको क्षेत्र

**तालिका ६: हाम्रो लेटाङ ( Our Letang ) विषयमा समावेश हुने विषयवस्तुको क्षेत्र र पाठ्यघण्टा:**

| क्र.सं./ एकाइ | विषयको क्षेत्र | कक्षागत वार्षिक कार्यघण्टा | | |
|---|---|---|---|---|
| | | कक्षा १-३ | कक्षा ४-५ | कक्षा ६-८ |
| १ | लेटाङको परिचय | १५ | १० | १० |
| २ | लेटाङको प्राकृतिक स्रोतहरू | १५ | १५ | १५ |
| ३ | हाम्रो स्थानीय सरकार | १५ | १५ | १५ |
| ४ | हाम्रो स्थानीय मूल्य, मान्यता र दायित्त्वहरू | १५ | १२ | १२ |
| ५ | हाम्रो कला, संस्कृति र प्रविधिहरू | १५ | १० | १० |
| ६ | लेटाङको ऐतिहासिक सम्पदा र पर्यटकीय स्थल | १५ | १२ | १२ |
| ७ | सरसफाइ, पोषण, योग र खेलकुद | १५ | १२ | १२ |
| ८ | लेटाङको आर्थिक क्रियाकलाप | २० | १५ | १५ |
| ९ | विपद् व्यवस्थापन र सुरक्षा | १५ | १५ | १५ |
| १० | स्थानीय मातृभाषाको अध्ययन | २० | १२ | १२ |

| | | | | |
|---|---|---|---|---|
| | जम्मा वार्षिक कार्यघण्टा | १६० | १२८ | १२८ |
| | पाठ्यघण्टा * | ५ | ४ | ४ |

(*१ पाठ्यघण्टा बराबर ३२ कार्यघण्टा)

(*स्थानीय मातृभाषाको अध्ययन क्षेत्रमा मातृभाषा छनोट गर्दा समुदायमा प्रचलनमा रहेका अधिकांश विद्यार्थीले प्रयोग गर्ने मातृभाषा विद्यालय व्यवस्थापन समितिले छनोट गर्नुपर्ने छ। जुनसुकै मातृभाषा छनौट भए पनि देवनागरी लिपिको प्रयोग गर्नुपर्ने छ)

## १२. शिक्षण सिकाइ सहजीकरण प्रक्रियाः

समुदायमा आधारित विद्यार्थी केन्द्रित र प्रयोगात्मक क्रियाकलाप सञ्चालन गरिने छ। विषय शिक्षक र विषयवस्तुको प्रकृति अनुसार स्थानीय स्रोत व्यक्तिको सहयतामा सिकाइ सहजीकरण गर्ने व्यवस्था गर्नुपर्ने छ।

## १३. विद्यार्थीको उपलब्धि मूल्याङ्कनः

प्रयोगात्मक कार्यबाट ५० प्रतिशत र सैध्दान्तिक परीक्षाबाट ५० प्रतिशत रहने गरी आवधिक मूल्याङ्कन गरी उपलब्धि मापन गरी प्रमाणपत्र दिने व्यवस्था गर्नुपर्ने छ।

# विषयवस्तुको विस्तृतीकरण
# (कक्षा १-३)

## १४. विषयवस्तुको विस्तृतीकरण (कक्षा १-३)

| क्र.स. | विषय | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|---|
| १ | विषयवस्तुको क्षेत्र/एकाइ १ | लेटाङको परिचय | लेटाङको परिचय | लेटाङको परिचय |
| २ | वार्षिक कार्यघण्टाः | १५ | १५ | १५ |
| ३ | विषयवस्तुको विस्तृतीकरण | • हाम्रो टोल र समुदाय<br>• हाम्रो गाउँ र सहरको परिचय | • हाम्रो टोल र समुदाय<br>• हाम्रो गाउँ र सहरको परिचय<br>• हाम्रो छिमेकी गाउँ र सहरको चिनारी | • हाम्रो नगरपालिकाको परिचय<br>• नगरपालिकाको भौगोलिक सिमाना<br>• नगरपालिकाको वडा तथा केन्द्रहरू |
| ४ | क्षेत्रगत सिकाइ उपलब्धि | • आफू वस्ने र विद्यालय रहेको टोलको नाम पहिचान<br>• स्थानीय गाउँ र सहरको नाम पहिचान | • आफू वस्ने टोल र समुदायको परिचय दिन<br>• आफ्नो छिमेकी गाउँ र सहरको पहिचान गर्न | • नगरपालिकाको नाम र केन्द्र बताउन<br>• नगरपालिकाको भौगोलिक सिमाना पहिचान गर्न<br>• नगरपालिकाको वडागत केन्द्रहरूको पहिचान गर्न |
| ६ | मुख्य सिकाइ क्रियाकलाप | • विद्यार्थी वस्ने र विद्यालय रहेको टोल र समुदायको नाम बताईदिने र छलफल गर्ने<br>• स्थानीय टोल र समुदायको नाम सबैले चिन्ने नामबाट बताईदिने<br>• कक्षामा समूहगत विभाजन गरी तिनलाई टोलको नाम दिने/सदन विभाजनको जस्तै टोलको नामहरू राखी अभ्यास गर्ने<br>• सहर र गाउँको नामबाट समूह विभाजन गर्ने | • आफू वस्ने र विद्यालय रहेको टोल वा समुदायको मुख्य खोला, वन जङ्गल, विद्यालयहरू,चर्च,मन्दिर, गुम्वा आदि बताईदिने र चिन्न लगाउने<br>• कक्षामा समूह विभाजन गरी सदन विभाजनको जस्तै समुदायहरूको नाम राखी अभ्यास गराउने<br>• समुदायको मुख्य स्थानहरूको सूची बनाई प्रस्तुत गर्ने र गर्न लगाउने।<br>• छिमेकी गाउँ र सहरको सूची बनाई ती ठाउँको विभिन्न पक्ष ( जाने बाटो, भ्रमण गरेको विषय) मा छलफल गर्ने | • हाम्रो नगरपालिकाको नाम वा परिचय दिँदै केन्द्र र वडाको सङ्ख्या बताउने र तालिका तयार गरी कक्षामा प्रयोग गर्ने र कक्षामा राख्ने व्यवस्था समेत गर्ने<br>• नगरपालिकाको १ देखि ९ सम्मको वडा र तिनको केन्द्रहरूको ठेगाना सहितको तालिकामा देखाउने र केन्द्रहरूको जानकारी गराउने त्यसमा विद्यार्थीले देखेका जानेका ठाउँबाट नचिनेका ठाउँहरू क्रमशः चिनाउने<br>• वडा र नगरपालिकाको केन्द्रको अवस्थिति र भौगोलिक सिमाना बताउने र बाटो तथा सडकको जानकारी गराई सम्भव |

| क्र. स. | विषय | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|---|
| | | • सहर र गाउँको सामान्य फरक बताईदिने र छलफल गर्ने | | भएका सीमा क्षेत्रहरूको क्षेत्र भ्रमण गराउने<br>• नक्सामा वडा र नगरको केन्द्रहरू देखाई स्थान पहिचान गर्न सहयोग तथा छलफल गर्ने। |
| ७ | सम्भावित मूल्याङ्कन प्रक्रिया | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• विषयवस्तुको लिखित मौखिक प्रश्नोत्तर<br>• प्रयोगात्मक कार्यहरू अभिलेख र मूल्याङ्कन गर्ने | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• विषयवस्तुको लिखित मौखिक प्रश्नोत्तर<br>• समुदायको महत्त्वपूर्ण स्थानहरूको नाम लिखित वा मौखिक प्रस्तुत गर्न लगाउने<br>• प्रयोगात्मक कार्यहरू अभिलेख र मूल्याङ्कन गर्ने | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• विषयवस्तुको लिखित मौखिक प्रश्न उत्तर<br>• सडक, सिमाना, वडा र नगरको केन्द्रहरूको नाम अवलोकन भ्रमणको परियोजना कार्यको लिखित वा मौखिक प्रतिवेदन प्रस्तुत गर्न लगाउने,<br>• प्रयोगात्मक कार्यहरू अभिलेख र मूल्याङ्कन गर्ने । |

| क्र. स. | विषय | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|---|
| १ | विषयवस्तुको क्षेत्र/एकाइ २ | **लेटाङको प्राकृतिक स्रोतहरू** | **लेटाङको प्राकृतिक स्रोतहरू** | **लेटाङको प्राकृतिक स्रोतहरू** |
| २ | वार्षिक कार्यघण्टाः | १५ | १५ | १५ |
| ३ | विषयवस्तुको विस्तृतीकरण | • प्राकृतिक स्रोतहरूको चिनारी (पानी, वन जङ्गल, खनिज, जमिन) | • पानी तथा जलस्रोत<br>• वनजङ्गल<br>• खनिज पदार्थ<br>• जमिनको सतहको चिनारी | • जलस्रोतको प्रयोग<br>• स्थानीय वनजङ्गल र वनस्पतिको चिनारी<br>• खनिजपदार्थ<br>• जमिनको सतहको चिनारी |
| ४ | क्षेत्रगत सिकाइ उपलब्धि | • स्थानीय प्राकृतिक स्रोतहरूको पहिचान गर्न | • स्थानीय प्राकृतिक स्रोतहरूको परिचय र विशेषताहरू बताउन | • जलस्रोतको उपयोग बताउन<br>• स्थानीय प्राकृतिक वस्तुहरूको सूचीकरण र साधारण वर्गीकरण गर्न |

| क्र.स. | विषय | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|---|
| ६ | मुख्य सिकाइ क्रियाकलाप | • खानेपानीको मूल/मुहानको विषयमा जानकारी गराई स्थानीय मुहानहरू भनी प्रष्ट पार्ने,<br>• वन जङ्गल बिरूवाहरूको अवलोकन गरी स्थानीय जङ्गलहरूको नाम बताईदिने,<br>• जमिनको सतहको अवस्था अवलोकन गराई मैदान, भिर, कान्ला डाँडाको जानकारी गराउने,<br>• जमिन खनेर प्राप्त गर्न सकिने ढुङ्गा माटो आदि खनिज प्राकृतिक वस्तुहरू चिनाउने। | • विद्यार्थी र विद्यालय रहेको टोल वा समुदायको मुख्य पानी तथा जलस्रोत( खानेपानी, कुलो, खोला, नदी, पोखरी, ताल)स्थानीय स्तरमा जे छ त्यसको जानकारी गराउने,<br>• स्थानीय वनजङ्गलका ठूला रुख र विरुवाहरूको नाम बताई चिनाउने,<br>• आफ्नो क्षेत्रको खनिज (ढुङ्गा, माटो), चिनाउने,<br>• स्थानीय स्तरमा जमिनको सतह (मैदान, भिर,पाखा, डाँडा, कान्ला) जे छ विद्यार्थीलाई अवलोकनबाट चिनाउने। | • स्थानीय स्तरको मुख्य पानी तथा जलस्रोत (खानेपानी, कुलो, खोला, नदी, पोखरी, ताल)को चिनारी गराई यसको उपयोग हुने क्षेत्रहरू छलफल गराउने,<br>• स्थानीय वन(मुख्य रुख र वनस्पतिहरूको) सूची बनाई तिनमा पाइने क्षेत्र छलफल गरी पहिचान गराउने,<br>• लेटाङको स्थानीय क्षेत्रको खनिज (ढुङ्गा, माटो, बालुवा) आदिको परिचय गराई छलफल गर्ने,<br>• जमिनको सतह (समतल, भिरालो, कान्ला, भीर, पाखा, खोँच, गल्छी, डाँडा) मध्ये स्थानीय स्तरको सतहको जानकारी गराउने,<br>• समूहमा आफू बसेको स्थानमा भएको सतहको अवलोकन गरी टिपोट गर्ने वा भन्न लगाउने परियोजना कार्य गराउने। |
| ७ | सम्भावित मूल्याङ्कन प्रक्रिया | • निरन्तर मूल्याङ्कन,<br>• मौखिक प्रश्नोत्तर,<br>• परियोजना कार्य,<br>• समूहकार्य र कक्षा सहभागिता। | • निरन्तर मूल्याङ्कन,<br>• मौखिक परीक्षा,<br>• लिखित परीक्षा,<br>• परियोजना कार्य,<br>• समूहकार्य र कक्षा सहभागिता,<br>• सिर्जनात्मक कार्य। | • निरन्तर मूल्याङ्कन,<br>• मौखिक परीक्षा,<br>• लिखित परीक्षा,<br>• परियोजना कार्य,<br>• समूहकार्य र कक्षा सहभागिता,<br>• सिर्जनात्मक कार्य,<br>• प्रश्नोत्तर र छलफल। |

| क्र. स. | विषय | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|---|
| १ | विषयवस्तुको क्षेत्र/एकाइ ३ | **हाम्रो स्थानीय सरकार** | **हाम्रो स्थानीय सरकार** | **हाम्रो स्थानीय सरकार** |
| २ | वार्षिक कार्यघण्टाः | १५ | १५ | १५ |
| ३ | विषयवस्तुको विस्तृतीकरण | • नगरपालिका<br>• वडा समिति<br>• जन्मदर्ता गर्ने स्थान | • नगरपालिका<br>• वडा समिति<br>• जन्मदर्ताको जानकारी | • स्थानीय सरकारको परिचय<br>• स्थानीय सरकारका पदाधिकारी<br>• व्यक्तिगत घटना दर्ता परिचय |
| ४ | क्षेत्रगत सिकाइ उपलब्धि | • वडा र नगरपालिकाको पहिचान गर्न,<br>• वडा अध्यक्ष र सदस्यको पहिचान गर्न,<br>• जन्म दर्ता गर्ने स्थान पहिचान गर्न। | • नगरपालिका र वडाको पहिचान गर्न,<br>• नगर प्रमुख, उपप्रमुख र वडाका जनप्रतिनिधिहरूको पहिचान गर्न,<br>• जन्मदर्ताको प्रमाणत्रको पहिचान गर्न । | • स्थानीय सरकारको परिचय दिन र वडाबाट हुने सामान्य कामको पहिचान गर्न,<br>• स्थानीय सरकारका पदाधिकारीहरू पहिचान गर्न,<br>• दर्ता गर्नुपर्ने व्यक्तिगत घटनाहरू पहिचान गर्न। |
| ६ | मुख्य सिकाइ क्रियाकलाप | • नगरपालिकाको नाम बताई चिनाउने भन्न सक्ने गरी अभ्यास गराउने,<br>• नगरपालिकाको नक्सा देखाई चिनाउने,<br>• आफू बस्ने वडाको वडा अध्यक्ष र सदस्यहरूको नाम सूची तयार गरी प्रस्तुत गर्ने र सम्भव भए फोटो र नाम सँगै देखाउने,<br>• बालबालीका जन्म भएपछि वडामा जन्म दर्ता गर्नु पर्छ भनी जन्म दर्ताको प्रमाणपत्र देखाई दर्ता गर्ने स्थान वडा कार्यालयको जानकारी गराउने आ | • नगर प्रमुख र उपप्रमुखको पहिचान गराउन नाम र फोटो देखाई चिनाउने,<br>• आफू बसेको वडाको वडाध्यक्ष र सदस्य सङ्ख्या र नाम पहिचान पुनरावलोकन गरी अन्य कुनै वडाको समेत जानकारी गराउने,<br>• नगरपालिकामा रहेका वडाको सङ्ख्या  बताई तालिका बनाई राख्ने,<br>• आफ्नो वडा रहेको क्षेत्र नक्सामा देखाउने,<br>• जन्मदर्ता विद्यालय भर्ना गर्न आवश्यक हुने कुरा उदाहरण सहित जानकारी गराउँदै | • स्थानीय सरकारको रुपमा नगरपालिकाको परिचय गराई सरकार प्रमुख र सदस्यहरूको नाम भन्न र लेख्न अभ्यास गराउने,<br>• वडा कार्यालयबाट हुने सामान्य ५ कामहरूको सूची बनाई पढ्न र लेख्न अभ्यास गराउने,<br>• वडा सङ्ख्या  भन्न लगाई थप जानकारी गराउने,<br>• दर्ता गर्नुपर्ने व्यक्तिगत घटनाहरू (जन्म, विवाह, मृत्यु, बसाँइसराइ, सम्बन्धविच्छेद) हुन् भनी यसको दर्ता वडाको कार्यालयमा दर्ता गराउनु पर्छ भन्ने जानकारी गराउने,<br>• जन्मदर्ताले बालबालीकाको अधिकार प्राप्त गर्न सहज हुने |

| क्र.स. | विषय | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|---|
| | | आफ्नो जन्मदर्ता भए नभएको छलफल गर्ने। | प्रमाणपत्र देखाई चिनाउने। | कुरा विद्यालय भर्ना हुन,खोप लगाउन, स्वास्थ्य उपचार गर्न सरकारी काममा प्रयोग हुने कुराको जानकारी गराई महत्त्व बताउने । |
| ७ | सम्भावित मूल्याङ्कन प्रक्रिया | • निरन्तर मूल्याङ्कन,<br>• मौखिक प्रश्नोत्तर,<br>• परियोजना कार्य,<br>• समूहकार्य र कक्षा सहभागिता। | • निरन्तर मूल्याङ्कन,<br>• मौखिक परीक्षा,<br>• लिखित परीक्षा,<br>• परियोजना कार्य,<br>• समूहकार्य र कक्षा सहभागिता,<br>• सिर्जनात्मक कार्य। | • निरन्तर मूल्याङ्कन,<br>• मौखिक परीक्षा,<br>• लिखित परीक्षा,<br>• परियोजना कार्य,<br>• समूहकार्य र कक्षा सहभागिता,<br>• सिर्जनात्मक कार्य,<br>• प्रश्नोत्तर र छलफल। |

| क्र.स. | विषय | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|---|
| १ | विषयवस्तुको क्षेत्र/एकाइ ४ | **हाम्रो स्थानीय मूल्य, मान्यता र दायित्त्वहरू** | **हाम्रो स्थानीय मूल्य, मान्यता र दायित्त्वहरू** | **हाम्रो स्थानीय मूल्य, मान्यता र दायित्त्वहरू** |
| २ | वार्षिक कार्यघण्टाः | १५ | १५ | १५ |
| ३ | विषयवस्तुको विस्तृतीकरण | • हाम्रो सम्बन्ध र सहयोग<br>• आदर र सम्मान<br>• असल व्यवहारहरूको जानकारी | • हाम्रो सम्बन्ध र सहयोग<br>• आदर र सम्मान<br>• असल व्यवहारहरूको जानकारी | • हाम्रो सम्बन्ध र सहयोग<br>• समाजका उपयोगी परम्परागत मान्यताहरू<br>• हाम्रो कर्तव्यहरू |
| ४ | क्षेत्रगत सिकाइ उपलब्धि | • व्यक्तिगत सम्बन्ध र सहयोगको व्यवहार बताउन<br>• आदर सम्मान र स्नेहका शब्दहरू भन्न<br>• असल व्यवहारहरू भन्न | • सामाजिक सम्बन्ध र सहयोग विकास गर्न<br>• आदरार्थी (आदर, सम्मान र स्नेहका) शब्दहरू अवस्थाअनुसार प्रयोग गर्न<br>• असल मान्यताहरूको प्रयोग गर्न | • सामाजिक सम्बन्ध र सहयोगमा असल व्यवहार प्रदर्शन गर्न<br>• समाजका उपयोगी मान्यता र चलनहरूको पहिचान गर्न<br>• विद्यार्थीको मूल कर्तव्य पहिचान गरी भूमिका निर्वाह गर्न |
| ६ | मुख्य सिकाइ क्रियाकलाप | • घर र विद्यालयमा बुबा, आमा, शिक्षक र साथीसँगको नाता र आपसी सम्बन्धहरू | • शिक्षक विद्यार्थी साथीहरूबिचको राम्रो सम्बन्धको जानकारी | • राम्रो सम्बन्ध बनाउन व्यक्तिले गर्नुपर्ने कामहरूको जानकारी गराउन सूची तयार गरी छलफल गराउने, |

| क्र.स. | विषय | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|---|
| | | बताईदिने र सहयोग आदान प्रदानको कुराहरू उदाहरणबाट प्रस्तुत गर्ने,<br>• सहयोग र सहयोगी कामको कथा र उदाहरण प्रस्तुत गरी जानकारी गराउने,<br>• आदर र सम्मानमा प्रयोग हुने शब्दहरू (तपाइँ, हजुर,...) चिनाउने र प्रयोगको अभ्यास गर्ने,<br>• आदर, माया गर्ने सहयोग गर्ने सत्कारका असल व्यवहार भएका मानिसको कथा उदाहरण बताउने। | गराई उदाहरण दिने र भन्न लगाउने।<br>• समाज र विद्यालयमा राम्रो सम्बन्ध र नमूनाहरू सुनाउने र यसबाट हुने मेलमिलाप, सहयोग जस्ता फाइदाहरूको छलफल गर्ने।<br>• पढाइ, घरायसी काम, अप्ठ्यारो अवस्थाबाट पार पाउन सहयोगी व्यवहारले गरेको योगदानहरूका कथा, घटनाहरू बताएर सहयोगी भावनाको विकास गर्ने।<br>• आदरार्थी (अपाङ्गता भएका व्यक्तिहरू समेतको) शब्दहरू अवस्थाअनुसार प्रयोग गर्न सूची बनाई कक्षामा प्रस्तुत गरी पढ्न र भन्न अभ्यास गर्ने,<br>• राम्रा मान्यता जानकारी गराउने। साँचो बोल्नु पर्ने, कमजोरलाई सहयोग गर्नु, अरुको सम्मान गर्नु, चोरे पाप लाग्छ, ईश्वरले सबैकुरा देख्छन् भन्ने जस्ता हाम्रा मान्यताहरू बताईदिने। | • आपसी सहयोगको उदाहरण दिँदै यसका मिलेर गारो काम गर्न सकिने जस्ता फाइदाहरू छलफल गर्ने एवम् सहयोगी भावनाको विकासमा सहयोग गर्ने,<br>• हाम्रा घर समुदायको परम्परागत उपयोगी मान्यता र व्यवहारहरू(चुलो लोट्ने, शरीर स्वास्थ राख्न तेल लगाउने, पर्म लगाउने, सापटी र पैँचो चलाउने बाटो सफा गर्ने चौतारो बनाउने, बर पिपल रोप्ने नदीमा फोहोर नगर्ने, बिहान स्नान गर्ने) चर्चा गरी सरसफाइ र स्वास्थ्यमा यसको फाइदाहरू छलफल गर्ने,<br>• समाजमा काम लाग्ने पुराना मान्यताहरू जस्तै साँचो बोल्नु पर्ने, कमजोरलाई सहयोग गर्नु, अरुको सम्मान गर्नु, चोरे पाप लाग्छ, ईश्वरले सबैकुरा देख्छन् जस्ता कुराको जानकारी गराउने।<br>• विद्यार्थीको प्रमुख दायित्त्व राम्रोसँग पढ्ने लेख्ने र सिक्ने, गुरू र साथीको आदर गर्ने कुराहरूको जानकारी गराई कर्तव्य पूरा गर्न प्रेरित गर्ने। |
| ७ | सम्भावित मूल्याङ्कन प्रक्रिया | • निरन्तर मूल्याङ्कन<br>• मौखिक प्रश्नोत्तर<br>• परियोजना कार्य | • निरन्तर मूल्याङ्कन<br>• मौखिक परीक्षा<br>• लिखित परीक्षा<br>• परियोजना कार्य | • निरन्तर मूल्याङ्कन<br>• मौखिक परीक्षा<br>• लिखित परीक्षा<br>• परियोजना कार्य |

| क्र.स. | विषय | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|---|
| | | • समूहकार्य र कक्षा सहभागिता। | • समूहकार्य र कक्षा सहभागिता<br>• सिर्जनात्मक कार्य। | • समूहकार्य र कक्षा सहभागिता<br>• सिर्जनात्मक कार्य<br>• प्रश्नोत्तर र छलफल। |

| क्र.स. | विषय | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|---|
| १ | विषयवस्तुको क्षेत्र/एकाइ ५ | **हाम्रा कला, संस्कृति र प्रविधिहरू** | **हाम्रा कला, संस्कृति र प्रविधिहरू** | **हाम्रा कला, संस्कृति र प्रविधिहरू** |
| २ | वार्षिक कार्यघण्टाः | १५ | १५ | १५ |
| ३ | विषयवस्तुको विस्तृतीकरण | • भान्सामा प्रयोग हुने परम्परागत सामग्री र कला<br>• परम्पारगत सामग्रीको बनावट<br>• जन्म दिन | • घरमा प्रयोग हुने परम्परागत सामग्री प्रविधि र कला<br>• परम्परागत पेसा र सामग्रीको उपयोग<br>• अतिथि सम्मान<br>• हाम्रा चाडपर्वहरू | • परम्परागत कला र वस्तु<br>• परम्परागत पोशाक<br>• परम्पारगत प्रविधिहरू<br>• हाम्रा चाडपर्वहरू<br>• परम्परागत प्रविधि |
| ४ | क्षेत्रगत सिकाइ उपलब्धि | • भान्सामा दैनिक उपयोग हुने परम्परागत सामानको नाम बताउन,<br>• परम्परागत सामग्रीको पहिचान गर्न,<br>• जन्मदिनको रमाइलो पक्ष भन्न र सहभागी हुन, | • घरमा प्रयोग हुने परम्परागत सामग्री, प्रविधि र आधुनिक प्रविधिको तुलना गर्न,<br>• परम्परागत पेसा, सामग्रीको उपयोगिताहरू पहिचान गर्न,<br>• अतिथि सम्मान गर्न,<br>• चाडपर्वका रमाइलो पक्ष बताउन, | • हाम्रा परम्परागत कला भएका वस्तुहरू पहिचान गर्न,<br>• आफ्नो समुदायको परम्परागत सांस्कृतिक पोशाकहरू पहिचान गर्न,<br>• यातायात र सञ्चार क्षेत्रका पुराना प्रविधिहरू पहिचान गरी आधुनिक प्रविधिसँग तुलना गर्न,<br>• चाडपर्व र कलात्मक पक्षको पहिचान र प्रयोग गर्न,<br>• सरसफाइ क्षेत्रमा परम्परागत प्रविधिको पहिचान गर्न |
| ६ | मुख्य सिकाइ क्रियाकलाप | • घरमा प्रयोग भइरहेको पुराना सामानहरूको नाम बताई छलफल गर्ने,<br>• विद्यार्थीको घरमा भएका दैनिक प्रयोग हुने | • विद्यार्थीको घरमा भएका दैनिक प्रयोग हुने सामानको सूची बनाई पुराना सामग्री छुट्याउन लगाउने, | • हाम्रा परम्परागत वस्तु(काठको हलो, ठेकी, मदानी, बाँसको सामान, मुढा, टपरी, डोको, डालो, पेरुङ्गो, खुँगी, आरनको |

| क्र.स. | विषय | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|---|
| | | सामानको नाम बताउन लगाउने र परम्परागत सामानको नाम थप स्पष्ट पार्ने चित्रहरू देखाउने,<br>• स्थानीयस्तरमा निर्माण हुने नाङ्लो, डोको डालो आदिको चित्र बनाई पहिचान गर्न लगाउने,<br>• जन्मदिनको गीतहरू गाउने र गाउन लगाउने,<br>• जन्मदिन सम्झन लगाइ तालिका बनाई राख्ने र विद्यार्थीको जन्मदिनमा शुभकामना दिई मनाउन सहजीकरण गर्ने। | • घरको काममा प्रयोग हुने परम्परागत तौर तरिकाहरूको विषयमा छलफल गराई थप खोज्न लगाउने,<br>• परम्परागत सामग्रीहरू बनाउने पेसाहरू खोजी छलफल गर्ने सूची तयार गर्ने,<br>• स्थानीय स्तरमा परम्परागत सिपबाट निर्माण हुने बाँस,काठ,माटो, ढुङ्गा, छाला आदिबाट निर्मित सामग्री वा कल कारखानाको चित्र वा नमूना पहिचान गर्न लगाउने,<br>• चाडपर्व वा सांस्कृतिक कार्यमा सहभागी हुने अतिथिको सम्मान तौर तरिकाहरू प्रस्तुत गरी विद्यार्थीबाट प्रस्तुतीकरण गर्न लगाई छलफल गर्ने। | सामान आदि)को सूची, चित्र वा वस्तु देखाई पहिचान गर्न लगाउने र तिनको आधुनिक र विकसित औजारको जानकारी गराउने,<br>• गाउँका जातिहरूले लगाउने परम्परागत सांस्कृतिक पोशाकको नाम सूची तयार गर्ने फोटो तथा चित्र संकलन गरी कक्षामा प्रदर्शन गरी चिनाउने,<br>• आधुनिक यातायात र सञ्चारको अभावमा गरिने यातायात र सञ्चारको सुविधा तथा साधनहरूको खोजी गरी विभिन्न तरिकाले बताउने यसको विकासक्रम जानकारी गराउने,<br>• चाडपर्व र संस्कारमा हुने गीत, बाजा, नृत्यको भिडीयो नाम प्रस्तुत गरी चिनाउने यसको परम्परागत पक्षको विषयमा छलफल गराउने,<br>• समुदायको फोहोर व्यवस्थापनका पुराना विधि र तौर तरिकाहरू जलाउने, खाल्डोमा जम्मा गरी जलाउने, मल बनाउने जस्ता प्रविधिहरू खोजी जानकारी गराउने र तिनको वर्तमान उपयोग चिनाउने र आधुनिक प्रविधिसँग तुलना गर्ने। |
| ७ | सम्भावित मूल्याङ्कन प्रक्रिया | • निरन्तर मूल्याङ्कन<br>• मौखिक प्रश्नोत्तर<br>• परियोजना कार्य<br>• समूहकार्य र कक्षा सहभागिता | • निरन्तर मूल्याङ्कन<br>• मौखिक परीक्षा<br>• लिखित परीक्षा<br>• परियोजना कार्य | • निरन्तर मूल्याङ्कन<br>• मौखिक परीक्षा<br>• लिखित परीक्षा<br>• परियोजना कार्य |

| क्र.स. | विषय | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|---|
| | | | • समूहकार्य र कक्षा सहभागिता<br>• सिर्जनात्मक कार्य | • समूहकार्य र कक्षा सहभागिता<br>• सिर्जनात्मक कार्य<br>• प्रश्नोत्तर र छलफल |

| क्र. स. | विषय | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|---|
| १ | विषयवस्तुको क्षेत्र/एकाइ ६ | **लेटाङको ऐतिहासिक सम्पदा र पर्यटकीय स्थल** | **लेटाङको ऐतिहासिक सम्पदा र पर्यटकीय स्थल** | **लेटाङको ऐतिहासिक सम्पदा र पर्यटकीय स्थल** |
| २ | वार्षिक कार्यघण्टाः | १५ | १५ | १५ |
| ३ | विषयवस्तुको विस्तृतीकरण | • ऐतिहासिक सम्पदाको परिचय<br>• लेटाङको वनभोज स्थलहरू | • ऐतिहासिक सम्पदाको चिनारी<br>• राजारानी पोखरीको चिनारी<br>• लेटाङको वनभोज स्थलहरू | • जाँतिको ऐतिहासिक परिचय<br>• राजारानी क्षेत्रको ऐतिहासिक परिचय<br>• ऐतिहासिक धार्मिक स्थलहरू<br>• मनोरम प्राकृतिक स्थलहरू |
| ४ | क्षेत्रगत सिकाइ उपलब्धि | • ऐतिहासिक स्थान र क्षेत्रको पहिचान गरी नाम बताउन,<br>• वनभोज स्थलहरूको पहिचान र नाम भन्न, | • स्थानीय ऐतिहासिक सम्पदाहरूको नाम भन्न,<br>• ऐतिहासिक वस्तुको अवस्था बताउन,<br>• वनभोज तथा मनोरञ्जनस्थल चिनाउन, | • जाँतिको ऐतिहासिक परिचय दिन,<br>• राजारानी क्षेत्रको ऐतिहासिक परिचय दिन,<br>• स्थानीय सुन्दर प्राकृतिक स्थान,ऐतिहासिक मन्दिर, चर्च,चौतारो, चोक,खेलमैदान को चिनारी दिन, |
| ६ | मुख्य सिकाइ क्रियाकलाप | • स्थानीय ऐतिहासिक सम्पदाको राजारानी पोखरी, बराहजी मन्दिर, जोर कुप, जाँतो आदि चित्र हेरी पहिचान गर्न फोटो देखाउने स्थलगत भ्रमण गराई सम्पदा चिनाउने,<br>• आफ्नो विद्यालय नजिक पर्ने वनभोजमा | • स्थानीय ऐतिहासिक सम्पदा(नजिकका सबै मन्दिर,राजारानी पोखरी, जाँतिको जाँतो, पुराना कुलो पैनी, उद्योगहरू, लेटाङको पुरानो बिजुली उत्पादन केन्द्र)कोसूची प्रस्तुत गरी छलफल गर्ने तिनको फोटो देखाउने वा स्थलगत भ्रमण गरी यी | • लेटाङको ऐतिहासिक क्षेत्र जाँति र त्यहाँ भएको जाँतोको जानकारी गराई यो लेटाङ ९ मा रहेको र त्यहाँ जाने बाटोको जानकारी गराउने,<br>• राजारानी क्षेत्र र पोखरीको सचित्र परिचय दिने सम्भव भएसम्म स्थलगत अवलोकन गराउने, |

| क्र. स. | विषय | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|---|
| | | जाने स्थानहरू पर्यटकीय क्षेत्रको रुपमा चिनाउँदै भिडियो वा तस्विर प्रर्दशन गरी ठाउँहरूको चिनारी गराउने। | स्थानको जानकारी गराउने,<br>• राजारानी पोखरी रहेको स्थान, जाने बाटोको जानकारी गराई सुनाखरी बोटहरू र उन्यूको चित्र प्रदर्शन गर्दै यसको सुन्दरताको छलफल गर्ने,<br>• स्थानीय वनभोज क्षेत्रहरूको भिडियो वा तस्विर प्रर्दशन गरी विशेषताहरूको सूची बनाई छलफल गर्ने। | • राजारानी पोखरीको पुराना भनाइहरू बताई सामान्य ऐतिहासिक जानकारी दिने,<br>• स्थानीय सुन्दर प्राकृतिक स्थानहरू डाँडा, पोखरी, झरना, खोला आदिको सूची बनाई चिनाउने,<br>• स्थानीय ऐतिहासिक मन्दिर, चर्च, चौतारो,चोक, खेलमैदान जस्ता क्षेत्रको सूची बनाई जानकारी गराउने सबै धार्मिक स्थानहरूको नाम भन्न लगाई र लेख्न सहजीकरण गर्ने। |
| ७ | सम्भावित मूल्याङ्कन प्रक्रिया | • निरन्तर मूल्याङ्कन<br>• मौखिक प्रश्नोत्तर<br>• परियोजना कार्य<br>• समूहकार्य र कक्षा सहभागिता | • निरन्तर मूल्याङ्कन<br>• मौखिक परीक्षा<br>• लिखित परीक्षा<br>• परियोजना कार्य<br>• समूहकार्य र कक्षा सहभागिता<br>• सिर्जनात्मक कार्य | • निरन्तर मूल्याङ्कन<br>• मौखिक परीक्षा<br>• लिखित परीक्षा<br>• परियोजना कार्य<br>• समूहकार्य र कक्षा सहभागिता<br>• सिर्जनात्मक कार्य<br>• प्रश्नोत्तर र छलफल |

| क्र.स. | विषय | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|---|
| १ | विषयवस्तुको क्षेत्र/एकाइ ७ | **सरसफाइ, पोषण, योग र खेलकुद** | **सरसफाइ, पोषण, योग र खेलकुद** | **सरसफाइ, पोषण, योग र खेलकुद** |
| २ | वार्षिक कार्यघण्टाः | १५ | १५ | १५ |
| ३ | विषयवस्तुको विस्तृतीकरण | • विद्यालय र कक्षाकोठा सरसफाइ<br>• खाजा र खानाको जानकारी<br>• स्थानीय बालखेलहरू<br>• योग शिक्षा | • विद्यालय र कक्षाकोठा सरसफाइ<br>• स्थानीय खानाको जानकारी<br>• स्थानीय बाल खेलहरू<br>• योग शिक्षा | • विद्यालय र घरको सरसफाइ<br>• पोषणको स्थानीय स्रोतको जानकारी<br>• खेलहरूको जानकारी<br>• योग शिक्षा |

| क्र.स. | विषय | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|---|
| ४ | क्षेत्रगत सिकाइ उपलब्धि | • विद्यालयमा सरसफाइको सिप विकास र प्रयोग गर्न<br>• कक्षाकोठा सरसफाइको सिप विकास गर्न<br>• खाजा तथा खानाको नाम बताउन<br>• स्थानीय बाल खेलहरूको पहिचान गर्न र खेल्न<br>• सामान्य ध्यान आसनमा बस्न, | • कक्षाकोठा,धारा, शौचालय र खेल मैदानको उचित सरसफाइ गर्न,<br>• कक्षाकोठाको सरसफाइ र सजावट गर्न,<br>• स्थानीय उपयोगी खानेकुरा पहिचान र उपयोग गर्न,<br>• स्थानीय बाल खेलहरू पहिचान र खेल्न<br>• सामान्य ध्यान आसनमा बस्न, भास्त्रिका र अनुलोमविलोम अभ्यास गर्न। | • घर र विद्यालयको उचित सरसफाइमा भूमिका खेल्न,<br>• पोषणको स्थानीय स्रोतको पहिचान गरी उपयोग गर्न,<br>• खेलहरूको पहिचान र सामान्य नियमहरू पहिचान गर्न,<br>• उमेर अनुसारका खेलमा सहभागी हुन,<br>• ध्यान आसनमा बस्न अभ्यास गर्न,<br>• भास्त्रिका र अनुलोमविलोम अभ्यास गर्न, |
| ६ | मुख्य सिकाइ क्रियाकलाप | • विद्यालयको धारा, शौचालय, खेल मैदान आदि महत्त्वपूर्ण स्थानहरूको अवलोकन गराई यिनको प्रयोग गर्न सिकाउने,<br>• विद्यालयमा फोहोर व्यवस्थापनका कामहरू सिकाउने विद्यार्थीहरूलाई सहभागी गराई विभिन्न कामको निरन्तर अभ्यास गराउने,<br>• आ-आफ्नो घरको खानाको महत्त्व सिकाउन खाजा र खानाको नाम भन्न लगाई सबैलाई चिनाउने, घरबाट खाजा ल्याउन लगाइ यसको उपयोग गर्न सहजीकरण गर्ने, | • विद्यालय परिसरको धारा, शौचालय, खेल मैदान आदि महत्त्वपूर्ण स्थानहरूको अवलोकन गराई यिनको उपयुक्त प्रयोग तथा सरसफाइको सिप तथा कुनै सङ्केत भए सिकाउने,<br>• फोहोर व्यवस्थापन गर्न राखिएका सामान ठाउँहरूको जानकारी गराई प्रयोग गर्न प्रोत्साहन गर्ने।<br>• व्यक्तिगत सरसफाइलाई विद्यालय सरसफाइको एउटा पक्ष बनाई सफा रहन खेल तथा गीतहरूबाट सिकाउने र कक्षाकोठा सजावट गर्न सहभागी गराई राम्रो काम गर्ने विद्यार्थीलाई प्रोत्साहन गर्ने, | • घर र विद्यालय परिसरको धारा, शौचालय, खेल मैदान आदि महत्त्वपूर्ण स्थानहरूको उपयुक्त प्रयोग तथा सरसफाइको उपायहरू सिकाइ अभिभावक अग्रज र साथीहरूसँगै सरसफाइको काममा सहभागी हुन सहजीरण गर्ने,<br>• सरसफाइको महत्त्व बताउन यस सम्बन्धी चित्र कथा र घटनाहरू जानकारी गराई यसका लागि विद्यालयको नियमहरू पालना गर्न लगाउने,<br>• घर र विद्यालयको सरसफाइको परियोजना कार्य गरी लिखित वा मौखिक रूपमा प्रस्तुति गराउने,<br>• फोहोर व्यवस्थापन गर्न राखिएका सामान, ठाउँहरूको जानकारी गराई प्रयोग गर्न प्रोत्साहन गर्ने,<br>• घर र कक्षाकोठा सजाउन गरिने कामहरूको सूची बनाई विद्यार्थी |

| क्र.स. | विषय | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|---|
| | | • शान्त रहन ध्यान गर्न अभ्यास गराउने र सँगै आफू पनि अभ्यास गर्ने,<br>• भास्तृका र अनुलोमविलोम गर्न सिकाउने, आफू पनि सँगै अभ्यास गर्ने र नियमित गर्न सहजीकरण गर्ने,<br>• सबैको सामूहिक बाल खेलहरू खेलाउने। | • शरीरलाई आवश्यक स्थानीय खाना दाल, भात,साग, दुध, चिउरा, मकै भटमास आदिको जानकारी गराई उपयोग गर्न सहजीकरण गर्ने,<br>• स्थानीय बाल खेलहरू नाम भन्न र लेख्न लगाइ खेल्न लगाई खेल सिपको विकास गराउने,<br>• भास्तृका र अनुलोमविलोम गर्न सिकाउने, सँगै अभ्यास गर्ने र नियमित गर्न सहजीकरण गर्ने। | सहभागीतामा कक्षाकोठा सजाउने,<br>• शरीरलाई आवश्यक पोषणहरू प्राप्त गरिने स्थानीय खाना दाल भात,साग, दुध, चिउरा, मकै भटमास,अण्डा, माछा मासु आदिको जानकारी गराई उपयोग गर्ने उपायहरूको छलफल गर्ने,<br>• खेलहरूको नाम भन्न र लेख्न लगाई खेल्ने समूह र टीम, सङ्ख्याको जानकारी गराउने र सामूहिक खेलको अभ्यास गराउने,<br>• भास्तृका र अनुलोमविलोम गर्न सिकाउने, शिक्षकले पनि सँगै अभ्यास गर्ने र नियमित गर्न सहजीकरण गर्ने,<br>• कपालभाती गर्न अभ्यास गराउने,<br>• प्राणायम गर्ने उपयुक्त समयको समेत जानकारी गराउने। |
| ७ | सम्भावित मूल्याङ्कन प्रक्रिया | • निरन्तर मूल्याङ्कन<br>• मौखिक प्रश्नोत्तर<br>• परियोजना कार्य<br>• समूहकार्य र कक्षा सहभागिता | • निरन्तर मूल्याङ्कन<br>• मौखिक परीक्षा<br>• लिखित परीक्षा<br>• परियोजना कार्य<br>• समूहकार्य र कक्षा सहभागिता<br>• सिर्जनात्मक कार्य | • निरन्तर मूल्याङ्कन<br>• मौखिक परीक्षा<br>• लिखित परीक्षा<br>• परियोजना कार्य<br>• समूहकार्य र कक्षा सहभागिता<br>• सिर्जनात्मक कार्य<br>• प्रश्नोत्तर र छलफल |

| क्र.स. | विषय | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|---|
| १ | विषयवस्तुको क्षेत्र/एकाइ ८ | **लेटाङको आर्थिक क्रियाकलाप** | **लेटाङको आर्थिक क्रियाकलाप** | **लेटाङको आर्थिक क्रियाकलाप** |
| २ | वार्षिक कार्यघण्टाः | २० | २० | २० |
| ३ | विषयवस्तुको विस्तृतीकरण | • किसान र कृषि<br>• पशुपन्छी पालन<br>• व्यापार | • किसान र कृषि<br>• पशुपन्छी पालन<br>• व्यापार | • कृषि पेसा<br>• पशुपन्छी पालन<br>• व्यापार |

| क्र.स. | विषय | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|---|
| ४ | क्षेत्रगत सिकाइ उपलब्धि | • स्थानीय पेशा र व्यवसाय चिन्न र भन्न,<br>• हाट बजारमा हुने क्रियाकलापहरू बताउन,<br>• घरका पशुपन्छीहरू पहिचान गर्न, | • स्थानीय कृषि र व्यापारिक क्रियाकलापहरू बताउन,<br>• स्थानीय हाट बजारहरूको नाम बताउन,<br>• पशुपन्छीको सामान्य उपयोग बताउन, | • कृषि, पशुपन्छी पालन व्यवसायको क्रियाकलापहरू बताउन<br>• घरमै उपभोग गरिने कृषि उत्पादन छुट्याउन,<br>• व्यापार व्यवसायको परिचय दिन,<br>• स्थानीय बजारमा किनबेच हुने वस्तुहरू पहिचान गर्न, |
| ६ | मुख्य सिकाइ क्रियाकलाप | • स्थानीय स्तरमा खेतीपाती, पशुपालन, दोकान गर्ने व्यक्तिहरूको पहिचान गर्ने र उनीहरूले गर्ने कामहरू बताई चिनाउने,<br>• कृषि, पशुपालन, व्यापार, नोकरी पेशा हुन भनी चिनाउने यिनलाई क्रमश: व्यापारी,किसान भनिन्छ भनी जानकारी गराउने,<br>• किन्ने, बेच्नेर सामान साट्ने हाटजारका क्रियाकलापहरू बताई उदाहरण बताउन लगाउने,<br>• घरमा पालिएका पशुपन्छीहरू (गाइ, खसी, हाँस, कुखुरा, भैसी, सुँगुर आदि स्थानुसार) को विषयमा छलफल | • स्थानीय स्तरको खेतीपाती, पशुपालन, दोकान गर्ने व्यक्तिहरूको पहिचान गर्ने र उनीहरूको कामहरू बताउने र अन्य काम गर्ने मानिसहरूको जानकारी गराउने,<br>• स्थानीय कृषकको खेत सफा गर्ने, बाली रोप्ने,गोडमेल गर्ने, मल लगाउने र बाली फलाउने र भित्र्याउने सबै कार्यहरू चिनाउने र विद्यार्थीलाई भन्न लगाउँदै थप गर्ने,<br>• सामान विक्रि गर्ने, किनेर ल्याउने, दोकानमा वा हाट बजारमा राख्ने जस्ता व्यापार सम्बन्धी कामहरू बताई छलफल गर्ने,<br>• स्थानीय हाट बजारहरूको नाम बताई लेख्न लगाउने,<br>• घरका पशुपन्छीको सामान्य उपयोग छलफल गरी सिकाउने, | • कृषि पेसा अन्तर्गत विभिन्न कामहरू अन्न बाली उत्पादन, पशुपन्छी पालन, माछापालन सम्बन्धी कामहरूको जानकारी गराई छलफलबाट गर्ने,<br>• आफ्नो स्थानीय स्तरमा किनबेच हुने वस्तुहरू जस्तै कुचो,अलैंची, अदुवा, आलु, धान,रायोको सागजस्ता वस्तुहरू चिनाउने र घरैमा उपभोग हुने र व्यापारी मार्फत बिक्रि हुने वस्तु पहिचान गराउने लेख्न लगाउने,<br>• व्यापारिक क्रियालाप हुने स्थानीय शनिबारे,बुधबारे,सोमबारे जस्ता हाट बजार चिनाउने, लेख्न लगाउने र व्यापारिक क्रियाकलापबाट भएका लाभ पहिचान गर्ने भन्न लगाइ सूची तयार गर्ने,<br>• स्थानीय बजारमा किनबेच हुने वस्तुहरूको सूची तयार गरी छलफल गर्ने,<br>• परियोजना कार्यहरू गराई प्रतिवेदन मौखिक र लिखित रुपमा पेश गर्न लगाउने। |

| क्र.स. | विषय | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|---|
| | | गराई पहिचान गर्न चित्र तथा नाम देखाई सहजीकरण गर्ने। | | |
| ७ | सम्भावित मूल्याङ्कन प्रक्रिया | • निरन्तर मूल्याङ्कन<br>• मौखिक प्रश्नोत्तर<br>• परियोजना कार्य<br>• समूहकार्य र कक्षा सहभागिता | • निरन्तर मूल्याङ्कन<br>• मौखिक परीक्षा<br>• लिखित परीक्षा<br>• परियोजना कार्य<br>• समूहकार्य र कक्षा सहभागिता<br>• सिर्जनात्मक कार्य | • निरन्तर मूल्याङ्कन<br>• मौखिक परीक्षा<br>• लिखित परीक्षा<br>• परियोजना कार्य<br>• समूहकार्य र कक्षा सहभागिता<br>• सिर्जनात्मक कार्य<br>• प्रश्नोत्तर र छलफल |

| क्र.स. | विषय | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|---|
| १ | विषयवस्तुको क्षेत्र/एकाइ ९ | **विपद् व्यवस्थापन र सुरक्षा** | **विपद् व्यवस्थापन र सुरक्षा** | **विपद् व्यवस्थापन र सुरक्षा** |
| २ | वार्षिक कार्यघण्टाः | १५ | १५ | १५ |
| ३ | विषयवस्तुको विस्तृतीकरण | • विपद्को जानकारी<br>• खोला बाढीको कारण उत्पन्न विपद्<br>• विपद्का घटनाहरू<br>• सडकपेटी र जेब्राक्रसिङको प्रयोग<br>• वन्यजन्तुको आक्रमण | • विपद्को प्रकार<br>• खोला बाढीको कारण उत्पन्न विपद्बाट बच्ने उपायहरू<br>• वन्यजन्तुको आक्रमणबाट बच्ने उपाय<br>• सडक पेटी र जेब्राक्रसिङ प्रयोग<br>• स्वास्थ्य सुरक्षाका उपायहरू | • विपद्को प्रकारहरू<br>• खोला बाढीको कारण उत्पन्न विपद्बाट बच्ने उपायहरू<br>• सडक र जेब्राक्रसिङको प्रयोग<br>• भूकम्प, आगलागी, आँधीवेहरीबाट हुने जोखिम<br>• वन्यजन्तुबाट सुरक्षित रहने उपाय<br>• सुरक्षा निकायहरू |
| ४ | क्षेत्रगत सिकाइ उपलब्धि | • स्थानीय विपद्को घटना र कारणको जानकारी राखी सचेत रहन<br>• सडक प्रयोग गर्दा सावधान हुन | • स्थानीय विपद्को घटना र कारणको जानकारी राखी सचेत रहन<br>• सडक प्रयोग गर्दा सावधान हुन | • स्थानीय विपद्को घटना र कारणको जानकारी गरी सचेत रहने<br>• सडक प्रयोग गर्दा सावधान हुन<br>• सावधानीका उपायहरू अपनाउन<br>• सुरक्षा निकायहरूको जानकारी राख्ने |

| क्र.स. | विषय | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|---|
| | | | • स्वास्थ्य सुरक्षाका उपायहरू जानकारी राख्न | |
| ६ | मुख्य सिकाइ क्रियाकलाप | • विपद्को विभिन्न घटनाहरू जस्तै ( खोला, पहिरो, आगलागी, भूकम्प .. ) को जानकारी दिने,<br>• स्थानीय खोलाले ल्याउने विपद्को जानकारी गराई चिनाउने,<br>• सडक पेटी र जेब्राक्रसिङको जानकारी गराई प्रयोग गर्न सिकाउने<br>• जनावरहरूको जानकारी गराउने र मानिसलाई टोक्ने वा खाने खालका हिंस्रक जनावरहरूबाट सावधानीका उपायहरू अवलम्वन गर्न सिकाउने | • खोला बाढीबाट आउने विपद् जानकारी गराई छलफल गराउने,<br>• खोला बाढी आएको समयमा सुरक्षित रहने उपायहरू बताउने र छलफल गर्ने,<br>• वन्यजन्तु हात्ती बाघ स्याल वा अन्य साना जनवारको आक्रमण वा टोकाइका घटनाहरू सुनाउँदै विद्यार्थीलाई समेत अनुभवहरू भन्न लगाउने र बच्ने उपायहरू खोजी बताईदिने<br>• सडक पेटी र जेब्राक्रसिङको जानकारी गराई दुर्घटनाबाट सुरक्षित रहन यसको प्रयोग गरी सडक काट्ने जानकारी गराउने<br>• स्वास्थ्य सुरक्षाका उपायहरू (खोपको मात्रा पूरा गर्ने, पोसिलो खाना खाने,दुर्घटनाबाट बच्ने) बताउने, छलफल गरी थप गर्न लगाउने | • विपद्को प्रकारहरू (प्राकृतिक,दुर्घटना,मानवीय क्रियाकलापका कारण हुने) को जानकारी गराउने र भूकम्प,आगलागी, बाढी पहिरो आदिको जानकारी गराउने<br>• खोला तथा बाढीको कारण उत्पन्न विपद्बाट सुरक्षित रहने उपायहरूः खोला भन्दा टाढा घर बनाउने, खोला आएको जानकारी राख्ने र खोलाजन्य वस्तुको धेरै दुरूपयोग नगर्ने जस्ता पक्षहरू बताई थप उपायहरू को वियमा छलफल गरी सूची तयार गर्ने<br>• सडक सुरक्षा र जेब्राक्रसिङको जानकारी गराई प्रयोग गर्ने बानीको विकास गर्न प्रयोगात्मक अभ्यासहरू गराउने<br>• भूकम्प, आगलागी, आँधीबेहरीबाट हुने जोखिमको जानकारी र अनुभव आदन प्रदान गरी सतर्क रहने बानीको विकास गराउने,<br>• वन्यजन्तुको आक्रमण वा टोकाइबाट सुरक्षित रहन गर्नुपर्ने कामहरूको छलफल गरी स्थानीय स्तरमा प्रयोग गर्ने उपायहरूको प्रस्तुति गर्ने,<br>• स्वास्थ्य सुरक्षाका उपायहरू (खोपको मात्रा पूरा गर्ने,पोसिलो खाना खाने,दुर्घटनाबाट बच्ने) बताउनेर थप छलफल गर्न लगाउने, |

| क्र.स. | विषय | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|---|
| | | | | • सुरक्षा निकायहरू(प्रहरी, स्थानीय वडा र स्थानीय सरकार) को जानकारी गराउने। |
| ७ | सम्भावित मूल्याङ्कन प्रक्रिया | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• विषयवस्तुको लिखित मौखिक प्रश्नोउत्तर<br>• प्रयोगात्मक कार्यहरू अभिलेख र मूल्याङ्कन गर्ने | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• विषयवस्तुको लिखित मौखिक प्रश्नोत्तर<br>• विषय क्षेत्रको परियोजना कार्य गराई लिखित वा मौखिक रुपमा प्रस्तुत गर्न लगाउने,<br>• प्रयोगात्मक कार्यहरू अभिलेख र मूल्याङ्कन गर्ने, | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• विषयवस्तुको लिखित मौखिक प्रश्नोत्तर<br>• विषय क्षेत्रको परियोजना कार्य गराई लिखित वा मौखिक रुपमा प्रस्तुत गर्न लगाउने,<br>• प्रयोगात्मक कार्यहरू अभिलेख र मूल्याङ्कन गर्ने, |

| क्र.स. | विषय | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|---|
| १ | विषयवस्तुको क्षेत्र/एकाइ१० | **स्थानीय मातृभाषाको अध्ययन** | **स्थानीय मातृभाषाको अध्ययन** | **स्थानीय मातृभाषाको अध्ययन** |
| २ | वार्षिक कार्यघण्टाः | २० | २० | २० |
| ३ | विषयवस्तुको विस्तृतीकरण | • मातृभाषामा शरीरको अङ्गको नाम<br>• समुदायका मातृभाषाहरू<br>• समुदायको मातृभाषामा अभिवादनका शब्दहरू<br>• मातृभाषामा प्रयोग हुने साइनो सम्बन्धका शब्दहरू<br>• गन्तीका शब्दहरू १ देखि ५ सम्म | • मातृभाषामा शरीरको अङ्गको नाम<br>• जातजातिहरूको चिनारी<br>• जातजाति र मातृभाषा<br>• समुदायको मातृभाषामा अभिवादनका शब्दहरू<br>• मातृभाषामा प्रयोग हुने साइनो सम्बन्धका शब्दहरू<br>• गन्तीका शब्दका १ देखि १० सम्म | • मातृभाषामा शरीरको अङ्गको नाम<br>• जातजातिहरूको मौलिक खाना र पहिरनहरू<br>• गन्तीका शब्दहरू १ देखि २० सम्म<br>• समुदायको मातृभाषामा घरायसी प्रयोगका सामानहरू<br>• मातृभाषाअनुसार साइनो सम्बन्धका शब्दहरू |

| क्र.स. | विषय | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|---|
| ४ | क्षेत्रगत सिकाइ उपलब्धि | • शरीरको मुख्य अङ्गहरूको नाम मातृभाषामा भन्न,<br>• मातृभाषामा अभिवादनका शब्दहरू, पारिवारिक साइनोका शब्दहरू भन्न,<br>• मातृभाषामा १ देखि ५ सम्म गन्न, | • शरीरको अङ्गहरू मातृभाषामा भन्न,<br>• अभिवादनका र साइनो सम्बन्धका शब्दहरू पहिचान र प्रयोग गर्न,<br>• मातृभाषामा १० सम्म गन्न, | • शरीरका अङ्गहरू मातृभाषामा छुट्याउन,<br>• मौलिक खाना र पहिरनको पहिचान गर्न,<br>• दैनिक प्रयोगका सामानहरूको मातृभाषामा नामाकरण गर्न,<br>• मातृभाषामा अभिवादन र साइनो सम्बन्धका शब्दहरूको आवश्यक प्रयोग गर्न, |
| ६ | मुख्य सिकाइ क्रियाकलाप | • कक्षामा जातजातिहरू चिनाउने तिनको नाम भन्ने र भन्न लगाउने,<br>• मातृभाषामा शरीरका अङ्गहरू भन्ने र चिन्ने,<br>• समुदायको मातृभाषामा अभिवादन गर्दा प्रयोग गरिने शब्दहरू भन्दै अभिवादन गर्न सिकाउने र अभ्यास गर्ने,<br>• मातृभाषामा १ देखि ५ सम्म गन्न सिकाउने, | • मातृभाषामा शरीरका अङ्गहरू चिनाउने,<br>• कक्षा र समुदायमा आफ्नो र अरु जातजातिहरू चिनाउने र भन्न लगाउने,<br>• समुदायमा बोलिने मातृभाषाहरू चिनाउने,<br>• समुदायको मातृभाषामा अभिवादन गर्दा प्रयोग गरिने शब्दहरू भन्दै अभिवादन गर्न सिकाउने र अभ्यास गर्ने,<br>• साइनो सम्बन्धका शब्दहरू चिनाई अभ्यास गर्न लगाउने,<br>• मातृभाषामा १ देखि १० सम्म गन्न अभ्यास गराउने। | • मातृभाषामा शरीरका अङ्गहरू छुट्याउन लगाउने,<br>• जातजातिहरूको मौलिक पहिरन चिनाउने र सूची तयार गर्न परियोजना कार्य गराउने,<br>• मातृभाषामा १ देखि २० सम्म गन्न अभ्यास गर्ने र छलफल गर्ने,<br>• दैनिक प्रयोगका सामानहरूको नाम मातृभाषामा भन्न र सूची तयार गर्ने लगाउने,<br>• भाषागत रुपमा विभिन्न व्यक्तिसँगको साइनो सम्बन्धका शब्दहरू भन्न र सूची तयार गरी छलफल गर्ने,<br>• अभिवादनका शब्दहरूको प्रयोग गर्न अभ्यास गराउने। |

| क्र.स. | विषय | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|---|
| ७ | सम्भावित मूल्याङ्कन प्रक्रिया | • निरन्तर मूल्याङ्कन<br>• मौखिक प्रश्नोत्तर<br>• परियोजना कार्य<br>• समूहकार्य र कक्षा सहभागिता | • निरन्तर मूल्याङ्कन<br>• मौखिक परीक्षा<br>• लिखित परीक्षा<br>• परियोजना कार्य<br>• समूहकार्य र कक्षा सहभागिता<br>• सिर्जनात्मक कार्य | • निरन्तर मूल्याङ्कन<br>• मौखिक परीक्षा<br>• लिखित परीक्षा<br>• परियोजना कार्य<br>• समूहकार्य र कक्षा सहभागिता<br>• सिर्जनात्मक कार्य<br>• प्रश्नोत्तर र छलफल |

(*मातृभाषा विद्यालयले छनोट गरी पठन पाठन गर्नु पर्ने छ। शिक्षण सिकाइ सहजीकरणको समयमा छनोट भएको मातृभाषासँगै बालबालीकाको आफ्नै मातृभाषामा पनि अभ्यास गर्ने अवसर दिइ मूल्यङ्कनको व्यवस्था गर्नु पर्ने छ।)

# विषयवस्तुको विस्तृतीकरण
# (कक्षा ४-५)

## १५. विषयवस्तुको विस्तृतीकरण (कक्षा ४-५)

| क्र.स. | विषय | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|
| १ | विषयवस्तुको क्षेत्र/एकाइ १ | लेटाङको परिचय | लेटाङको परिचय |
| २ | वार्षिक कार्यघण्टाः | १० | १० |
| ३ | विषयवस्तुको विस्तृतीकरण | • हाम्रो नगरपालिका र प्रशासनिक इकाइ<br>• नगरपालिकाका शैक्षिक संस्था<br>• नगरका प्रमुख बजारहरू<br>• नगरको मुख्य खोला र नदीहरू<br>• लेटाङ नगरपालिका प्रवेश गर्ने प्रमुख बाटोहरू | • हाम्रो नगरपालिका स्थापनाको इतिहास<br>• नगरपालिकाको शैक्षिक संस्था<br>• हाम्रो समुदायको जातजातिहरू<br>• समुदायको प्रमुख पेसा र व्यवसाय<br>• नगरको बजारहरूको जानकारी<br>• लेटाङ नगरपालिका प्रवेश गर्ने बाटोहरू |
| ४ | क्षेत्रगत सिकाइ उपलब्धि | • नगरपालिकाको परिचय दिन,<br>• नगरपालिकाको प्रशासनिक सिमाना पहिचान गर्न,<br>• नगरपालिकाका शिक्षण संस्थाहरूको पहिचान गर्न,<br>• नगरपालिकाको प्रमुख क्षेत्र र खोला तथा नदीहरूको पहिचान गर्न। | • नगरपालिकाको ऐतिहासिक परिचय दिन<br>• वडामा रहेको शिक्षण संस्थाहरूको तहगत पहिचान गर्न,<br>• समुदायको जातजातिको पहिचान गर्न,<br>• नगरगरपालिकाको प्रमुख पेसा र व्यवसायको पहिचान गर्न,<br>• नगरपालिकाको आन्तरिक र बाह्य सडक आवद्धता पहिचान गर्न। |
| ६ | मुख्य सिकाइ क्रियाकलाप | • आफ्नो वडाको सिमानामा पर्ने खोला, डाँडा र बाटोको सूची बनाई प्रस्तुतीकरण गरी छलफल गर्ने,<br>• नगरको वडाहरूको सिमाना र अन्य पालिकासँगको सिमानामा भएका पालिका र वडाको जानकारी गराउने,<br>• विद्यालयहरूलाई शैक्षिक संस्था हुन भनी आफ्नो वडाको सबै शैक्षिक संस्थाहरूको सूची बनाई प्रस्तुत गरी छलफल गर्ने,<br>• पालिकाको प्रमुख बजारहरूको चित्र/ फोटो मानचित्र देखाई चिनाउने,<br>• सानाठूला खोला र नदीको नाम भन्न लगाई सूची बनाउने विद्यार्थीले नचिनेका खोला र नदी शिक्षकले थप गरी छलफल गराउने, | • लेटाङ नगरपालिका हुनु भन्दा पहिलेका स्थानहरू क्रमशः लेटाङ, भोगटेनी, लेटाङ-भोगटेनी, जाँते, र वारङ्गी जोडिएर लेटाङ नगरपालिका भएको जानकारी गराउने,<br>• पहिलेको लेटाङ र हालको लेटाङमा पर्ने स्थानहरू बताउँदै परिवर्तन भएका कुराहरू र लेटाङ नगरपालिका स्थापनाको इतिहास बताउने,<br>• लेटाङको विभिन्न थरका जातजातिको नाम सोधी सूची तयार गरी छलफल गर्ने थप शिक्षकले बताउने र जानकारी गराउने,<br>• आफू बस्ने र अध्ययन गर्ने वडाको सबै शैक्षिक संस्थाहरूको तहगत विवरण तयार गरी छलफल गराउने, |

| क्र.स. | विषय | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|
|  |  | • नजिकैको खोला वा नदी तथा सिमानाहरूको अवलोकन गराई जानकारी गराउने,<br>• परियोजना कार्य र अवलोकन भ्रमण गराउँदा मुख्य कुराहरू नोट गर्न लगाई मौखिक रुपमा प्रतिवेदन प्रस्तुत गर्न सहजीकरण गर्ने। | • नगरपालिकाका मानिसहरूको प्रमुख पेसा ( कृषि, पशुपालन, व्यापार र जागिर वा सेवा) हरूको जानकारी गराई सूची तयार गरी छलफल र व्याख्या गर्ने,<br>• लेटाङ प्रवेश गर्ने बाटाहरू स्थानीय तहहरूको सिमाना अनुसार मिक्लाजुङ, कानेपोखरी, बेलबारी, केराबारी र पाँचथर मिक्लाजुङबाट प्रवेश हुने बाटोको जानकारी गराउने। |
| ७ | सम्भावित मूल्याङ्कन प्रक्रिया | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन<br>• सम्बन्धित विषय क्षेत्रको ज्ञान सम्बन्धी लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन<br>• सम्बन्धित विषय क्षेत्रको ज्ञान सम्बन्धी लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने |

| क्र.स. | विषय | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|
| १ | विषयवस्तुको क्षेत्र/एकाइ २ | **लेटाङको प्राकृतिक स्रोतहरू** | **लेटाङको प्राकृतिक स्रोतहरू** |
| २ | वार्षिक कार्यघण्टाः | १५ | १५ |
| ३ | विषयवस्तुको विस्तृतीकरण | • जलस्रोतको उपयोग<br>• वन जङ्गल<br>• खनिज तथा नदीजन्य पदार्थ<br>• जमिनको सतह | • जलस्रोतको उपयोग<br>• वन जङ्गल<br>• खनिज तथा नदीजन्य पदार्थ<br>• जमिनको सतह |
| ४ | क्षेत्रगत सिकाइ उपलब्धि | • स्थानीय प्राकृतिक स्रोतहरू ( जलस्रोत,वन जङ्गल, भूस्वरुप)को विविध उपयोग पहिचान गरी सूची तयार गर्न,<br>• जलस्रोतको विविध उपयोग पहिचान गरी संरक्षणमा योगदान गर्न,<br>• वनको उपयोगमा सामुदायिक वनले गर्ने कामको पहिचान र वन विकासमा सहभागी हुन। | • स्थानीय प्राकृतिक स्रोतहरू ( जलस्रोत,वनजङ्गल, खनिज पदार्थ भूस्वरुप) को विविध उपयोग पहिचान गरी सूची तयार गर्न,<br>• स्थानीय वनको उपयोगी वस्तुहरूको पहिचान र संरक्षण गर्नका उपायहरू पहिचान गर्न,<br>• नदीजन्य पदार्थको उपयोग र नदी क्षेत्र संरक्षणको आवश्यकता पहिचान गर्न,<br>• सामुदायिक वनले गर्ने क्रियाकलापहरू पहिचान गर्न |

| क्र.स. | विषय | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|
| ६ | मुख्य सिकाइ क्रियाकलाप | • स्थानीय समुदायको मुख्य पानीको स्रोतहरू खोला, कुवा, इनार,नदी,पोखरी, ताल, झरना को जानकारी गराउने,<br>• पानीको स्रोत र जलस्रोतको बारेमा बताई स्थानीय खानेपानी, कुलो तथा सिँचाइ, घरायसी प्रयोग लगायत पानीको प्रयोगको सूची बनाई छलफलबाट अन्य प्रयोगहरू थप गर्ने र जलस्रोतको महत्त्व बताउने,<br>• वन जङ्गलभित्र पाइने (रुख, विरुवा ,झाडी, जडीबुटी,उन्यू, घाँस, स्याउला आदि) को जानकारी गराई छलफलबाट के के पाइन्छ थप गर्न लगाउने नयाँ शब्दभण्डार वृद्धिसँगै लेखन क्षमताको विकास पनि गराउने,<br>• वन जङ्गलको सम्पतिको उपयोग कसरी भएको छ छलफल गरी सामुदायिक वनको नाम र परिचय गराई जानकारी गराउने र यसले गरेको कामहरूको सूची वनाई छलफल गर्ने,<br>• आफ्नो क्षेत्रको जमिन भू-सतह (मैदान, कान्ला, भिर, पाखा, खोँच, गल्छी, डाँडा) समतल वा भिरालो कस्तो छ अवलोकन गरी पहिचान गराउने र समतल र भिरालो सतहको तुलना गरी कृषि र बसोबासको लागि उपयोग गर्ने तरिका जानकारी गराउन चित्र तथा भिडीयो देखाउने र छलफल गरी भू स्वरुपको उपयोग बताउने,<br>• आफ्नो वडामा भएका सामुदायिक वनहरूको नामको सूची बनाई विद्यालयमा राख्ने,<br>• नदीजन्य वस्तुको पहिचान हुने वस्तुहरू देखाई चिनाउने र घर, | • लेटाङको जलस्रोत सम्पदाको पर्यटकीय, कृषि र जलस्रोतको क्षेत्रमा गरिएको उपयोगहरू छलफल गरी बहुउपयोगको जानकारी गराउने,<br>• वन जङ्गलको रुखबाट काठ दाउरा स्याउला र जडीबुटीको सङ्कलन बिक्री जस्ता उपयोगहरू जानकारी गराई थप उपयोगहरू भन्न र लेख्न लगाउने,<br>• खनिज तथा नदीजन्य पदार्थको आवश्यकता र उपयोगहरू बताई छलफलबाट आएका कुराहरू थप सूचीकृत गरी राख्न लगाउने नदी क्षेत्र संरक्षण गर्न र यसको विनाशबाट बच्न गर्नुपर्ने कार्यहरूको जानकारी गराउने,<br>• भू-सतहबाट कृषि उत्पादन, अन्य प्राकृतिक स्रोतमा पर्ने असरहरूको जानकारी गराउने पहाड र तराई वा विभिन्न ठाउँमा पाइने वनस्पति र कृषि उत्पादनको उदाहरणबाट जानकारी गराउने,<br>• रुख विरुवा झाडी जडीबुटी, घाँस, स्याउला र यसको उपयोग गर्दा वन संरक्षणमा हुन सक्ने क्षतिको जानकारी गराई सावधानीका उपायहरू बताउने यसका लागि स्थानीय सामुदायिक वन कार्यालयको भ्रमण गराई प्रतिवेदन तयार गरी प्रस्तुत गर्न लगाउने,<br>• सामुदायिक वनले वन संरक्षण, उपयोग, विकास र समुदायको हितमा गरेको कामको सूची बनाई थप छलफल गरी सूची तयार गर्ने,<br>• परियोजना कार्य गराई प्रतिवेदन लेख्ने कार्यको अभ्यास गराउने। |

| क्र.स. | विषय | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|
| | | विद्यालय, सडक, पुल, कुलो धारा आदि निर्माणमा हुने प्रयोगको विषयमा छलफल गर्ने। | |
| ७ | सम्भावित मूल्याङ्कन प्रक्रिया | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन<br>• सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने। | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• क्षेत्र भ्रमण, परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन<br>• सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने। |

| क्र.स. | विषय | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|
| १ | विषयवस्तुको क्षेत्र/एकाइ ३ | **हाम्रो स्थानीय सरकार** | **हाम्रो स्थानीय सरकार** |
| २ | वार्षिक कार्यघण्टाः | १५ | १५ |
| ३ | विषयवस्तुको विस्तृतीकरण | • वडा कार्यालयले दिने सेवा<br>• विकाससम्बन्धी स्थानीय सरकारका कार्य<br>• व्यक्तिगत घटना दर्ताको परिचय | • नगरसभाको परिचय<br>• नगर कार्यपालिकाको परिचय<br>• न्यायिक समितिको परिचय<br>• नगरपालिकाको विषयगत समिति<br>• व्यक्तिगत घटना दर्ताको महत्त्व |
| ४ | क्षेत्रगत सिकाइ उपलब्धि | • वडा कार्यालयले दिने सेवाहरू पहिचान गरी सेवा लिन सक्ने,<br>• आफ्नो वडामा स्थानीय सरकारले गरेका विकासका कार्यहरू पहिचान गर्न,<br>• व्यक्तिगत घटनाहरू दर्ताका सामान्य उपयोग बताउन। | • स्थानीय सरकारको अङ्गहरूको पहिचान गर्न ,<br>• विषयगत तथा अन्य समितिहरूको पहिचान गर्न,<br>• व्यक्तिगत घटना दर्ताका विविध आयामहरूको पहिचान गरी अवलम्बन गर्ने। |
| ६ | मुख्य सिकाइ क्रियाकलाप | • स्थानीय सरकारले वडाबाट दिने प्रमुख सेवाहरू व्यक्तिगत घटना दर्ता (जन्म दर्ता, विवाह दर्ता, बसाँइसराइ, मृत्यु दर्ता र अन्य) र विभिन्न प्रकारका सिफारिसहरूको सूची बनाई प्रस्तुत गर्नेर यी सेवाहरू लिनका लागि वडा कार्यालयमा गएर सेवा लिन सकिने जानकारी गराई छलफल गराउने, | • नगरसभा, नगरकार्यपालिकार न्यायिक समिति र विभिन्न विषयगत समितिहरू स्थानीय सरकारको अङ्गहरू हुन् भनी चिनाउने,<br>• नगरसभा नगरपालिकाको सबै भन्दा माथिल्लो अङ्ग हो भनी जानकारी गराउने यसको अध्यक्ष वा प्रमुख नगर प्रमुख रहने कुराको जानकारी गराउने,<br>• नगर कार्यपालिका स्थानीय सरकारको अर्को महत्त्वपूर्ण अङ्ग भनी जानकारी |

| क्र.स. | विषय | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|
| | | • विकासका कामहरू विद्यालय भवन निर्माण गर्ने, बाटो बनाउने, छात्रवृत्ति प्रदान, बिजुली, कुलो नहर जस्ता निर्माणका कार्यहरू विकास हुन् भनी वडामा नगरपालिका र वडाबाट भएका विकासका कामहरूको अवलोकन गरी सूची बनाउन लगाउने र यस्ता कामहरू धेरै भन्दा धेरै सूची बनाउन सहजीकरण गर्ने,<br>• व्यक्तिगत घटना दर्ताका आवश्यकता विभिन्न काममा पर्दछ भन्दै विद्यालय भर्ना हुन, नागरिकता लिन, ठेगाना यकिन गर्न सरकारी र गैर सरकारी सेवा सुविधा लिनका लागि आधारको रुपमा महत्त्व हुने कुरा बताउने र यसलाई समयमै गर्नुपर्ने कुरा सहजीकरण गर्ने। | गराउने र यसको अध्यक्ष नगर प्रमुख रहने व्यवस्था छ भनी वर्तमान नगर प्रमुखको परिचय बताईदिने,<br>• न्यायिक समिति स्थानीय सरकारको अर्को अङ्ग हो भनी चिनाउँदै यसको प्रमुख नगर उप प्रमुख रहने व्यवस्था रहेको जानकारी गराई वर्तमान नगर उपप्रमुखको नाम र परिचय गराउने,<br>• व्यक्तिगत घटनाको महत्त्वहरू बताई यसलाई परिवर्तन गर्न नमिल्ने भएकोले पहिले नै सत्य र तथ्यमा आधारित बनाउन आवश्यक रहेको महसुस गराउने घटनाहरू सुनाउने,<br>• विद्यालय भर्ना, नगरिकता लिन, विवाह गर्न लगायतमा जन्मदर्ताको कामहरू बताउने,<br>• देशको जनसङ्ख्या जान्न, विकासको योजनाहरू बनाउन व्यक्तिगत घटनाको विवरणले सहज पार्ने भएकोले सम्बन्धित वडाम गएर दर्ता गराउन आवश्यक छ भनी प्रष्ट पार्ने। |
| ७ | सम्भावित मूल्याङ्कन प्रक्रिया | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन<br>• सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन<br>• सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने |

| क्र.स. | विषय | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|
| १ | विषयवस्तुको क्षेत्र/एकाइ ४ | **हाम्रो मूल्य, मान्यता र दायित्त्वहरू** | **हाम्रो मूल्य, मान्यता र दायित्त्वहरू** |
| २ | वार्षिक कार्यघण्टाः | १२ | १२ |
| ३ | विषयवस्तुको विस्तृतीकरण | • सहयोग र सद्भावना<br>• असल सामाजिक मूल्य मान्यता<br>• हाम्रो दायित्त्वहरू | • सहयोगर सद्भावना<br>• असल सामाजिक मूल्य मान्यता<br>• हाम्रो दायित्त्वहरू<br>• सामाजिक मूल्य मान्यता र विकास |

| क्र.स. | विषय | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|
| | | • सामाजिक मूल्यमान्यता र लैङ्गिक समविकास | • सामाजिक मूल्य मान्यता र लैङ्गिक समानता |
| ४ | क्षेत्रगत सिकाइ उपलब्धि | • असल मूल्य मान्यताहरूको पहिचान गरी असल बानीको विकास गर्न,<br>• सहयोग सद्भावको भावना विकास गर्न असल शिक्षा र कर्मको अभ्यास गर्न,<br>• घर,परिवार र विद्यालयमा आफ्नो कर्तव्य वा दायित्त्व पहिचान गरी वहन गर्न अग्रसर हुने,<br>• लैङ्गिक समविकासमा सामाजिक मूल्य मान्यताको प्रभाव पहिचान गरी सुधार गर्न । | • असल मूल्य मान्यताहरूको पहिचान गरी समाजमा असल विद्यार्थीको विकास गर्न,<br>• सामाजिक सद्भावको भावना विकास गरी असल कर्म र व्यवहारयुक्त विद्यार्थीको विकास गर्न,<br>• परिवार, विद्यालय र समाजमा आफ्नो कर्तव्य वा दायित्त्व पहिचान गर्न र वहन गर्न सक्ने संस्कारयुक्त व्यक्तित्व विकास गर्न,<br>• लैङ्गिक समानता विकासमा सामाजिक मूल्य मान्यताको प्रभाव पहिचान गरी सुधार गर्न । |
| ६ | मुख्य सिकाइ क्रियाकलाप | • असल मूल्य मान्यताहरूको पहिचान गरी असल बानीको विकास गर्न मूल्य मान्याताको जानकारी गराउने,<br>• आपसी सहयोगको जानकारी गराई यसबाट भएका र हुने फाइदाहरू भन्न लेख्न र व्यवहारिक अभ्यास गराउने<br>• खानपानको व्यवहारसँग सम्बन्धित उपयोगी परम्परागत मूल्य मान्यताहरू जानकारी गराउने,<br>• सरसफाइ र व्यवहारसँग सम्बन्धित उपयोगी परम्परागत मान्यताहरू बताउने,<br>• सामाजका असल संस्कृति र मान्यताहरूको सूची बनाउन लगाउने र शिक्षकले थप गरी तयार प्रस्तुत गर्ने,<br>• सकारात्मक व्यवहारको जानकारी सहयोग सद्भाव सहानुभूति सहानुभूतिका अभ्यास गर्न लगाउने,<br>• असल व्यवहारको विकास गर्न राम्रो खाना खाने, समयमा काम सम्पन्न गर्ने,खराब तथा हानी पुऱ्याउने खाना | • आपसी सहयोगका व्यक्तिगत सामाजिक र नगरपालिकालाई हुने फाइदाहरू बताउने,<br>• लेटाङमा अवलम्बन गरिएको धर्महरूको सूची बनाई जानकारी गराउने,<br>• धर्म अनुसारको असल मूल्य मान्यताहरूको जानकारी गराउने,<br>• धार्मिक समुदायको आपसी सहिष्णुताको सम्मान र सहभागिताको पक्षहरूको जानकारी गराउने,<br>• सामाजिक समानताका लागि स्थानीय मूल्य संस्कृतिअनुसार जेष्ठ नागरिक, बालबालीका, गर्भवती, अशक्त र गरिबलाई गरिने प्राथमिकता सहुलियत तथा दान गर्ने, सहयोग गर्ने असल व्यवहार र मूल्य मान्यताहरूको जानकारी गराउने,<br>• असल संस्कारको सम्मान गर्नाले शान्ति र सद्भाव कायम गर्न सक्ने कुरा बताउने,<br>• असल व्यवहारको विकास गर्न राम्रो खाना खाने, समयमा काम सम्पन्न गर्ने, |

| क्र.स. | विषय | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|
| | | र बानी तथा सङ्गतबाट टाढा रहने कुराहरूको जानकारी गराउने,<br>• कर्तव्यको परिचय दिने कथा तथा भनाइहरूको जानकारी गराउने,<br>• समुदायमा मातापिता, गुरू, साथी, अग्रज, ईश्वर, जेष्ठ नागरिकप्रति सम्मान गर्ने सकारात्मक मान्यताहरूको जानकारी गराउने,<br>• समाजका सकारात्मक मूल्य मान्यताको पहिचान गराउने<br>• भाइ,बहिनी र छात्र, छात्रामा समान सम्मान गरी बराबरी विकास गर्न सबैको सम्मान र आदर गर्ने मान्यताको विकासमा सहयोग गर्ने,<br>• समाजका सकारात्मक मूल्य मान्यताको पहिचान र विकास गराउने। | खराब तथा हानी पुऱ्याउने खाना र बानी तथा सङ्गतबाट टाढा रहने कुराहरू जानकारी गराउने<br>• व्यक्तिले मातापिता, गुरू, साथी, अग्रज, ईश्वर, जेष्ठ नागरिकप्रति आवश्यक सम्मान गर्ने कर्तव्य पूरा गर्नु जस्ता सकारात्मक व्यवहारहरू विकास गर्न सहजीकरण गर्ने<br>• धार्मिक सहिष्णुताका व्यवहारका फाइदाहरू बताउने,<br>• सामाजिक समानतामा स्थानीय मूल्यहरू सबैलाई समान अवसर प्राथमिकता दिने, विविधताको सम्मान गर्ने कार्यहरू जानकारी गराउने,<br>• भाइ,बहिनी र छात्र, छात्रामा समान सम्मान गरी बराबरी विकास गर्न सबैको सम्मान र आदर गर्ने मान्यताको विकासमा सहयोग गर्ने विद्यालयको पोषाक र अन्य क्रियाकलापमा समानता र समान सहभागिता गराउने कार्यहरू गर्ने। |
| ७ | सम्भावित मूल्याङ्कन प्रक्रिया | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन<br>• सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने। | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन<br>• सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने। |

| क्र.स. | विषय | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|
| १ | विषयवस्तुको क्षेत्र/एकाइ ५ | **हाम्रा कला, संस्कृति र प्रविधिहरू** | **हाम्रा कला, संस्कृति र प्रविधिहरू** |
| २ | वार्षिक कार्यघण्टाः | १० | १० |
| ३ | विषयवस्तुको विस्तृतीकरण | • हाम्रा सांस्कृतिक पोसाक र गहना<br>• हाम्रा चाडपर्वहरू<br>• हाम्रा मौलिक संस्कृतिहरू<br>• हाम्रा परम्परागत बाजाहरू | • हाम्रा सांस्कृतिक पोसाक र गहना<br>• हाम्रा चाडपर्वहरू<br>• हाम्रा मौलिक संस्कृतिहरू<br>• हाम्रा परम्परागत बाजाहरू |

| क्र.स. | विषय | कक्षा ४ | कक्षा ५ |
| --- | --- | --- | --- |
| | | • हाम्रा नृत्यकलाहरू<br>• परम्परागत र आधुनिक प्रविधिहरू | • हाम्रा नृत्यकलाहरू<br>• परम्परागत र आधुनिक प्रविधिहरू |
| ४ | क्षेत्रगत सिकाइ उपलब्धि | • स्थानीय जाति र समुदायहरूको सांस्कृतिक पोसाक, गहनाको पहिचान गर्न,<br>• मौलिक र प्रचलित चाडपर्व एवम् उत्सवहरूको पहिचान गरी सहभागी हुन,<br>• जन्म, विवाह र मृत्यु सस्कारका कार्यहरू पहिचान गर्न,<br>• परम्परागत एवम् प्रचलित बाजाहरूको पहिचान गर्न,<br>• स्थानीय स्तरमा प्रचलित नृत्यहरूको पहिचान गर्न,<br>• कृषि क्षेत्रका परम्परागत प्रविधिहरू र सामग्रीहरू पहिचान गरी उपयोगिता बताउन,<br>• खानपान र सरसफाइका व्यवहारसँग सम्बन्धित उपयोगी परम्परागत प्रविधिको फाइदाहरू बताउन। | • स्थानीय सांस्कृतिक पोसाक, गहनाको पहिचान गर्न र महत्त्व बताउन,<br>• मौलिक र प्रचलित चाडपर्व एवम् उत्सवहरूको फाइदाहरू बताउन,<br>• समुदायको जन्म, विवाह र मृत्यु सस्कारका विविध कार्यहरू पहिचान गर्न,<br>• लोपोन्मुख परम्परागत बाजाहरूको पहिचान गर्न,<br>• स्थानीय स्तरमा प्रचलित नृत्यहरूको पहिचान गर्न र सहभागी हुन,<br>• समुदायमा प्रयोग भइरहेका उपयोगी परम्परागत प्रविधिहरूको पहिचान उपयोगिता बताउन,<br>• स्वस्थ व्यवहारसँग सम्बन्धित उपयोगी परम्परागत प्रविधिको फाइदाहरू बताउन। |
| ६ | मुख्य सिकाइ क्रियाकलाप | • विभिन्न जातिले प्रयोग गर्ने परम्परागत मौलिक पोसाकहरूको फोटो वा भिडियोहरू देखाई चिनाउने र प्रयोग गर्ने जाति र पोसाकको नाम चिन्ने र लेख्ने अभ्यास गराउने, विभिन्न जातिको अलग अलग कक्षामा छलफल गर्ने,<br>• विद्यार्थीहरूले देखेका र सहभागी भएका चाडपर्वको जानकारी गराई विभिन्न चाडपर्वको पहिचान गर्ने र उत्सव तथा महोत्सवहरूको जानकारी गराई यस सम्बन्धी लेख वा आफ्नो विचारहरू राख्न लगाउने र यसमा सहजीकरण गर्ने,<br>• मानिसको जन्मदेखि मृत्युपछिको संस्कारहरूको जानकारी गराउँदै आफ्नो-आफ्नो जाति र समुदायको संस्कार क्रमश: चिनाई सम्मान गर्न | • विभिन्न जातिले प्रयोग गर्ने परम्परागत मौलिक पोसाकहरूको फोटो वा भिडियोहरू देखाई चिनाउने र प्रयोग गर्ने जाति र पोसाकको नाम चिन्ने र लेख्ने अभ्यास गराउने, विभिन्न जातिको अलग अलग कक्षामा छलफल गर्ने र यसले मौलिक पहिचान गराई सांस्कृतिक सम्पतिको काम गरेको जानकारी गराउने, विभिन्न महत्त्वहरू बताउने,<br>• विभिन्न चाडपर्वको पहिचान गर्ने र उत्सव तथा महोत्सवहरूको जानकारी गराउने यसका सामान्य फाइदाहरू बताउने सूची बनाई विद्यार्थीलाई थप फाइदाहरू खोजी गर्न सहजीकरण गर्ने<br>• समुदायका विभिन्न जातिका मानिसको जन्मदेखि मृत्युपछिको सस्कारहरूको |

| क्र.स. | विषय | कक्षा ४ | कक्षा ५ |
| --- | --- | --- | --- |
| | | सिकाउने, साइनो र मितेरी साइनोहरूको जानकारी गराउने,<br>• बाजाहरूको सूची तयार गरी परम्परागत र आधुनिक बाजाहरूको पहिचान गराउने,<br>• विभिन्न जाति र समुदायको पुरानो बाजा, गीत, नाच र साहित्यहरूको सूची बनाई विद्यार्थीहरूलाई यस सम्बन्धी प्रस्तुति गर्न सहजीकरण गर्ने र सम्मान गर्न सिकाउने,<br>• विद्यार्थीलाई स्थानीय प्रविधि (ढिकी, जाँतो, टुकीबत्ती, तानबुन्ने चर्खा, पानी घट्टा,तेलपेल्ने कोल, ढुँगा, कुलो आदिका) बारेमा बताउने र यससँग सम्बन्धित सामग्रीहरूको जानकारी गराउने र आफूले देखेको र आफ्नो क्षेत्रमा भएका परम्परातग प्रविधिको सूची तयार गर्न लगाउने,<br>• खानपान व्यवहारसँग सम्बन्धित उपयोगी परम्परागत प्रविधिहरू ढिकी, जाँतो, कोल, गोवर मल प्रयोग गरी उपयोग गरिने खाद्य सामग्रीहरूको प्रयोग र पोषण सम्बन्धी फाइदाहरूको जानकारी गराउने,<br>• परम्परागत सरसफाइमा गोबर, गौमुत्र र खरानी प्रयोग गर्ने प्रविधिको जानकारी गराउने। | जानकारी गराउँदै आफ्नो-आफ्नो जाति र समुदायको संस्कार क्रमशः चिनाई सम्मान गर्न सिकाउने मितेरी सइनोको जानकारी गराउने,<br>• बाजाहरूको सूची तयार गरी परम्परागत र आधुनिक बाजाहरूको पहिचान गराई लोप हुन लागेको बाजाहरूको सूची तयार गर्ने,<br>• विभिन्न जाति र समुदायको पुरानो बाजा, गीत, नाच र साहित्यहरूको सूची बनाई विद्यार्थीहरूलाई यससम्बन्धी सहभागितामूलक र समावेशी प्रस्तुति गर्न सहजीकरण गर्ने र सम्मान गर्न सिकाउने,<br>• विद्यार्थीलाई स्थानीय प्रविधि (ढिकी, जाँतो, टुकीबत्ती, तानबुन्नेचर्खा, पानी घट्टा,तेलपेल्ने कोल, डुङ्गा, कुलो आदिका) बारेमा बताउने र यससँग सम्बन्धित सामग्रीहरूको जानकारी गराउने र आफूले देखेको र आफ्नो क्षेत्रमा भएका परम्परागत प्रविधिको सूची तयार गर्न लगाउने,<br>• खानपानको व्यवहारसँग सम्बन्धित उपयोगी परम्परागत प्रविधिहरू ढिकी, जाँतो, कोल, गोवर मल प्रयोग गरी उपयोग गरिने खाद्य सामग्रीहरूको प्रयोग र पोषणसम्बन्धी फाइदाहरूको जानकारी गराउने आधुनिक प्रविधिमा यसको सम्बन्ध जानकारी गराउने,<br>• सरसफाइका पुराना र आधुनिक प्रविधि एवम् क्रियाकलापको जानकारी गराउने। |
| ७ | सम्भावित मूल्याङ्कन प्रक्रिया | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन |

| क्र.स. | विषय | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|
| | | • सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने। | • सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने। |

| क्र.स. | विषय | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|
| १ | विषयवस्तुको क्षेत्र/एकाइ ६ | **लेटाङको ऐतिहासिक सम्पदा र पर्यटकीय स्थल** | **लेटाङको ऐतिहासिक सम्पदा र पर्यटकीय स्थल** |
| २ | वार्षिक कार्यघण्टाः | १२ | १२ |
| ३ | विषयवस्तुको विस्तृतीकरण | • राजारानी क्षेत्रको परिचय<br>• धार्मिक स्थलहरू र धार्मिक पर्यटन<br>• ऐतिहासिक स्थलहरू<br>• प्राकृतिक पर्यटकीय स्थलहरू<br>• शैक्षिक पर्यटन | • राजारानी क्षेत्रको परिचय<br>• धार्मिक स्थलहरू र धार्मिक पर्यटन<br>• ऐतिहासिक स्थलहरू<br>• प्राकृतिक पर्यटकीय स्थलहरू<br>• शैक्षिक पर्यटन<br>• मानव निर्मित पर्यटकीय स्थलहरू |
| ४ | क्षेत्रगत सिकाइ उपलब्धि | • राजारानी क्षेत्रको पोखरी, मन्दिर, उन्यू र सुनाखरीको विशेषता र महत्त्व बताउन,<br>• स्थानीय धार्मिक स्थान र धार्मिक पर्यटनको परिचय दिन,<br>• ऐतिहासिक विशेषता भएका स्थानहरूको सूची बनाई यसको विशेषता सूची तयार गर्न,<br>• प्राकृतिक पर्यटकीय स्थलहरू झरना, डाँडा, वन, फूलको पहिचान गरी सूची तयार गर्न र विशेषता बताउन,<br>• शैक्षिक पर्यटनको अर्थ बताउन। | • राजारानी क्षेत्रको पोखरी, मन्दिर, उन्यू र सुनाखरीको विशेषता पहिचान गर्न र संरक्षण गर्न,<br>• स्थानीय धार्मिक स्थान र धार्मिक पर्यटनको अवस्था पहिचान गर्न,<br>• ऐतिहासिक विशेषता भएका स्थानहरूको सूची बनाई ऐतिहासिक पक्षको अध्ययन गर्न,<br>• प्राकृतिक पर्यटकीय स्थलहरू झरना, डाँडा, वन, फूलको प्रकार र अवस्थिति पहिचान गर्न र बताउन,<br>• शैक्षिक र आन्तरिक पर्यटनको अर्थ बताउन,<br>• मानव निर्मित पर्यटकीय स्थल पार्क, भ्यूटावरको परिचय दिन. |
| ६ | मुख्य सिकाइ क्रियाकलाप | • राजारानी क्षेत्रमा रहेको पोखरी, मन्दिर र वनस्पतिको जानकारी गराई यिनको पर्यटकीय महत्त्व बताउने,<br>• स्थानीय क्षेत्रमा रहेका पर्यटकीय र ऐतिहासिक सम्पदा तथा स्थलहरूको प्रत्यक्ष र विभिन्न भिडियो तथा सामग्री मार्फत अवलोकन भ्रमण गराउने, | • राजारानी क्षेत्रको पोखरी, मन्दिर, उन्यू र सुनाखरीको विशेषताहरू छलफल गरी तिनको पहिचान गर्न र संरक्षण गर्न गरिएका कार्यहरू जानकारी गराउने,<br>• स्थानीय क्षेत्रमा रहेका पर्यटकीय स्थलहरू र ऐतिहासिक सम्पदाहरूको क्षेत्र भ्रमण गरी अवलोकन गराउने, |

| क्र.स. | विषय | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|
| | | • मन्दिर, झरना,डाँडा र ऐतिहासिक सम्पदाहरूको जानकारी गराई तिनको पर्यटकीय महत्त्व जानकारी गराउने,<br>• पर्यटनको लागि उपयुक्त प्राकृतिक झरना, पोखरी, वन, डाँडा आदि को जानकारी गराउने,<br>• शैक्षिक रुपमा अध्ययन, अनुसन्धान, धार्मिक आस्था, मनोरञ्जन र पर्यावरणको अवलोकन र अध्ययन गर्न आउने पर्यटनको प्रकार हुन् भन्दै तालिका प्रस्तुत गरी आन्तरिक र बाह्य पर्यटनको जानकारी गराउने,<br>• शैक्षिक पर्यटन विद्यार्थीबाट हुने जानकारी गराउने। | • स्थानीय धार्मिक स्थानको जानकारी गराउने र धार्मिक पर्यटनको अवस्था पहिचान गर्ने,<br>• ऐतिहासिक क्षेत्रको जानकारी गराई पर्यटनमा यसको योगदान छलफल गर्ने,<br>• आन्तरिक पर्यटनको चिनारी गराई शैक्षिक पर्यटनले आन्तरिक पर्यटनमा पुगेको योगदान चिनाउने यसको लागि विभिन्न पर्यटकीय स्थलहरूको सूची तयार गरेर क्रमशः प्रस्तुत गर्दै छलफल गराउने,<br>• व्यवसायी वा नीजि क्षेत्र र स्थानीय सरकारले निर्माण गरेका पर्यटकीय महत्त्वका क्षेत्रहरू जानकारी गराउने यस सम्बन्धी सन्दर्भ पुस्तक, पत्रिका, भिडियो प्रस्तुत गरी परिचय गराउने। |
| ७ | सम्भावित मूल्याङ्कन प्रक्रिया | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन<br>• सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन<br>• सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने |

| क्र.स. | विषय | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|
| १ | विषयवस्तुको क्षेत्र/एकाइ ७ | **सरसफाइ, पोषण, योग र खेलकुद** | **सरसफाइ, पोषण, योग र खेलकुद** |
| २ | वार्षिक कार्यघण्टाः | १२ | १२ |
| ३ | विषयवस्तुको विस्तृतीकरण | • सार्वजनिक स्थलको सरसफाइ<br>• पोषणको आवश्यकता<br>• पोषणको अभाव र समस्याहरू<br>• पोषण आपूर्तिका स्थानीय स्रोत<br>• स्थानीय खेल स्थल<br>• योगशिक्षा | • सार्वजनिक स्थलको सरसफाइ<br>• पोषणको आवश्यकता<br>• पोषणको अभाव र समस्याहरू<br>• पोषण आपूर्तिका स्थानीय स्रोत<br>• स्थानीय खेल स्थल<br>• योगशिक्षा |
| ४ | क्षेत्रगत सिकाइ उपलब्धि | • समुदायको सरसफाइमा उचित भूमिका निर्वाह गर्न,<br>• पोषणको आवश्यकता पहिचान गर्न, | • समुदायको सरसफाइमा उचित भूमिका निर्वाह गर्न<br>• पोषणको आवश्यकता पहिचान गर्न |

| क्र.स. | विषय | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|
| | | • पोषण अभावले हुने शारीरिक समस्याहरू पहिचान गर्न<br>• पोषणका स्थानीय स्रोतको उपयोगमा सकारात्मक भूमिका निर्वाह गर्न,<br>• स्थानीय खेल मैदान तथा स्थानहरूको पहिचान र उपयोग गर्न,<br>• योगसम्बन्धी जानकारी र अभ्यास गर्न। | • पोषण अभावले हुने शारीरिक समस्याहरू निराकरणका उपायहरू पहिचान गर्न<br>• पोषणका स्थानीय स्रोतको उचित उपयोगमा सकारात्मक भूमिका निर्वाह गर्न,<br>• स्थानीय खेल मैदान तथा स्थानहरूको पहिचान र उपयोग गर्न,<br>• योगसम्बन्धी जानकारी र अभ्यास गर्न। |
| ६ | मुख्य सिकाइ क्रियाकलाप | • समुदाय, विद्यालय र सार्वजनिक स्थलको सरसफाइ सम्बन्धी क्रियाकलापको सूची तयार गरी प्रस्तुत गर्ने त्यसमा उनीहरूको भूमिका पहिचान गराई सकारात्मक भूमिका खेल्न सहजीकरण गर्ने,<br>• पोषणको आवश्यकता र यसका स्रोतहरूको जानकारी गराउदै यसको आभावमा हुने क्षति तथा समस्याहरूको जानकारी गराई सचेत रहने बानीको विकास गराउन विभिन्न क्रियाकलापहरू गराउने,<br>• स्वस्थ जीवनको लागि उपयोगी पोषण र खानाको परिकार बताउँदै तिनको स्रोतको जानकारी गराउने स्वस्थ बानीको विकास गर्नका लागि आवश्यक क्रियाकलाप गराउने,<br>• पोषणको आवश्यकताका विविध पक्षहरू (शारीरिक वृद्धि विकास र रोग प्रतिरोधका) क्षेत्रका सूक्ष्म क्रियाकलापहरू जानकारी गराई छलफल गर्ने,<br>• पोषणको अभावले शरीरमा हुने समस्याको जानकारी गराउने,<br>• वडाका खेल मैदान तथा स्थलहरूको जानकारी गराई तिनमा खेलिने खेल गतिविधिको जानकारी गराई सूची बनाउन लगाउने, | • समुदाय, विद्यालय र सार्वजनिक स्थलको सरसफाइसम्बन्धी क्रियाकलापको सूची तयार गरी प्रस्तुत गर्ने त्यसमा उनीहरूको भूमिका पहिचान गराई सकारात्मक भूमिका खेल्न सहजीकरण गर्ने र आफ्नो समुदायका बाटो चोक मन्दिर लगायत सार्वजनिक स्थानहरूको सरसफाइयुक्त बनाइ राख्न समुदाय, स्थानीय सरकार र निकायसँग सहयोग समन्वय गरी कामहरू गर्ने परियोजना कार्य गराउने,<br>• शरीरमा पोषणको आवश्यकता र यसका स्रोतहरूको जानकारी गराउँदै यसको अभावमा हुने क्षति तथा समस्याहरूको जानकारी गराई सचेत रहने बानीको विकास गराउन विभिन्न क्रियाकलापहरू गराउने,<br>• स्वस्थ जीवनको लागि उपयोगी पोषण र खानाको परिकार बताउँदै तिनको स्रोतको जानकारी गराउने स्वस्थ बानीको विकास गर्न र स्थानीय पोषणयुक्त खानाको प्रयोगका फाइदाहरू बताउने र प्रवर्द्धन गर्न आवश्यक क्रियाकलाप गराउने,<br>• सन्तुलन पोषणको आवश्यकताका विविध पक्षहरू (शारीरिक वृद्धि विकास र रोग प्रतिरोधका) क्षेत्रका सूक्ष्म |

| क्र.स. | विषय | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|
| | | • भास्तृका र अनुलोमविलोम गर्न सिकाउने, विभिन्न आसनहरूसँगै अभ्यास गर्ने र नियमित गर्न सहजीकरण गर्ने। | पोषण तथा क्रियाकलापहरू जानकारी गराई छलफल गर्ने<br>• पोषणको अभावले शरीरमा हुने समस्याको जानकारी गराउने र निराकरणका लागि आवश्यक कामहरू जानकारी गराउने,<br>• वडा र नगरका मुख्य खेल मैदान तथा स्थलहरूको जानकारी गराई तिनमा खेलिने र गरिने खेल गतिविधिको जानकारी गराई सूची बनाउन लगाउने,<br>• भास्तृका र अनुलोमविलोम गर्न सिकाउने, विभिन्न आसनहरू सँगै अभ्यास गर्ने र नियमित गर्न सहजीकरण गर्ने,<br>• खेलकुद र योगका सामान्य फाइदाहरू बताईदिने, |
| ७ | सम्भावित मूल्याङ्कन प्रक्रिया | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन<br>• सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने। | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन<br>• सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने। |

| क्र.स. | विषय | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|
| १ | विषयवस्तुको क्षेत्र/एकाइ ८ | **लेटाङको आर्थिक क्रियाकलाप** | **लेटाङको आर्थिक क्रियाकलाप** |
| २ | वार्षिक कार्यघण्टाः | १५ | १५ |
| ३ | विषयवस्तुको विस्तृतीकरण | • स्थानीय कृषि उत्पादनहरू<br>• पशुपन्छी पालन<br>• लेटाङ बाहिरका वस्तुको व्यापार<br>• लेटाङको प्रमुख हाट बजार<br>• होटल व्यवसाय<br>• पर्यटनको परिचय<br>• सहकारीको परिचय | • स्थानीय खाद्य तथा नगदे बालीको परिचय<br>• पशुपन्छी पालन व्यवसायको सकारात्मक पक्ष<br>• स्थानीय उत्पादनको निर्यात व्यापार<br>• हाट बजारको महत्त्व<br>• होटल व्यवसायका फइदाहरू<br>• पर्यर्टनका फाइदाहरू<br>• सहकारीको परिचय |

| क्र.स. | विषय | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|
| ४ | क्षेत्रगत सिकाइ उपलब्धि | • स्थानीय कृषि र पशुपन्छी उत्पादनहरू पहिचान गर्न,<br>• लेटाङमा व्यापार हुने कृषिजन्य वस्तुहरूको पहिचान गर्न,<br>• लेटाङको प्रमुख बजारको पहिचान गर्न,<br>• पयर्यटकीय स्थल र होटलहरूको पहिचान र वर्गीकरण गर्न,<br>• सहकारी संस्थाहरूको नाम बताउन। | • स्थानीय खाद्य तथा नगदे बालीको पहिचान गर्न,<br>• पशुपन्छी पालनको फाइदाहरू बताउन,<br>• हाट बजारको महत्त्व बताउन,<br>• पर्यटन र होटल व्यवसायका फाइदाहरू बताउन,<br>• बचत तथा ऋण सहकारी संस्थाको सामान्य परिचय दिन। |
| ६ | मुख्य सिकाइ क्रियाकलाप | • स्थानीय कृषि र पशुपन्छी उत्पादनहरू सूचीकरण गरी विद्यार्थीहरूलाई आफ्नो परिवेशको सूची तयार गर्न परियोजना कार्य गराउने,<br>• लेटाङमा व्यापार गरी आम्दानी गर्न उपयोग भइरहेको कृषि जन्य वस्तुहरूको व्याख्या गरी बजारको अवलोकन गरी प्रतिवेदन तयार गर्न र परियोजना कार्य गराउने,<br>• लेटाङको बजारहरू र प्रमुख बजार चिनाउनका लागि क्रियाकलापहरू गराउने,<br>• पर्यटकीय स्थलको सूची तयार गरी छलफल गरी भ्रमण अवलोकन गर्ने र होटलहरूको पहिचान र अवस्थाअनुसार वर्गीकरण गर्ने,<br>• पर्यापर्याटक( वातावरणको जैविक विविधता र जलवायु परीक्षण ) को अध्ययन र दृश्यावलोकन गर्न आउने पर्यटकलाई पर्यापर्यटक भनी जानकारी गराउने,<br>• स्थानीय वडामा रहेको सहकारीको सूची तयार गरी जानकारी गराउने। | • स्थानीय खाद्य तथा नगदे बालीको सूची तयार गरी विद्यार्थीको परियोजना कार्यहरू सङ्कलन गरी प्रस्तुति गर्न लगाउने,<br>• पशुपन्छी पालनबाट किसान र व्यापारीलाई हुने लाभहरू खोजी गरी छलफल गराउने,<br>• हाट बजारले भएका सहजता बताई फाइदाहरूको सूची बनाउन परियोजना कार्यहरू गराउने र प्रस्तुतीकरण गराउने<br>• पर्यटन र होटल व्यवसाय राम्रो हुँदा भएका उपलब्धिहरू छलफल गरी परियोजना कार्य र प्रतिवेदन तयारी र प्रस्तुतीकरण गराउने,<br>• पर्यटन र होटलको सम्बन्ध खोजी गरी छलफल गराउने<br>• पर्यापर्यटनको सम्भावनाहरू बताउँदै यसको विभिन्न पक्षको जानकारी गराउने<br>• स्थानीय बचत तथा ऋण सहकारीको सहयोगमा लाभ लिएका सदस्यहरू पहिचान गरी तीनले लिएको फाइदा जानकारी लिन लगाउने। यसमा सहकारी सदस्य र लाभको विषयमा जानकारी गराउने। |
| ७ | सम्भावित मूल्याङ्कन प्रक्रिया | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन |

| क्र.स. | विषय | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|
| | | • सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने। | • सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने। |

| क्र.स. | विषय | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|
| १ | विषयवस्तुको क्षेत्र/एकाइ ९ | **विपद् व्यवस्थापन र सुरक्षा** | **विपद् व्यवस्थापन र सुरक्षा** |
| २ | वार्षिक कार्यघण्टाः | १५ | १५ |
| ३ | विषयवस्तुको विस्तृतीकरण | • विपद् र विपद्का कारणहरू<br>• स्थानीय खोलाका कारण उत्पन्न विपद्<br>• भूकम्प, आगलागी र आँधीवेहरी<br>• सङ्क्रामक रोग र सुरक्षा<br>• किटनासक औषधी तथा विषादीको प्रयोग<br>• दुर्घटना र सुरक्षा<br>• सुरक्षा निकायहरू | • विपद् र विपद्का कारणहरू<br>• स्थानीय खोलाका कारण उत्पन्न विपद्<br>• भूकम्प, आगलागी र आँधीवेहरी<br>• सङ्क्रामक रोग र सुरक्षा<br>• किटनासक औषधी तथा विषादीको प्रयोग<br>• दुर्घटना र सुरक्षा<br>• सुरक्षा निकायहरू |
| ४ | क्षेत्रगत सिकाइ उपलब्धि | • स्थानीय विपद्को कारणहरू जानकारी राखी क्षति कम गर्ने उपायहरू जानकारी राख्ने,<br>• विपद् हुने क्षेत्रको पहिचान गरी आवश्यक सावधानी र अभ्यास गर्न,<br>• सम्भावित दुर्घटनाबाट सावधानी र सुरक्षा निकायहरूको जानकारी राख्न। | • स्थानीय विपद्को कारणहरू जानकारी राखी क्षति कम गर्ने उपायहरू अवलम्वन गर्न,<br>• विपद् हुने क्षेत्रको पहिचान गरी आवश्यक पूर्वसावधानी र अभ्यास गर्न।<br>• सम्भावित दुर्घटनाबाट सावधानी र सुरक्षा निकायहरूको जानकारी सुरक्षा र सुरक्षाको लागि उपयोग गर्न। |
| ६ | मुख्य सिकाइ क्रियाकलाप | • विपद्को कारणहरू भएका विगतको घटनाहरूको स्मरण गर्न लगाइ अवस्थाको विश्लेषण गर्ने<br>• स्थानीय खोलाबाट उत्पन्न विपद्बाट सुरक्षित हुनका लागि गर्नुपर्ने कामहरूको सूची बनाई छलफल गर्ने,<br>• भूकम्प आगलागी र आँधीबेहरीबाट हुने क्षति कम गर्ने उपायहरू छलफल र सूची तयार गर्ने, | • विपद्को न्यूनीकरणका उपायहरू र गरिएका कामहरूको जानकारी गराउने,<br>• स्थानीय खोला तथा नदीका कारण उत्पन्न विपद्वाट बच्न र बचाउन अपनाउनुपर्ने स्थानीय उपायहरू बताउँदै परियोजना कार्य गराउने,<br>• भूकम्प, बाढी पहिरो,आगलागी तथा आँधीबेहरीबाट हुने क्षति र बच्ने उपायहरूको सूची बनाई प्रस्तुति गर्ने, |

| क्र.स. | विषय | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|
| | | • सङ्क्रामक रोगबाट बच्न गर्नुपर्ने व्यक्तिगत प्रयासहरूको जानकारी गराउँने,<br>• किटनासक औषधी तथा विषादीको अधिक प्रयोगले हुने जोखिम बताउने,<br>• दुर्घटनाबाट बच्न गर्नुपर्ने सावधानीका उपायहरू बताई छलफल गर्ने,<br>• सामाजिक सञ्जाल र मोबाइल फोन सञ्चालनमा गोपनीयता र भाइरलका नकारात्मक पक्षहरू जानकारी लिने र सुरक्षा खतराप्रति सचेत रहन सहजीकरण गर्ने,<br>• भिडबाट बच्न अपनाउनुपर्ने सतर्कताको जानकारी गराउने,<br>• स्थानीय सुरक्षा निकायहरूको जानकारी गराउने। | • सङ्क्रामक रोगबाट बच्न अपनाउनुपर्ने सुरक्षाका उपायहरूको तुलनात्मक अध्ययन गर्ने,<br>• मानव बेचबिखन तथा कुलतका घटना र यसबाट बच्ने उपायहरूको जानकारी गराउने,<br>• सुरक्षा र अन्य सरकारी निकायहरूको भूमिका सम्बन्धी गरिएको सरकारी व्यवस्थाको जानकारी गराउने,<br>• सामाजिक सञ्जाल र मोबाइल फोन सञ्चालनमा गोपनीयता र भाइरलका नकारात्मक पक्षहरू जानकारी लिने र सुरक्षा खतराप्रति सचेत रहन सहजीकरण गर्ने,<br>• भिड तथा हुलबाट बच्ने तरिका जानकारी गराउने। |
| ७ | सम्भावित मूल्याङ्कन प्रक्रिया | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन<br>• सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने। | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन<br>• सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने। |

| क्र.स. | विषय | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|
| १ | विषयवस्तुको क्षेत्र/एकाइ १० | **स्थानीय मातृभाषाको अध्ययन** | **स्थानीय मातृभाषाको अध्ययन** |
| २ | वार्षिक कार्यघण्टा: | १२ | १२ |
| ३ | विषयवस्तुको विस्तृतीकरण | • शरीरका अङ्गहरूको नाम<br>• मातृभाषामा स्थानीय जातजातिहरूको मौलिक पहिरन एवम् गरगहनाहरू<br>• मातृभाषाहरूको गन्तीका शब्दहरू १ देखि ३० सम्म<br>• मातृभाषामा घरायसी र कृषि कार्यमा दैनिक प्रयोग हुने सामानहरूको नाम<br>• मातृभाषामा प्रयोग हुने साइनो सम्बन्धका शब्दहरू | • शरीरका अङ्गहरूको नाम<br>• स्थानीय मातृभाषामा पशुपन्छीहरूको नाम<br>• मातृभाषाहरूको गन्तीका शब्दहरू १ देखि ५० सम्म<br>• मातृभाषामा आदरार्थी शब्दहरूको जानकारी र प्रयोग<br>• पहिरन तथा गरगहनाहरूको पहिचान |

| क्र.स. | विषय | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|
| | | • शुभकामनाका शब्दहरू | • मातृभाषामा प्रयोग हुने साइनो सम्बन्धका व्यवहारिक प्रयोग<br>• शुभकामनाका शब्दहरूको प्रयोग |
| ४ | क्षेत्रगत सिकाइ उपलब्धि | • जातजातिहरूको खाना तथा पहिरनको महत्त्वहरू बताउन<br>• अङ्कको जानकारी राख्न,<br>• दैनिक प्रयोगका सामानहरूको मातृभाषिक पहिचान,<br>• मातृभाषामा साइनो सम्बन्ध र शुभकामनाका शब्दहरूको प्रयोग गर्न। | • जातजातिहरूको मौलिक खाना तथा पहिरनको महत्त्व बताउन,<br>• समुदायमा पाइने जनावरहरूको मातृभाषिक नामहरू जानकारी राख्न,<br>• मातृभाषामा अङ्कहरूको जानकारी राख्न,<br>• आदरार्थी शब्दहरूको प्रयोग गर्न,<br>• मातृभाषामा प्रयोग हुने शब्दहरू, शुभकामनाका शब्दहरू र साइनो सम्बन्धका शब्दको प्रयोग गर्न। |
| ६ | मुख्य सिकाइ क्रियाकलाप | • जातजातिहरूको मौलिक खाना तथा पहिरनहरू चिनाई त्यसबाट हुने फाइदाहरू र आवश्यकताहरू बताउने,<br>• मातृभाषामा १ देखि ३० सम्म गन्ने अभ्यास गर्ने,<br>• दैनिक प्रयोगका सामानहरूको मातृभाषिक नाम बताउन लगाउने र सूची तयार गर्ने,<br>• मातृभाषामा प्रयोग हुने साइनो सम्बन्धका व्यावहारिक शब्दहरूको खोजी र आदरार्थी रुपमा प्रयोग गर्ने गराउने<br>• शुभकामनाका शब्दहरू चिनाउने र प्रयोग हुने अवस्थाहरू जानकारी गराउने। | • खानाका परिकारहरूको सूची तयार गरी विभिन्न भाषिक नामहरू बताउने र तालिका बनाउन लगाउने,<br>• वस्तु तथा जनावरहरूको मातृभाषिक नामहरू खोजी गर्न परियोजना कार्य गराउने,<br>• मातृभाषामा १ देखि ५० सम्म गन्न अभ्यास गर्ने,<br>• मातृभाषाका आदरार्थी शब्दहरू प्रयोग गर्न अभ्यास गर्ने,<br>• मातृभाषामा पहिरन तथा गहनाहरूको पहिचान र नमूना निर्माण गरी समूहीकरण गर्ने,<br>• मातृभाषामा प्रयोग हुने साइनो सम्बन्धका व्यावहारिक प्रयोग गर्न अभ्यास गर्ने,<br>• शुभकामना र सान्त्वनाका शब्दहरूको प्रयोग गर्न अभ्यास गर्ने। |

| क्र.स. | विषय | कक्षा ४ | कक्षा ५ |
| --- | --- | --- | --- |
| ७ | सम्भावित मूल्याङ्कन प्रक्रिया | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन<br>• सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन<br>• सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने |

(*मातृभाषा विद्यालयले छनोट गरी पठन पाठन गर्नु पर्ने छ।शिक्षण सिकाइ सहजीकरणको समयमा छनोट भएको मातृभाषासँगै बालबालीकाको आफ्नै मातृभाषामा पनि अभ्यास गर्ने अवसर दिइ मूल्याङ्कनको व्यवस्था गर्नु पर्ने छ।)

# विषयवस्तुको विस्तृतीकरण

# (कक्षा ६-८)

## १६. विषयवस्तुको विस्तृतीकरण (कक्षा ६-८)

| क्र.स. | विषय | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| १ | विषयवस्तुको क्षेत्र/एकाइ १ | लेटाङको परिचय | लेटाङको परिचय | लेटाङको परिचय |
| २ | वार्षिक कार्यघण्टाः | १० | १० | १० |
| ३ | विषयवस्तुको विस्तृतीकरण | • नगरपालिकाको भौगोलिक अवस्थिति<br>• नगरपालिकाको हावापानी र तापक्रम<br>• हाम्रो समुदायका जातजातिहरू<br>• नगरपालिकाका शैक्षिक संस्थाहरू<br>• धार्मिक आस्थाका केन्द्रहरू<br>• नगरपालिका प्रवेश गर्ने मार्गहरू | • नगरपालिकाको भौगोलिक अवस्थिति र जनजीवन<br>• सामाजिक अवस्था र मौलिक खानाको परिचय<br>• धार्मिक आस्थाको केन्द्र र यसको महत्त्व<br>• नगरपालिकाका शैक्षिक संस्थाहरू<br>• लेटाङको रहनसहन र वेशभूषा<br>• नगरपालिका प्रवेश गर्ने मार्ग र सवारी साधनहरू | • नगरपालिकाको भौगोलिक अवस्थिति र जनजीवन<br>• हाम्रो सामाजिक रहनसहन तथा विषेशता<br>• धार्मिक आवस्था<br>• शैक्षिक विकासको अवस्था<br>• स्वास्थ्य र सञ्चारको सुविधा<br>• जिल्ला , प्रदेश र केन्द्रसँग पहुँचमार्गहरू |
| ४ | क्षेत्रगत सिकाइ उपलब्धि | • नगरपापालिकाको अवस्थिति बताउन,<br>• नगरपालिकाको प्रमुख ठाउँको तापक्रम र हावापानीको अवस्था पहिचान गर्न,<br>• नगरपालिकाका शैक्षिक संस्थाहरूको तहगत पहिचान गर्न,<br>• नगरपलिकाको जातजातिको पहिचान गर्न,<br>• धार्मिक आस्थाको केन्द्रहरूको पहिचान र सम्मान गर्न,<br>• सुविधा,समय र पूर्वाधारको आधारमा | • नगरपालिकाको भौगोलिक अवस्था र जनजीवनको विश्लेषण गर्न,<br>• धार्मिक आस्थाका महत्त्वहरू बताउन,<br>• लेटाङमा प्रयोग हुने मौलिक खानाका परिकारहरू पहिचान गर्न,<br>• रहन सहन र वेशभूषाको महत्त्व पहिचान गर्न,<br>• नगरपालिकाका शैक्षिक संस्थाहरूको सवल पक्षहरू पहिचान गर्न,<br>• लेटाङको पहुँच मार्ग र यातायात सुविधाको पहिचान र प्रयोग गर्न। | • भौगोलिक अवस्था र जनजीवनको तुलनात्मक अध्ययन गर्न,<br>• नगरको सामाजिक र धार्मिक अवस्था व्याख्या गर्न,<br>• विविध जातीय रहनसहन पहिचान र सम्मान गर्न,<br>• नगरको शैक्षिक र सामाजिक विकासको अवस्था विश्लेषण गर्न,<br>• स्वास्थ्य र सञ्चारको पूर्वाधार विकास व्याख्या गर्न,<br>• प्रशासनिक केन्द्रहरूसँग यातायातको पहुँच पहिचान र प्रयोग गर्न। |

| क्र.स. | विषय | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| --- | --- | --- | --- | --- |
| | | उपयुक्त मार्गको छनौट गर्न। | | |
| ६ | मुख्य सिकाइ क्रियाकलाप | • अक्षांश र देशान्तरको आधारमा भौगोलिक अवस्थिति देखाउँदै नगरको सिमाना बताइदिने,<br>• नगरको पहाडी भू-भाग र तराईको तापक्रम, वर्षा, वायुका अवस्था व्याख्या गरी विभिन्न स्थानको हावापानीको जानकारी राख्न परियोजना कार्यहरू गर्न सहजीकरण गर्ने,<br>• नगरपालिकाभित्रका शैक्षिक संस्थाहरूको तहगत विवरण तयार गरी छलफल गराउने,<br>• नगरपलिकाको जातजातिको सूची र जानकारी दिई छलफल गर्ने,<br>• विभिन्न धर्ममा आस्था राख्ने समुदायको धार्मिक आस्थाको केन्द्रहरूको सूची बनाई यसको महत्त्व र सम्मान गर्दा हुने फाइदाहरू छलफल गर्ने,<br>• लेटाङ प्रवेश गर्ने मुख्य बाटाहरूको जानकारी गराई सुविधा,समय र पूर्वाधारको आधारमा आफू बस्ने ठाउँको | • भौगोलिक अवस्थिति र जनजीवनको सम्बन्ध व्याख्या गरी विभिन्न अवस्थाहरूको जानकारी गराउने,<br>• लेटाङको सामाजिक अवस्था जाति र लिङ्गका आधारमा विश्लेषण गरी छलफल गर्ने,<br>• पालिकामा चलेको साकाहारी र मासु तथा अन्य खानाका परिकारहरूको जानकारी गराई यसका फाइदाहरू पहिचान गराउने,<br>• शैक्षिक संस्थाहरूको राम्रा पक्षहरूको चर्चा गरी यसका फाइदाहरू व्याख्या र छलफल गर्ने,<br>• नगरको प्रचलित धर्महरूको सूची बनाई धार्मिक सहिष्णुतामा सबै धर्मको सम्मान एवम् धार्मिक सहिष्णुताको अवस्था र फाइदाहरूको छलफल गराउने,<br>• समुदायको विभिन्न वेशभूषा चिनाउने चित्रहरू प्रदर्शन गरी छलफल गर्ने,<br>• लेटाङको यातायातका पूर्वाधार र सवारी साधनको सुविधा तथा उपलब्धताको जानकारी गराई आवश्यकताअनुसार प्रयोग गर्न सहजीकरण गर्ने,<br>• आवश्यकताअनुसार क्षेत्र भ्रमण,समूह कार्य र परियोजना कार्यहरू सञ्चालन गर्ने। | • जाति र समुदायअनुसार जनजीवन र रहनसहनको व्याख्या गरी छलफल गर्ने,<br>• बसोवास र रहनसहन चिनाउने चित्र तथा उदाहरणहरू प्रस्तुत गरी छलफल गर्ने,<br>• लेटाङको सामाजिक अवस्था विश्लेषण गर्ने,<br>• प्रचलित धर्महरूको सूची बनाई धार्मिक सहिष्णुताको अवस्था व्याख्या गरी सामाजिक सद्भावमा यसको योगदानहरू जानकारी गराउने,<br>• विभिन्न वडामा भएका शैक्षिक संस्थाहरू र सञ्चालित शैक्षिक कार्यक्रमको जानकारी गराउने र सामुदायिक र संस्थागत विद्यालयको जानकारी गराउने,<br>• शिक्षाले विकासमा गरेको योगदान चर्चा गर्ने,<br>• लेटाङको यातायातका पूर्वाधार र सवारी साधनको सुविधा तथा उपलब्धताको जानकारी गराउने,<br>• जिल्ला सदरमुकाम, प्रदेशको केन्द्र र सङ्घीय राजधानीसँगको यातायात पहुँचको जानकारी गराई आवश्यकताअनुसार प्रयोग गर्न सहजीकरण गर्ने,<br>• स्थानीय स्थानमा आवश्यकताअनुसार क्षेत्र |

| क्र.स. | विषय | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| | | लागि राम्रो मार्गको जानकारी गराउने सहजीकरण गर्ने<br>• आवश्यकताअनुसार क्षेत्र भ्रमण,समूह कार्य र परियोजना कार्यहरू गर्न लगाउने। | | भ्रमण,समूह कार्य र परियोजना कार्यहरू सञ्चालन गर्ने। |
| ७ | सम्भावित मूल्याङ्कन प्रक्रिया | • निरन्तर विद्यार्थी मूल्याङ्कन,<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन,<br>• सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने। | • निरन्तर विद्यार्थी मूल्याङ्कन,<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन,<br>• सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने। | • निरन्तर विद्यार्थी मूल्याङ्कन,<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन,<br>• सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने। |

| क्र.स. | विषय | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| १ | विषयवस्तुको क्षेत्र/एकाइ २ | **लेटाङको प्राकृतिक स्रोतहरू** | **लेटाङको प्राकृतिक स्रोतहरू** | **लेटाङको प्राकृतिक स्रोतहरू** |
| २ | वार्षिक कार्यघण्टाः | १५ | १५ | १५ |
| ३ | विषयवस्तुको विस्तृतीकरण | • जलस्रोतको उपयोग<br>• वन जङ्गलको विविध पक्ष<br>• नदीजन्य पदार्थ<br>• जमिनको उपयोग<br>• सामुदायिक वन<br>• प्राकृतिक स्रोतको दिगो विकास | • जलस्रोत उपयोग<br>• वन जङ्गलको विविध पक्ष<br>• नदीजन्य पदार्थ<br>• जमिनको उपयोग<br>• सामुदायिक वन<br>• प्राकृतिक स्रोतको दिगो विकास | • जलस्रोत उपयोग<br>• वन जङ्गलको विविध पक्ष<br>• नदीजन्य पदार्थ<br>• जमिनको उपयोग<br>• सामुदायिक वन<br>• प्राकृतिक स्रोतको दिगो विकास |
| ४ | क्षेत्रगत सिकाइ उपलब्धि | • स्थानीय प्राकृतिक स्रोतहरूको उपयोगको क्षेत्रहरू पहिचान गर्न, | • स्थानीय प्राकृतिक स्रोतहरूको उपयोगको क्षेत्रहरू पहिचान गर्न। | • स्थानीय प्राकृतिक स्रोतहरूको उपयोगको क्षेत्रहरू पहिचान र तुलना गर्न, |

| क्र.स. | विषय | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| | | • सामुदायिक वनको फाइदाहरू वर्णन गर्न, <br>• जलस्रोत, नदीजन्य पदार्थ, जङ्गल र जडीबुटीको दिगो विकासको अवधारणा बताउन। | • सामुदायिक वनबाट हुने आर्थिक र सामाजिक विकासमा हुने फाइदाहरू वर्णन गर्न, <br>• जलस्रोत, नदीजन्य पदार्थ ( दहत्तर बहत्तर), जङ्गल र जडीबुटीको दिगो विकासको उपायहरू पहिचान गर्न, <br>• प्राकृतिक स्रोतको संरक्षण र विकासमा स्थानीय सरकारको भूमिका पहिचान गर्न, <br>• प्राकृतिक स्रोतको दिगो उपयोगमा सहयोग गर्न, | • वन जङ्गल संरक्षण र विकासमा सामुदायिक वनको भूमिका वर्णन गर्न <br>• जलस्रोत, नदीजन्य पदार्थ (दहत्तर बहत्तर) जङ्गल र जडीबुटीको दिगो विकासको उपायहरू पहिचान र कार्यान्वयन गर्न, <br>• प्राकृतिक स्रोतको संरक्षण तथा दिगो विकासमा सरकार र समुदायको भूमिका पहिचान गर्न, <br>• विकास निर्माणमा प्राकृतिक स्रोतको दुरूपयोगको अवस्था पहिचान गर्न, |
| ६ | मुख्य सिकाइ क्रियाकलाप | • पानी तथा जलस्रोत ( भूमिगत पानी, खोला, नदी, कुवा, पोखरी, ताल, झरना..) को कृषि र घरायसी काममा गरिने उपयोगहरू पहिचान गरी उपयोगका विषयमा छलफल गर्ने सूची बनाई प्रस्तुत गर्न लगाउने, <br>• वन जङ्गल भित्रका ठूला रूख विरूवा र जडीबुटीको नामको सूची तयार गरी उपयोगहरू पहिचान गर्ने र यसका लागि स्थानीय वनसम्बन्धी विज्ञको उपयोग गर्ने, <br>• राजारानी क्षेत्रमा पाइने उन्यू, सुनाखरी र अन्य वनस्पतिको | • पानी तथा जलस्रोत ( भूमिगत पानी, खोला, नदी, कुवा, पोखरी, ताल, झरना..) को उद्योग, कृषि, घरायसी क्षेत्रहरू उपयोग पहिचान गर्ने, <br>• जलस्रोतको अधिक उपयोगका नकारात्मक असरहरू छलफल गरी सूची बनाई प्रस्तुत गर्न लगाउने, <br>• राजारानी क्षेत्रमा पाइने उन्यू, सुनाखरी र अन्य वनस्पतिको अध्यावधिक सूची बनाई छलफल गर्ने र स्थलगत भ्रमण तथा परियोजना कार्य गर्ने, <br>• वन जङ्गल भित्रका ठूला रूख विरूवा र जडीबुटीको नामको सूची तयार गरी बढी उपयोगी रुखको पहिचान गर्ने यसका लागि स्थानीय वनसम्बन्धी विज्ञको उपयोग गर्ने, | • पानी तथा जलस्रोत अधिक उपयोगको नकरात्मक असरहरू कम गर्न सावधानीका उपायहरूको जानकारी गराउने, <br>• आफू बसेको स्थानमा पानीको उपयोग र अभावसम्बन्धी अवस्था विषयमा छलफल गरी समस्याहरू र यसको कारणहरू पहिचान गर्न समूह कार्य गराउने, <br>• राजारानी क्षेत्रमा पाइने उन्यू, सुनाखरी र अन्य वनस्पतिको अध्यावधिक सूची बनाई छलफल गर्ने र स्थलगत भ्रमण तथा परियोजना कार्य गराउने, <br>• वन जङ्गल भित्रका ठूला रूख विरूवा र जडीबुटीको नामको सूची तयार गरी वर्गीकरण र उपयोगका |

| क्र.स. | विषय | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| | | अध्यावधिक सूची बनाई छलफल गर्ने र स्थलगत भ्रमण तथा परियोजना कार्य गर्ने,<br>• नदीजन्य पदार्थ वा दहत्तर बहत्तरको जानकारी गराई विविध उपयोगको जानकारी गराउने,<br>• जमिनको उपयोग गरी फाइदा हुने क्षेत्रको बाली बिरूवाको व्यवस्था गर्न गर्न सकिने क्रियाकलापहरू खोजी गर्ने यसका लागि अगुवा किसान तथा कृषि विज्ञहरू सँग छलफल गरी प्रतिवेदन तयार गर्ने परियोजना कार्य गराउने र शिक्षकले सहजीकरण गर्ने,<br>• सामुदायिक वनका विभिन्न क्रियाकलापहरूको सूची बनाई वन संरक्षण र गरिब परिवारको जीवन सहज पार्न यसको योगदानहरू छलफल गर्ने,<br>• स्थानीय प्राकृतिक स्रोतको उचित र दिगो उपयोगको उपायहरू जानकारी गराई पछिसम्मको | • नदीजन्य पदार्थ वा दहत्तर बहत्तरको जानकारी गराई विविध उपयोगको जानकारी गराउने,<br>• प्राकृतिक स्रोतको अत्याधिक प्रयोगबाट हुने क्षति र यसको वर्तमान रोकथामका उपायहरू पहिचान गरी समुदायमा भन्न सक्ने,<br>• जमिनको उपयोग गरी फाइदा हुने क्षेत्रको बाली बिरूवाको व्यवस्था गर्न गर्न सकिने क्रियाकलापहरू खोजी गर्ने यसका लागि अगुवा किसान तथा कृषि विज्ञहरूसँग छलफल गरी प्रतिवेदन तयार गर्ने परियोजना कार्य गराउने र शिक्षकले सहजीकरण गर्ने,<br>• सामुदायिक वन भित्र गरिने क्रियाकलापहरू को सूची बनाई वन संरक्षण र गरिव परिवारको जीवनमा यसको योगदान छलफल गर्ने,<br>• स्थानीय प्राकृतिक स्रोतको उचित र दिगो उपयोगको उपायहरू जानकारी गराई पछिसम्मको प्रयोग गर्न सकिने व्यवस्थापनका विधिहरू चर्चा गर्ने यसको लागि वनसम्बन्धी अनुभवी व्यक्तिसँग छलफल गर्ने। | उपायहरू पहिचान गर्ने यसका लागि स्थानीय वनसम्बन्धी विज्ञको उपयोग गर्ने,<br>• नदीजन्य पदार्थ वा दहत्तर बहत्तरको जानकारी गराई विकासमा यसका फाइदाहरूको जानकारी गराउने,<br>• विकास निर्माण गर्दा प्राकृतिक स्रोतको अत्याधिक प्रयोग गर्दा हुने क्षति र यसको रोकथामका उपायहरू पहिचान गरी समुदायमा जानकारी गराउन कार्यक्रम गर्ने,<br>• जमिनको उपयुक्त उपयोग गरी फाइदा हुने क्षेत्रको बाली बिरूवाको व्यवस्था गर्न सकिने क्रियाकलापहरू पहिचान गर्न अगुवा किसान तथा कृषि विज्ञहरूसँग छलफल गरी प्रतिवेदन तयार गर्ने शिक्षकले सहजीकरण गर्ने,<br>• जमीन बाँझो राख्दाका नकारात्मक असरहरू छलफल गर्ने,<br>• सामुदायिक वनले सञ्चालन गर्ने वन संरक्षण र गरिबसम्बन्धी क्रियाकलापहरूको सूची बनाई यसले गरेको सकारात्मक योगदानको छलफल गर्ने,<br>• स्थानीय प्राकृतिक स्रोतको उचित र दिगो उपयोगको |

| क्र.स. | विषय | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| --- | --- | --- | --- | --- |
| | | प्रयोग विधिहरू चर्चा गर्ने यस सम्बन्धी अनुभवी व्यक्तिसँग छलफल गर्ने। | | उपायहरू जानकारी गराई अनुभवी व्यक्तिसँग छलफल गर्ने,<br>• विकास निर्माण र मानवीय क्रियाकलापबाट प्राकृतिक स्रोत बचाउने काममा सहयोगी कार्यहरूको जानकारी गराउने। |
| ७ | सम्भावित मूल्याङ्कन प्रक्रिया | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन<br>• सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने। | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन<br>• सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने। | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन<br>• सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने। |

| क्र.स. | विषय | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| --- | --- | --- | --- | --- |
| १ | विषयवस्तुको क्षेत्र/एकाइ ३ | **हाम्रो स्थानीय सरकार** | **हाम्रो स्थानीय सरकार** | **हाम्रो स्थानीय सरकार** |
| २ | वार्षिक कार्यघण्टाः | १५ | १५ | १५ |
| ३ | विषयवस्तुको विस्तृतीकरण | • नगर सभाको गठन प्रक्रिया<br>• नगर कार्यपालिका को गठन प्रक्रिया<br>• न्यायिक समितिको गठन<br>• सभा तथा कार्यपालिका सचिव (प्रमुख प्रशासकीय अधिकृत) र कर्मचारी प्रशासन | • नगर सभाको कार्यहरू<br>• नगर कार्यपालिकाको कार्यहरू<br>• न्यायिक समितिको कार्यहरू<br>• सचिव (प्रमुख प्रशासकीय अधिकृत) वा कर्मचारी प्रशासनको कार्यहरू<br>• सेवा प्रवाह गर्ने अन्य निकायहरूको परिचय | • नगर सभाको कार्यहरू<br>• स्थानीय सरकारको विकास योजना र कार्यान्वयन<br>• स्थानीय सरकारले प्रदान गर्ने सेवा सुविधाहरू<br>• असल शासनको परिचय<br>• नागरिक वडापत्रको परिचय |

| क्र.स. | विषय | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| ४ | क्षेत्रगत सिकाइ उपलब्धि | • स्थानय सरकारको संगठन संरचना गठन प्रक्रिया बताउन,<br>• स्थानीय प्रशासनिक संरचनाको जानकारी दिन . | • नगरपालिकाको तीनै वटा अङ्गको कार्यहरू उल्लेख गर्न,<br>• सचिव र कर्मचारी प्रशासनको कार्यहरू बताउन,<br>• नगरभित्र सरकारी सेवा प्रवाह गर्ने निकायहरू पहिचान गर्न। | • नगर सभाको कार्यहरू उल्लेख गर्न,<br>• स्थानीय सरकारको विकास योजना पहिचान गर्न,<br>• सन्तुलित नगर विकासमा सरकार र नागरिकको भूमिका पहिचान गर्न,<br>• स्वस्थ्य संस्थाहरूबाट दिइने सेवाहरू पहिचान र उपयोग गर्न,<br>• नगरिक वडापत्रको उपयोग बताउन। |
| ६ | मुख्य सिकाइ क्रियाकलाप | • नगर सभा र नगर कार्यपालिकाको गठनसम्बन्धी व्यवस्था पहिचान गर्ने प्रक्रियाहरू निर्वाचन प्रक्रिया र मनोनित सदस्य सङ्ख्या, महिला सङ्ख्या तथा पदहरूको जानकारी गराउने,<br>• नगर कार्यपालिका र नगर सभाको सचिव (प्रमुख प्रशासकीय अधिकृत) र न्यायिक समितिको उजुरी प्रशासकसम्बन्धी जानकारी गराउने अन्या शाखाका कर्मचारीको जानकारी गराउने,<br>• सरकारी सेवा प्रवाह गर्ने नगरपालिकाको स्वास्थ, शिक्षा, कृषि,पशुपन्छी विकास शाखा वा कार्यालय | • नगर सभा,नगर कार्यपालिका र न्यायिक समितिको कार्यहरूको अलग अलग सूची तयार गरी क्रमशः जानकारी गराउने,<br>• सचिव (प्रमुख प्रशासकीय अधिकृत) को कामहरूको सूची बनाई छलफल गर्न लगाउने,<br>• न्यायिक समितिको संयोजक, सदस्य र मेलमिलाप कर्ताहरूको जानकारी गराउने,<br>• विभिन्न शाखामा काम गर्ने कर्मचारीहरूको कामको सामान्य जानकारी गराउने,<br>• सरकारी सेवा प्रवाह गर्ने स्वास्थ, शिक्षा, कृषि,पशुपन्छी विकास शाखा वा कार्यालय केन्द्र र इकाइहरू वडा कार्यालय, सेवा केन्द्र र कार्यालयको विभिन्न शाखाहरूको मुख्य मुख्य कामको सूची बनाई छलफल गर्ने, | • नगर सभाको मुख्य मुख्य कार्यहरूको सूची तयार गरी छलफल गर्ने,<br>• योजनाको विषयमा सामान्य जानकारी गराउने र नगरको विकास योजनाको मुख्य मुख्य आयोजनाको जानकारी गराउने,<br>• योजनाको सुरू हुने र सकिने अवधिको जानकारी गराउने र कार्यान्वयनको विविध पक्षको जानकारी गराउने,<br>• नगर विकास योजनाको मुख्य उद्देश्यहरूको सूची बनाउने,<br>• योजना कार्यान्वयनबाट प्राप्त हुने थप सुविधाहरूको जानकारी गराउने,<br>• सबै क्षेत्रको विकासमा समान प्राथमिकता दिने कार्य सन्तुलित विकास हो भन्दै राम्रो विकासमा सरकार र स्थानीय भूमिकाहरू विषयमा छलफल गर्ने, |

| क्र.स. | विषय | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| | | केन्द्र र इकाइहरू वडा कार्यालय, सेवा केन्द्र र कार्यालयको विभिन्न इकाइहरू, वडा कार्यालय, सेवा केन्द्र र कार्यालयको जानकारी दिँदै छलफल गरी सूची बनाउन लगाउने,<br>• नगर क्षेत्रका सङ्घीय र अन्य सरकारी कार्यालयको जानकारी गराउने। | • वन कार्यालय, टेलीकमको कार्यालय,हुलाक, विद्युतको कार्यालय, विद्यालय, स्वास्थ्य चौकी,प्राथमिक स्वास्थ्य केन्द्र र नगर अस्पतालबाट पाइने सेवाहरू जानकारी गराउने (यसको लागि स्थानीय कर्मचारीसँग सहयोग लिने)। | • विद्यालयबाट राम्रो शिक्षा र संस्कार सिकाइने विषयमा छलफल गर्ने,<br>• स्वास्थ्य चौकी, प्राथमिक स्वस्थ्य केन्द्र र नगर अस्पतालबाट पाइने सचेतनामूलक र उपचारात्मक सेवाहरू जानकारी गराउने र निःशुल्क स्वास्थ्य सेवा र स्वास्थ्य बिमाको समेत जानकारी गराउने यिनको आवश्यकता तथा महत्त्वहरू बताई सेवा लिन उत्प्रेरित गर्ने (यसको लागि स्थानीय स्वास्थ्यकर्मीसँग सहयोग लिने),<br>• नागरिक वडापत्र सरकार वा औपचारिक संस्थाले गर्ने काम, त्यसको लागि लाग्ने समय, लागत र ती काम गर्ने जिम्मेवार व्यक्ति आदि विषयहरू समेटिएका जानकारीमूलक खुला सूचना पाटी भएको जानकारी गराई यसको उपयोगले पारदर्शीता र असल शासन सबल बनाउने जानकारी गराई यसको नमूनाहरू प्रस्तुत चित्र वा भिडियोहरू देखाउने। |
| ७ | सम्भावित मूल्याङ्कन प्रक्रिया | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन<br>• सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन<br>• सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी लिखित तथा | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन<br>• सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी लिखित तथा |

| क्र.स. | विषय | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| | | लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने। | मौखिक परीक्षा सञ्चालन गर्ने। | मौखिक परीक्षा सञ्चालन गर्ने। |

| क्र.स. | विषय | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| १ | विषयवस्तुको क्षेत्र/एकाइ ४ | **हाम्रो मूल्य, मान्यता र दायित्त्वहरू** | **हाम्रो मूल्य, मान्यता र दायित्त्वहरू** | **हाम्रो मूल्य, मान्यता र दायित्त्वहरू** |
| २ | वार्षिक कार्यघण्टाः | १२ | १२ | १२ |
| ३ | विषयवस्तुको विस्तृतीकरण | • धार्मिक मान्यताहरू<br>• असल सामाजिक मूल्य मान्यता<br>• हाम्रो दायित्त्वहरू<br>• सामाजिक मूल्य मान्यता र विकास<br>• सामाजिक मूल्य मान्यता र लैङ्गिक समानता<br>• सहानुभूति र सम्मान<br>• अन्तर वैयक्तिक सिपहरू | • असल मूल्य मन्यताहरू<br>• सामाजिक विकास र असल मूल्य मान्यताहरू<br>• विद्यालय र समुदायमा धार्मिक सहिष्णुताको सम्मान<br>• हाम्रो दायित्त्वहरू<br>• सहानुभूति,समानुभूति र आत्मबोध<br>• अन्तर वैयक्तिक सिपहरू | • शान्ति,एकता र विकासमा हाम्रो मूल्य मान्यता<br>• जातीय र धार्मिक विविधताको पहिचान र सम्मान<br>• समता र समानतामूलक विकास<br>• समाज सुधारमा धार्मिक मान्यताको भूमिका<br>• सार्वजनिक सम्पत्ति सुरक्षा र विकासमा हाम्रो दायित्त्व<br>• सहानुभूति,समानुभूति र आत्मबोध<br>• अन्तर वैयक्तिक सिपहरू |
| ४ | क्षेत्रगत सिकाइ उपलब्धि | • असल सामाजिक मूल्य तथा मान्यताहरूको जानकारी र सम्मान गर्न,<br>• स्थानीय मूल्य मान्यताले विकास र शान्ति कायममा गरेको योगदान पहिचान गर्न,<br>• धार्मिक सहिष्णुतामा सकारात्मक भूमिका खेल्न,<br>• विद्यार्थीको दायित्त्वहरू पूरा गर्न, | • समाज विकासमा असल सामाजिक मूल्य र मान्यताको भूमिका पहिचान गर्न,<br>• धार्मिक विविधताको सम्मान एवम् धार्मिक सहिष्णुता विकास गर्न,<br>• सरकारले सामाजिक समता र समानताको विकासमा गरेको कार्यहरूको पहिचान गर्न, | • समाजमा शान्ति,विकास र एकता सुधार गर्न भूमिका खेल्न,<br>• समाजमा रहेको विविधताको पहिचान र सम्मान गर्न,<br>• जातीय र धार्मिक संस्कारहरूको सम्मान गर्न,<br>• सामाजिक धार्मिक सम्मानको विकास गर्न<br>• सामाज सुधार तथा विकासमा असल मूल्य |

| क्र.स. | विषय | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| | | • सार्वजनिक सम्पत्ति सुरक्षामा दायित्त्व पहिचान गर्न,<br>• आमा बुबा, गुरू, ईश्वर, राष्ट्र र जेष्ठ नागरिकको सम्मान तथा सेवा र भक्ति भावनाको आवश्यक व्यवहार र दायित्त्व पहिचान गर्न,<br>• सहानुभूति र समानुभूति शब्दको सामान्य अर्थ बताउन,<br>• अन्तर वैयक्तिक क्षमता विकासको उदाहरण भन्न। | • सार्वजनिक सम्पत्ति सुरक्षा र विकासमा जनताको कर्तव्यहरू पहिचान गर्न,<br>• सार्वजनिक सम्पत्ति सुरक्षा र विकासमा दायित्त्वहरू पहिचान गर्न,<br>• आमा बुबा, गुरू, ईश्वर, राष्ट्र र जेष्ठ नागरिकको सम्मान तथा सेवा र भक्ति भावनाको आवश्यक व्यवहार र दायित्त्वहरू सूची तयार गर्न,<br>• सहानुभूति र समानुभूति शब्दलाई व्यवहारमा प्रयोग गर्न,<br>• आफ्ना अन्तर वैयक्तिक क्षमताहरू भन्न र पहिचान गर्न। | मान्यताको भूमिका पहिचान गर्न,<br>• सकारात्मक व्यवहारको विकास गर्न,<br>• सार्वजनिक सम्पत्तिको उपयोग सुरक्षा र विकासमा सहयोग गर्न,<br>• आमा बुबा, गुरू, ईश्वर, राष्ट्र र जेष्ठ नागरिकको सम्मान तथा सेवा र भक्ति भावनाको आवश्यक व्यवहार र दायित्त्व पूरा गर्न व्यवहारमा परिवर्तन गर्न,<br>• सहानुभूति र समानुभूति शब्दको उपयुक्त प्रयोग गर्न,<br>• व्यक्तिका अन्तर वैयक्तिक क्षमता विकास गर्न आवश्यक कार्यहरू पहिचान गर्न। |
| ६ | मुख्य सिकाइ क्रियाकलाप | • सहयोग र सद्भाव जस्ता मूल्य मान्यताको जानकारी गराई यसबाट शान्ति र विकासमा पुग्ने योगदानको जानकारी गराउने र विविध कार्यहरूको जानकारी गराउने यससम्बन्धी उदाहरणहरू दिने,<br>• शरीरलाई आवश्यक खाना खाने, समयको पालना गर्ने, व्यक्ति र समाजलाई हित हुने काम गर्ने र नराम्रो काम नगर्ने जस्ता असल व्यवहार विकासमा छलफल गर्ने,<br>• शान्तिको अभावमा हुने समस्याहरूसँग परिचित | • असल मूल्य मान्यताहरूको कारण समाज र देशमा शान्ति र विकासमा निर्माणको काममा भएका सहयोगको उदाहरणहरू प्रस्तुत गर्ने,<br>• व्यक्ति, परिवार,विद्यालय, समाज र देशको लागि हित हुने असल व्यवहार पहिचान गर्न लगाई विकासमा प्रेरित गर्ने,<br>• शान्तिको अभावमा हुने समस्याहरूसँग परिचित गराउने। द्वन्द्व, हुलदङ्गा र युद्द व्यवस्थापन गर्दा समय, स्रोत, जीवन र जनशक्तिको क्षति हुने जस्ता विषयमा परियोजना | • शान्ति, विकास र एकताको अर्थ र आवश्यकता व्याख्या गर्ने यसको लागि सकारात्मक व्यवहार र नागरिकको भूमिकाको विषयमा छलफल गर्ने,<br>• विकासमा स्थानीय सरकारको भूमिकाहरू व्याख्या गर्ने,<br>• विकासमा सामाजिक सङ्घसंस्थाहरूको सकारात्मक भूमिकाहरू व्याख्या गर्ने,<br>• जातीय, धार्मिक र सांस्कृतिक विविधताको अवस्था व्याख्या गरी छलफल गर्ने विविधताको पहिचान र सम्मानको सकारात्मक |

| क्र.स. | विषय | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| | | गराउने ।अशान्तिले समय, स्रोत र जनशक्तिको क्षतिको जानकारी गराउने,<br>• हाम्रा धर्मअनुसारका मान्यताहरू सूचीकृत गरी यसका फाइदाहरू जानकारी गराउने (पूजापाठ, प्रार्थना, आदि गर्ने स्थान र विधिहरूको जानकारी),<br>• धार्मिक सहिष्णुतामा स्थानीय स्तरमा गरिएको व्यवहारको जानकारी गराउने,<br>• धार्मिक मान्यताअनुसार संस्कारहरूको जानकारी गराई सम्मान गर्ने संस्कारको विकासमा गर्नुपर्ने कामहरूको जानकारी गराउने,<br>• सार्वजनिक सम्पत्तिको जानकारी गराई तिनको सुरक्षाका लागि हाम्रो दायित्त्वको जानकारी गराउने,<br>• व्यक्तिले मातापिता, गुरू, साथी, अग्रज, ईश्वर र जेष्ठ नागरिकप्रतिको आवश्यक सम्मान गर्ने कर्तव्य पूरा गर्नु जस्ता सकारात्मक व्यवहारहरू विकास गर्न सहजीकरण गर्ने,<br>• अरुको अवस्था अनुभूत गर्ने कार्य समानुभूति र त्यसमा भावनात्मक सहयोग एवम् सान्त्वना | कार्य गराउने र शिक्षकले सहजिकरण गर्ने,<br>• सार्वजनिक स्थानहरूमा असल सामाजिक (धार्मिक,नैतिक,सामाजिक) मूल्य मान्यताहरूको समविकास र सम्मानका लागि गर्नुपर्ने कामहरूमा छलफल गरी सहिष्णुता कायम गर्न सहजिकरण गर्ने,<br>• नगर र देशको धार्मिक सहिष्णुताका लागि स्थानीय सरकार र समुदायको भूमिका जानकारी गराउने स्थानीय धार्मिक स्थलहरूको समविकासको जानकारी गराउने,<br>• सामुदायिक मेलमिलाप र शान्तिमा स्थानीय मूल्य मान्यताहरूको सकारात्मक भूमिकाहरू र यसको विकासका कार्यहरू व्याख्या गर्ने,<br>• नगरको सार्वजनिक सम्पत्ति सुरक्षा र विकासमा हाम्रो दायित्त्व परिचय दिई यस विषयमा निबन्ध वादविवाद कार्यक्रम सञ्चालन गरी सिकाइ सहजीकरण गर्ने,<br>• व्यक्तिले मातापिता, अशक्त र जेष्ठ नागरिकप्रतिको आवश्यक सम्मान र सहयोग गर्ने कर्तव्य पूरा गर्नु जस्ता सकारात्मक | फाइदाहरू बताई थप छलफल गर्ने,<br>• सकारात्मक जातीय संस्कारहरूको सूची बनाउने,<br>• सकारात्मक संस्कारहरूको सम्मान र विकासको सम्बन्ध एवम् सम्भावनाहरू बताई उदाहरणहरू खोजी गर्न सहजीकरण गर्ने,<br>• नगरको सामाजिक विकासमा धार्मिक समानताका आधारमा भएका कार्यहरू सूचीकृत गर्ने र थप खोजी गर्न सहजीकरण गर्ने,<br>• समाज सुधारमा धार्मिक मान्यताको व्याख्या गर्ने,<br>• विकास र शन्तिका लागि सकारात्मक व्यवहारको विकासका व्यक्तिगत सम्बन्ध, आर्थिक, प्रशासनिक र वातावरणीय आयामहरूको व्याख्य गर्ने,<br>• नगरको सार्वजनिक सम्पत्ति सुरक्षा र विकासमा विद्यार्थी, शिक्षक, नागरिक समाज, समुदाय, सङ्घसंस्था र स्थानीय सरकारको भूमिक जानकारी गराई भूमिकाहरूको सूची तयार पार्न परियोजना गराउने,<br>• व्यक्तिले मातापिता, अशक्त र जेष्ठ नागरिकप्रतिको आवश्यक सम्मान गर्ने कर्तव्य पूरा गर्नु पर्ने जस्ता सकारात्मक व्यवहारहरू विकास गर्न सहजीकरण गर्ने, |

| क्र.स. | विषय | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| | | अनुभूत गराउने गर्ने सहानुभूति हुन् भन्दै यस्ता व्यवहारहरूको जानकारी गराई यसको आवश्यकता तथा फाइदाहरू बताउने,<br>• व्यक्तिको अन्तरनिहित क्षमताहरू(गाउने,लेख्ने, पढ्ने,खेल,अभिनय, सङ्गीत) उदाहरणको जानकारी गराउने। | व्यवहारहरू विकास गर्न सहजीकरण गर्ने,<br>• सहानुभूति र समानुभूति जस्ता सकारात्मक व्यवहारको विकासका प्रक्रियाहरू व्याख्या गर्ने,<br>• आफूमा भएका अन्तरनिहित क्षमताहरू(गाउने,लेख्ने, पढ्ने,खेल,अभिनय, सङ्गीत) विकासमा सहयोग गर्ने क्रियाकलापहरूको जानकारी गराउने। | • आफूमा भएका अन्तरनिहित क्षमताहरू (गाउने,लेख्ने, पढ्ने,खेल,अभिनय, सङ्गीत)विकासका फाइदाहरू बताई विकासमा गर्ने गर्नुपर्ने कामहरूको जानकारी गराउने,<br>• विद्यालयमा प्रतिभा पहिचान कार्यक्रमहरू सञ्चालन गर्ने। |
| ७ | सम्भावित मूल्याङ्कन प्रक्रिया | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन<br>• सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने। | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन<br>• सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने। | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन<br>• सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने। |

| क्र.स. | विषय | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| १ | विषयवस्तुको क्षेत्र/एकाइ ५ | **हाम्रा कला, संस्कृति र प्रविधिहरू** | **हाम्रा कला, संस्कृति र प्रविधिहरू** | **हाम्रा कला, संस्कृति र प्रविधिहरू** |
| २ | वार्षिक कार्यघण्टाः | १० | १० | १० |
| ३ | विषयवस्तुको विस्तृतीकरण | • हाम्रा मौलिक संस्कृतिहरू<br>• उपयोगी कला र साहित्य<br>• मौलिक प्रविधिको अध्ययन | • हाम्रा मौलिक संस्कृतिहरू<br>• उपयोगी कला र साहित्य<br>• मौलिक प्रविधिहरूको विविध उपयोग<br>• परम्परागत कलाको चिनारी र संरक्षण | • हाम्रा मौलिक संस्कृतिहरू<br>• उपयोगी कला र साहित्य<br>• मौलिक प्रविधिहरूको उपयोग र संरक्षण<br>• परम्परागत कलाको सामाजिक र आर्थिक महत्त्व |

| क्र.स. | विषय | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| | | • परम्परागत कलाको चिनारी र संरक्षण<br>• स्थानीय प्रविधि र खानाका परिकार तयारी | • प्रविधि र जीविकोपार्जनको सम्बन्ध<br>• स्थानीय प्रविधि र खानाको परिकार व्यवस्थापन | • समुदायको विकासमा प्रविधिको सकारात्मक भूमिका<br>• स्थानीय योजनामा कला संस्कृति विकास<br>• स्थानीय प्रविधि र खानाको परिकार व्यवस्थापन |
| ४ | क्षेत्रगत सिकाइ उपलब्धि | • स्थानीय सांस्कृतिक पोसाक, गहनाको पहिचान र उपयोग गर्न,<br>• नगरको उपयोगी कला, साहित्य, संस्कृति र प्रविधिहरूको महत्त्व बताउन,<br>• समाजमा भएका पुराना कलाबाट निर्मित वस्तुहरू र तिनको संरक्षण गर्न,<br>• स्थानीय खानाको पहिचान, संरक्षण र उपपोग गर्न। | • स्थानीय सांस्कृतिक वेषभूषा पोसाक, गहनाको पहिचान र संरक्षण गर्न।<br>• नगरको कला,साहित्य,संस्कृति र प्रविधिहरूको विविध पक्ष महत्त्व बताउन,<br>• परम्परागत कलाबाट निर्मित वस्तुहरू र तिनको संरक्षणमा भूमिका निर्वाह गर्न,<br>• परम्पराग प्रविधिको महत्त्व व्याख्य गर्न,<br>• प्रविधिको विकास उपयोगको फाइदाहरू बताउन,<br>• स्थानीय उत्पादनबाट बन्ने सामान्य परम्परागत खाना तयार गर्न। | • स्थानीय मौलिक वेषभूषाहरूको संरक्षणमा भएका प्रयासहरूको सूची बनाई सहभागी बन्न,<br>• नगरको प्रचलित कला,साहित्य,संस्कृति र प्रविधिहरूको विविध पक्षको व्याख्या गर्न,<br>• परम्परागत कलाबाट निर्मित वस्तुहरूको सामाजिक र आर्थिक महत्त्व बताउन,<br>• समुदायको विकासमा प्रविधिको सकारात्मक भूमिका,<br>• प्रविधिको विकास, प्रयोग र फाइदाहरू बताउन,<br>• परम्परागत कला र प्रविधिको संरक्षण एवम् विकासमा स्थानीय सरकारको भूमिका बताउन,<br>• स्थानीय उत्पादनबाट बन्ने परम्परागत खानाको विविधता विकास गर्न । |
| ६ | मुख्य सिकाइ क्रियाकलाप | • स्थानीय साहित्यको क्षेत्रमा भएका कथा, कविता, गीत सङ्गीतसमेतको जानकारी गराउने र उनीहरूसँग पनि | • स्थानीय स्तरमा प्रकाशित साहित्यिक सङ्ग्रह वा कृतिहरूको जानकारी गराउने,<br>• मौलिक गीत, सङ्गीत र नृत्य कलाहरूको विविध | • स्थानीय प्रकाशित साहित्यिक कृतिहरूको खोजी गरी जानकारी गराई यसका सवल पक्षको जानकारी गराउने,<br>• स्थानीय कला,साहित्य र प्रविधिहरूको विविध |

| क्र.स. | विषय | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| | | अन्तरक्रिया गरी टिपोट गर्न लगाउने,<br>• विभिन्न जातिले प्रयोग गर्ने परम्परागत मौलिक पोसाकहरूको महत्त्वहरू कक्षामा छलफल गर्ने उपयोग हुने विशेष अवसरहरूको जानकारी गराउने,<br>• परम्परागत रुपमा प्रयोग हुने बाजाहरूको सूची तयार गरी परम्परागत र आधुनिक बाजाहरूको पहिचान र उपयोग बताउने,<br>• मौलिक बाजा, वेषभूषा, नगरको उपयोगी कला, साहित्य र प्रविधिहरूबाट लिन सकिने फाइदाहरू खोजी गर्न र परियोजना कार्य दिने,<br>• विभिन्न जाति र समुदाय अनुसार विशेष पर्व, जात्रा, जन्म,विवाह र मृत्यु संस्कारहरूको जानकारी गराई भिन्नता र समानताहरू पहिचान र विविधताको सम्मान गर्ने उपायहरू छलफल गर्ने,<br>• साइने सम्मान र मितेरी साइनोको पक्षहरू जानकारी गराउने, | उपयोगहरू उदाहरणबाट जानकारी गराउने,<br>• साइनो, सम्मान र मितेरी साइनोको विविध पक्षहरूको जानकारी गराउने,<br>• विभिन्न जाति र समुदायअनुसार विशेष पर्व, जात्रा, जन्म,विवाह र मृत्यु संस्कारहरूको जानकारी गराई भिन्नता र समानताहरू पहिचान गराउने र विविधताको सम्मान गराउने र यसबाट मानिसलाई अनुशासन र समाज विकासमा सहयोग गराउने साधनको रुपमा चिनाउने,<br>• पुराना र समसामयिक कलाबाट निर्मित वस्तुहरू र तिनको संरक्षणमा समुदायको भूमिका बताई प्रतिवेदन तयार गर्ने परियोजना कार्य गराउने,<br>• प्रविधिको विकास र जीविकोपार्जनको सम्बन्ध तथा फाइदाहरूको जानकारी गराई विविध उदाहरणहरू खोजी प्रस्तुत गर्ने,<br>• स्थानीय प्रविधिबाट तयार हुने उपयोगी परिकारहरूको जानकारी र निर्माण गर्ने चरण तयार गर्ने प्रयोगात्मक क्रियाकलाप गराउने। | उपयोगहरू उदाहरणबाट जानकारी गराउने,<br>• साइनो सम्बन्ध र मितेरी साइनोको पक्षहरू जानकारी गराई महत्त्व बताई संस्कारयुक्त समाज निर्माणमा यिनको भूमिक बताउने,<br>• विभिन्न जाति र समुदायअनुसारका विशेष पर्व, जात्रा, जन्म,विवाह र मृत्यु संस्कारहरूको जानकारी गराई भिन्नता र समानताहरू पहिचान गराउने र विविधताको सम्मान र यसका महत्त्व बताई छलफल गरी सहमतिका बुँदाहरू टिपाउने,<br>• पुराना र समसामयिक कलाबाट निर्मित वस्तुहरू र तिनको संरक्षणमा समुदायको भूमिका बताई प्रतिवेदन तयार गर्ने परियोजना कार्य गराउने,<br>• प्रविधिको विकास र जीविकोपार्जनको सम्बन्ध तथा फाइदाहरूको जानकारी गारई विविध उदाहरणहरू खोजी प्रस्तुत गर्ने,<br>• स्थानीय प्रविधिबाट तयार हुने उपयोगी परिकारहरूको जानकारी र निर्माण गर्ने चरण तयार गर्ने प्रयोगात्मक क्रियाकलाप गराउने,<br>• विशिष्ट र उपयोगी कला र प्रविधि संरक्षणमा स्थानीय सरकार र समुदायको |

| क्र.स. | विषय | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| | | • परम्परागत र नयाँ प्रविधिको तुलनात्मक समूह कार्य गर्ने,<br>• समाजमा भएका पुराना कलाबाट निर्मित वस्तुहरू र तिनको संरक्षणका फाइदाहरू तयार गरी प्रस्तुतीकरण गर्ने,<br>• साग,मूला,अमला,कागती र मूला आदिबाट स्थानीय प्रविधि प्रयोग गरी तयार भएको खानाको जानकारी दिने प्रयोगात्मक कार्यहरू गराउने यसको महत्त्व बताइदिने,<br>• ढिकी,जाँतो, टाँगो, बल्छी, पासो, घुयेँत्रो, गोरु गाडा, ठेला गाडा जस्ता पुराना प्रविधिसँग सम्बन्धित रमाइला कुराहरू आदनप्रदान गर्ने। | • साकाहारी र मांसहारी खानाका परिकारहरू विकास र भण्डारणमा प्रयोग गरिने स्थानीय प्रविधिको परिचय गराउने।<br>• अन्न भण्डारण गर्ने प्रविधिको जानकारी गराउने।<br>• ढिकी, जाँतो, मदानी,ठेकी, टाँगो, बल्छी,पासो, घुयेँत्रो, गोरु गाडा, तेल पेल्ने कोल, ठेला गाडा, हलो, जुवा, गोरु/ राँगा जोत्ने जस्ता पुराना वस्तुहरूको प्राविधिक प्रयोगसम्बन्धी छलफल गरी तिनको स्थानमा आएका आधुनिक प्रविधिको विषयमा छलफल गर्न। | भूमिका तथा योजनाको जानकारी प्रस्तुत गर्ने,<br>• कृषिकार्य( बाली लगाउने,गोडमेल, सङ्कलन र अन्न भण्डारण)मा प्रयोग हुने परम्परागत प्रविधिले खाद्य सुरक्षा,समय र पैसा सुरक्षाको पक्षहरू जानकारी गराउने<br>• ढिकी,जाँतो, मही पार्ने सामानहरू, टाँगो, बल्छी, पासो, घुयेँत्रो, गोरु गाडा, तेल पेल्ने कोल, ठेला गाडा, हलो, जुवा, गोरु/ राँगा जोत्ने जस्ता विभिन्न क्षेत्रका पुराना वस्तु र प्रविधिको जानकारी गराउने तिनको स्थान लिएका आधुनिक प्रविधिको छलफल गरी नयाँ प्रविधिको उपयोगको अवस्थाको परियोजना कार्य गराउने। |
| ७ | सम्भावित मूल्याङ्कन प्रक्रिया | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन<br>• सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने। | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन<br>• सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने। | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन<br>• सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने। |

| क्र.स. | विषय | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| १ | विषयवस्तुको क्षेत्र/एकाइ ६ | **लेटाङको ऐतिहासिक सम्पदा र पर्यटकीय स्थल** | **लेटाङको ऐतिहासिक सम्पदा र पर्यटकीय स्थल** | **लेटाङको ऐतिहासिक सम्पदा र पर्यटकीय स्थल** |
| २ | वार्षिक कार्यघण्टाः | १२ | १२ | १२ |
| ३ | विषयवस्तुको विस्तृतीकरण | • राजारानी क्षेत्रको जैविक विविधता र महत्त्व<br>• धार्मिक स्थलहरू र धार्मिक पर्यटन<br>• ऐतिहासिक स्थलहरूको संरक्षण<br>• प्राकृतिक पर्यटकीय स्थलहरू<br>• शैक्षिक पर्यटन<br>• वनभोजस्थल र पार्कहरूको व्यवस्थापन<br>• पर्यटन व्यवसायको आर्थिक फाइदा | • राजारानी क्षेत्रको जैविक विविधता र महत्त्व<br>• धार्मिक स्थलहरू र धार्मिक पर्यटन<br>• ऐतिहासिक स्थलहरूको संरक्षण<br>• प्राकृतिक पर्यटकीय स्थलहरू<br>• शैक्षिक पर्यटन<br>• वनभोजस्थल र पार्कहरूको व्यवस्थापन<br>• पर्यटन व्यवसायको आर्थिक फाइदा | • राजारानी क्षेत्रको जैविक विविधता र महत्त्व<br>• धार्मिक स्थलहरू र धार्मिक पर्यटन<br>• ऐतिहासिक स्थलहरूको संरक्षण<br>• प्राकृतिक पर्यटकीय स्थलहरू<br>• शैक्षिक पर्यटन<br>• वनभोजस्थल र पार्कहरूको व्यवस्थापन<br>• पर्यटन व्यवसायको फाइदाहरू<br>• पर्यटकीय क्षेत्रको विकासमा स्थानीय सरकारको भूमिका |
| ४ | क्षेत्रगत सिकाइ उपलब्धि | • राजारानी ताल र सो क्षेत्रको जैविक विविधताको परिचय दिन,<br>• पर्यटनको विविध पक्ष (शैक्षिक, आर्थिक, वातावरणीय)पक्षको व्याख्या गर्न,<br>• पर्यटन व्यवसायको फाइदा बताउन,<br>• ऐतिहासिक पर्यटकीय स्थानहरूको विकासका उपयाहरू बताउन,<br>• लेटाङको दृश्यावलोकन तथा | • राजारानी ताल र वनमा पाइने जैविक विविधताको व्याख्या गर्न र महत्त्व बताउन,<br>• पर्यापर्यटनमा स्थानीय वनको महत्त्व बताउन,<br>• धार्मिक,शैक्षिक र पर्यापर्यटक बढाउन सकिने क्षेत्रहरूको पहिचान गर्न,<br>• वनभोजस्थल र पार्कहरूको लागि आवश्यक पूर्वाधारको सूची तयार गर्न<br>• पर्यटन व्यवसायको विविध फाइदा व्याख्या गर्न। | • राजारानी ताल र स्थानीय वनमा पाइने जैविक विविधताको पहिचान र संरक्षणमा सहभागी हुन,<br>• धार्मिक,शैक्षिक र पर्यापर्यटकको महत्त्व बताउन,<br>• महत्त्वपूर्ण ऐतिहासिक र प्राकृतिक वस्तुहरूको संरक्षणका उपायहरू पहिचान गरी सहभागी हुन,<br>• पर्यटन विकासको पूर्वाधारहरू पहिचान र विकास गर्न,<br>• पर्यटन व्यवसायबाट हुने फइदाहरूको व्याख्या गर्न,<br>• पर्यटकीय क्षेत्रको विकासमा स्थानीय सरकार र निजी क्षेत्रको भूमिका व्याख्या गर्न। |

| क्र.स. | विषय | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| | | वनभोज स्थलहरूको पहिचान गर्न। | | |
| ६ | मुख्य सिकाइ क्रियाकलाप | • राजारानी ताल र वनको जैविक विविधता जानकारी गराउन स्थलगत अवलोकन गरी परियोजना कार्य गर्ने,<br>• शैक्षिक, आर्थिक, वातावरणीय पर्यटनको व्याख्या गरी उदाहरणहरू खोजी प्रस्तुत गर्ने,<br>• पर्यटन व्यवसायको फइदाहरू विषयमा छलफल र उदाहरणहरू दिने,<br>• ऐतिहासिक पर्यटकीय स्थलहरूको विकासका उपायहरू खोज गर्ने,<br>• लेटाङको दृश्यावलोकन गर्ने तथा वनभोज स्थलहरूको सूची बनाई विकासका सम्भावना र उपायहरू छलफल गर्ने,<br>• पार्क र चिडियाखानको विशेषताहरू बताईसूची बनाउन लगाउने। | • राजारानी ताल तथा वनमा पाइने वनस्पति र जीवको सूची बनाउने र महत्त्वहरूको विषयमा छलफल गर्ने,<br>• अध्ययन अनुसन्धान गर्न, मनोरञ्जन लिन, वातावरण सन्तुलन कायम राख्न र व्यवसाय सञ्चालन गर्नमा जैविक विविधताको सहयोग लिन सकिने भएकोले यसको महत्त्व रहेको बताउने,<br>• जैविक विविधताको उचित उपयोगका उपायहरू खोजी गरी अपनाउनुपर्ने सावधानीहरू जानकारी गराई छलफल गर्ने,<br>• पर्यापर्यटनको लागि स्थानीय वनको उपयोगी वनस्पति र वस्तुहरूको सूची तयार गर्ने परियोजना कार्य सञ्चालन गर्ने,<br>• सामुदायिक वनको वनस्पतिको आर्थिक र पर्यटकीय महत्त्व खोजी गरी बताउने,<br>• पर्यटन व्यवसायको जानकारी गराई यसका फइदाहरूको व्याख्या गर्ने,<br>• पर्यटन विकासको पूर्वाधारहरू सूचीकृत गर्ने,<br>• पर्यटन विकासका पूर्वाधारहरूको पहिचान | • राजारानी ताल तथा स्थानीय सामुदायिक वनमा पाइने जैविक विविधताको खोजी गरी सूची बनाउने,<br>• जैविक विविधताको अवस्था पहिचान गर्न जानकारहरूसँग अन्तरक्रिया गरी प्रतिवेदन तयार गरी प्रस्तुत गर्ने,<br>• स्थानीय जैविक विविधता संरक्षण र विकासमा भएका कामको जानकारी गराउने र संरक्षणमा योगदान गर्ने कार्यहरूको सूची तयार गर्ने,<br>• पर्यापर्यटनको विविध पक्षको जानकारी दिने र सम्भावनाको विषयमा जानकार पक्षसँग छलफल गर्ने,<br>• पर्यटन व्यवसायबाट हुने शैक्षिक, व्यवसायिक र पहिचानका फइदाहरूको व्याख्या गर्ने,<br>• पर्यटन विकासको पूर्वाधारहरू पहिचान र विकास प्रयोग गर्न संरक्षण गर्न गर्नुपर्ने कामहरूको सूची तयार गरी छलफल गर्ने,<br>• स्थानीय,प्रदेश र सङ्घीय सरकारको जानकारी गराउने,<br>• उद्योगी व्यवसायीहरू निजी क्षेत्रको भूमिकामा रहने जानकारी गराउने र यो क्षेत्रले आफ्नो लगानी गरी पर्यटन लगायत आर्थिक क्रियाकलाप सञ्चालनमा गति दिने कुरा व्याख्या गर्ने,<br>• निजी क्षेत्रको छलफल गर्ने र परिचय गराउने, |

| क्र.स. | विषय | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| | | | गर्ने र उचित प्रयोगसम्बन्धी छलफल गर्ने,<br>• अतिथि सत्कारमा हाम्रो परम्परागत प्रचलनहरू चर्चा गरी छलफल गर्ने,<br>• अतिथि आकर्षण र पर्यटन विकासका लागि गरिएका प्रयासहरू छलफल गर्ने। | • पर्यटकीय क्षेत्रको विकासमा स्थानीय सरकार र निजी क्षेत्रको भूमिका व्याख्या गर्ने। |
| ७ | सम्भावित मूल्याङ्कन प्रक्रिया | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन<br>• सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने। | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन<br>• सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने। | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन<br>• सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने। |

| क्र.स. | विषय | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| १ | विषयवस्तुको क्षेत्र/एकाइ ७ | **सरसफाइ, पोषण, योग र खेलकुद** | **सरसफाइ, पोषण, योग र खेलकुद** | **सरसफाइ, पोषण, योग र खेलकुद** |
| २ | वार्षिक कार्यघण्टाः | १२ | १२ | १२ |
| ३ | विषयवस्तुको विस्तृतीकरण | • नगर सरसफाइको विविध पक्ष<br>• स्वस्थ जीवन र वातावरण<br>• पोषण व्यवस्थापनका विविध पक्षहरू<br>• पोषणको स्थानीय स्रोत उपयोग<br>• खेलकुदको विकासमा स्थानीय सरकार | • नगर सरसफाइको विविध पक्ष<br>• स्वस्थ जीवन र वातावरण<br>• पोषण व्यवस्थापनका विविध पक्षहरू<br>• स्वस्थ्य जीवन प्रवर्द्धन र गरिबी निवारण<br>• पोषणको स्थानीय स्रोत उपयोग | • नगर सरसफाइको विविध पक्ष<br>• स्वस्थ जीवन र वातावरण<br>• पोषण व्यवस्थापनका विविध पक्षहरू<br>• स्वस्थ्य जीवन प्रवर्द्धन र गरिबी निवारण<br>• पोषणका स्थानीय स्रोत उपयोग<br>• खेलकुदको विकासमा स्थानीय सरकार<br>• योग शिक्षा र अभ्यास |

| क्र.स. | विषय | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| | | • योग शिक्षा र अभ्यास | • खेलकुदको विकासमा स्थानीय सरकार<br>• योग शिक्षा र अभ्यास | |
| ४ | क्षेत्रगत सिकाइ उपलब्धि | • नगरको सरसफाइमा असर पार्ने विविध पक्षको व्यवस्थापन गर्न र सचेत रहन,<br>• जीवन उपयोगी स्वस्थ वातावरण निर्माणमा योगदान गर्न र तिनको उपयोग गर्न,<br>• पोषण व्यवस्थापनका विविध पक्षहरूको पहिचान र उपयोग गर्न,<br>• कुपोषणले हुने समस्या निराकरणका उपायहरू अवलम्बन गर्न,<br>• पोषणको स्थानीय स्रोतहरूको उपयोग र सुरक्षाका विधिहरू पहिचान गर्न,<br>• खेलकुदको विकासमा स्थानीय सरकारले गरेको कामहरू पहिचान गर्न,<br>• योग अभ्यास गर्न र यसको शारीरिक तथा मानसिक फाइदा बताउन। | • नगरको सरसफाइमा नागरिक र स्थानीय सरकारको प्रयासको पहिचान गर्न र सकारात्मक भूमिक निर्वाह गर्न,<br>• नागरिकको स्वास्थ्य सुरक्षामा नगरको कार्यहरू विश्लेषण गर्न,<br>• पोषण व्यवस्थापनमा जनता र नगरले गरेका कामहरू पहिचान गर्न,<br>• कुपोषण र गरिबीको सम्बन्ध विश्लेषण गर्न,<br>• पोषणका स्थानीय स्रोत सुरक्षा र उपयोगमा स्थानीय समुदाय र सरकारको योगदान बताउन,<br>• खेलकुदको विकासमा सरकारले गरेको कामहरू उल्लेख गर्न,<br>• योग अभ्यास गर्न,<br>• योग अभ्यासको शारीरिक तथा मानसिक फाइदा बताउन,<br>• योगको महत्त्व बताउन। | • नगरको सरसफाइमा नागरिक र स्थानीय सरकारको कार्यको पहिचान गर्न,<br>• फोहोर व्यवस्थापनको दिगो उपायहरूको पहिचान र योगदान गर्न,<br>• सन्तुलित वातावरण निर्माण गर्ने काममा सहयोग गर्न,<br>• पोषण व्यवस्थापनमा नगरको योजना कार्यान्वयनमा योगदान गर्न,<br>• कुपोषण र गरिबीको सम्बन्ध पहिचान गर्न,<br>• स्वस्थ जीवन प्रवर्द्धन र गरिबी निवारणमा सकारात्मक कामहरू गर्न,<br>• स्वस्थ जीवनका आवश्यक सूचकहरू पूरा गर्न,<br>• पोषण सुरक्षा र उपयोगमा स्थानीय सरकारले गरेका विकासात्मक र प्रवर्द्धनात्मक कार्यहरूको पहिचान र सहभागी भइ योगदान गर्न,<br>• नगरपालिका स्तरमा भएका खेलकुद गतिविधिको विश्लेषण गर्न,<br>• योग अभ्यास गर्न,<br>• योग अभ्यासको शारीरिक तथा मानसिक फाइदा बताउन,<br>• योगको महत्त्व बताउन। |

| क्र.स. | विषय | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| ६ | मुख्य सिकाइ क्रियाकलाप | • फोहोर मैला, धुलो धुँवा र कार्बन जस्ता पक्षको जानकारी गराउने यससँग जानकार शिक्षक वा विज्ञसँग अन्तरवार्ता लिई प्रतिवेदन तयार गरी परियोंजना कार्य मार्फत अधिक ज्ञान हासिल गराउने,<br>• स्वस्थ जीवनको सूचक तयार गर्न छलफल गर्ने,<br>• सूचक प्राप्त गर्न उपयोगी स्वस्थ वातावरणमा आवश्यक कार्यहरूको सूची तयार गर्ने,<br>• पोषण व्यवस्थापनका स्थानीय कार्यहरूको जानकारी गराई पोषणको महत्त्व छलफल गर्ने,<br>• पोषणको अभावले शरीरमा हुने समस्याको जानकारी गराउने यसको लागि स्थानीय स्वास्थ्यकर्मी र विज्ञसँग परामर्श गरी निराकरणका उपाय खोजी गर्ने,<br>• रक्तअल्पता, कम तौल, पुड्कोपन र ख्याउटेपनको जानकरी गराउने अन्य विषयको पाठसँग सँगै क्रियाकलाप गराउने, | • सरसफाइका उपायको विषयमा छलफल गरी सूची तयार गरी प्रस्तुत गर्ने,<br>• फोहोर मैला, धुलो धुँवा र कार्वन जस्ता पक्षको व्यवस्थापन गर्न आवश्यक पूर्वाधार विषयमा छलफल गरी जानकारी गराउने,<br>• सरसफाइको क्षेत्रमा नगरले गरेको प्रयासहरू सूची बनाई प्रस्तुति गर्ने,<br>• स्वस्थ जीवनमा उपयुक्त वातावरणीय पक्षको सूचक तयार गर्न छलफल गरी सूची तयार गर्ने,<br>• स्वच्छ वातावरण निर्माण गर्न जनता र नगरले गर्नुपर्ने सुधारका कामको जानकारी गराउन नगर तथा वडाको अवस्था जानकारी गराउन सहजीकरण गर्ने,<br>• पोषण व्यवस्थापनमा भइरहेका कामहरूको जानकारी गराउने,<br>• पोषण अभाव र गरिबीको सम्बन्धको छलफल गरी यस शीर्षकमा निबन्ध र वक्तृत्वकला जस्ता प्रतियोगिताहरू सञ्चालन गर्ने,<br>• स्थानीय खानाहरूबाट पाइने पोषणका जानकारी गराउन तालिका निर्माण गरी तिनको प्रयोग र संरक्षणको उपायहरू | • सरसफाइमा असर पार्ने विविध पक्षको विषयमा छलफल गराई जानकारी गराउने,<br>• फोहोर मैला, धुलो धुँवा र कार्वन जस्ता पक्षको न्यूनीकरण उपयोगको व्यवस्थापनको पूर्वाधारको जानकारी गराई विकल्पहरूको खोजी र प्रयोग गर्ने चुनौतीहरूको जानकारी गराउने,<br>• स्थानीय वातावरण सन्तुलित बनाउने मानवीय क्रियाकलापको जानकारी गराई नकारात्मक पक्षको नियन्त्रण गर्न उपायहरूको छलफल गर्ने,<br>• नगरको आवधिक योजनाको जानकारी गराउने,<br>• दिगो विकासमा वातावरण संरक्षणका पक्षहरू छलफल गराउने,<br>• जीवनोपयोगी वातावरण निर्माणमा मानवीय क्रियाकलापको चर्चा गर्ने,<br>• स्वास्थ्यको पूर्वाधार विकासका कार्यक्रमहरू जानकारी गराउने,<br>• पोषण व्यवस्थापनमा नगरको योजना र कार्यक्रमहरू छलफल गरी कार्यान्वयनमा भूमिकाहरूको जानकारी गराउने,<br>• पोषणको अभावको समस्याहरू सूचीकृत गर्ने शरीरमा हुने समस्या न्यूनीकरण गर्न आवश्यक उपायहरू छलफल गरी सहजीकरण गर्ने<br>• पोषणको उपयुक्त व्यवस्थापनबाट मानिसको |

| क्र.स. | विषय | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| | | • पोषणका स्थानीय स्रोत सुरक्षा र उपयोगमा सकारात्मक विधिहरूको जानकारी छलफल गर्ने,<br>• खेलकुदको विकासमा स्थानीय सरकारले गरेको कामहरू सूची तयार गर्ने,<br>• लेटाङमा भएका खेलकुद प्रतियोगिताको जानकारी गराउने,<br>• भास्तृका र अनुलोमविलोम गर्न सिकाउने, विभिन्न आसनहरूसँगै अभ्यास गर्ने र नियमित गर्न सहजीकरण गर्ने,<br>• योग अभ्यास गर्न र शारीरिक तथा मानसिक फाइदा बताउने,<br>• दैनिक योग अभ्यासको शारीरिक तथा मानसिक फाइदाहरू छलफल गर्ने। | बताउने र जोखिमहरू बताई सुरक्षा जानकारी गराउने,<br>• खेलकुदको विकासका विविध पक्षको जानकारी गराई यस क्षेत्रमा स्थानीय सरकारले गरेको कामहरू जानकारी गराउने,<br>• खेलकुद प्रतियोगिता र यसका फाइदाहरू सम्बन्धी जानकारी गराउने<br>• भास्तृका र अनुलोमविलोम गर्न सिकाउने, विभिन्न आसनहरूसँगै अन्य योग अभ्यास गर्ने र नियमित गर्न सहजीकरण गर्ने<br>• योग अभ्यास गर्न र शारीरिक तथा मानसिक फाइदा बताउने<br>• दैनिक योग अभ्यासको शारीरिक तथा मानसिक फाइदाहरू छलफल गर्ने। | कार्यक्षमताको वृद्धि गरी आय वृद्धि र गरिबी हटाउन सकिने विषयमा जानकारी गराउने,<br>• पोषणको स्थानीय स्रोत सुरक्षा र उपयोगमा विकासात्मक र प्रवर्द्धनात्मक कार्यहरू जानकारी गराउने,<br>• खेलकुदको विकासमा स्थानीय सरकारले गरेको कामहरू छलफल गरी सूची तयार गर्ने,<br>• खेलकुद प्रतियोगितासम्बन्धी जानकारी गराउने,<br>• भास्तृका र अनुलोमविलोम गर्न सिकाउने, विभिन्न आसनहरूसँगै अन्य योग अभ्यास गर्ने र नियमपूर्वक गर्न सहजीकरण गर्ने<br>• योग अभ्यास गर्न र शारीरिक तथा मानसिक फाइदा बताउने।<br>• दैनिक योग अभ्यासको शारीरिक तथा मानसिक फाइदाहरू छलफल गर्ने र नियमित योग अभ्यास गर्न प्रेरित गर्ने। |
| ७ | मूल्याङ्कन प्रक्रिया | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन<br>• सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने। | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन<br>• सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने। | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन<br>• सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने। |

| क्र.स. | विषय | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| १ | विषयवस्तुको क्षेत्र/एकाइ ८ | **लेटाङको आर्थिक क्रियाकलाप** | **लेटाङको आर्थिक क्रियाकलाप** | **लेटाङको आर्थिक क्रियाकलाप** |
| २ | वार्षिक कार्यघण्टाः | १५ | १५ | १५ |
| ३ | विषयवस्तुको विस्तृतीकरण | • लेटाङको खाद्य तथा नगदे बालीको परिचय<br>• पशुपन्छीपालन व्यवसायको अवस्था<br>• कृषि, खनिज र वन पैदावारको व्यापार<br>• हाट र बजारको विकास<br>• पर्यर्टन व्यवसाय र आवश्यक पूर्वाधार<br>• सहकारीका विविध पक्षहरू<br>• मितव्ययी व्यवहार | • लेटाङको खाद्य तथा नगदे बालीको परिचय<br>• पशुपन्छीपालन व्यवसायको अवस्था<br>• कृषि, खनिज र वन पैदावारको व्यापार<br>• हाट र बजारको विकास<br>• पर्यटन व्यवसायका क्षेत्र र आवश्यक पूर्वाधार<br>• सहकारीको विविध पक्षहरू<br>• मितव्ययी व्यवहार | • लेटाङको खाद्य तथा नगदे बालीको परिचय<br>• पशुपन्छीपालन व्यवसायको अवस्था<br>• कृषि, खनिज र वन पैदावारको व्यापार<br>• हाट र बजारको दिगो विकास<br>• पर्यटन व्यवसायका र आवश्यक पूर्वाधार<br>• सहकारीको विकास र फाइदाहरू<br>• मितव्ययी व्यवहार |
| ४ | क्षेत्रगत सिकाइ उपलब्धि | • स्थानीय खाद्य तथा नगदे बालीको उचित उपयोग गर्ने उपायहरू बताउन,<br>• कृषि तथा पशुपन्छीपालन व्यवसायको अवस्था बताउन,<br>• लेटाङबाट अन्यत्र निर्यात हुने वस्तुहरू पहिचान गर्न<br>• हाट बजारको सुधारबाट हुने फाइदाहरू बताउन,<br>• पर्यर्टन विकासको पूर्वाधारको अवस्था बताउन | • लेटाङमा कृषि र पशुपन्छी उत्पादन वृद्धिमा गरिएको प्रयासहरू पहिचान गर्न,<br>• स्थानीय कृषि, खनिज, वन पैदवार र औधोगिक वस्तुको व्यापारबाट लाभदायी कार्यहरू पहिचान गर्न,<br>• हाट बजार सुधारका उपायहरू पहिचान गर्न,<br>• राजारानी क्षेत्र,कोलुङ झरना, किसे झरना र जाँते लगायतका क्षेत्रमा पूर्वाधारहरू विकासको अवस्था पहिचान गर्न,<br>• मितव्ययी बन्ने उपायको उचित उपयोग गर्न, | • कृषि र पशुपन्छी उत्पादन वृद्धि गर्ने योजना र कार्यक्रमको पहिचान गर्न,<br>• कृषि विकास योजना कार्यान्वयनको अवस्था पहिचान गर्न,<br>• स्थानीय वस्तुको निर्यात व्यापारबाट फाइदा लिने दिर्घकालीन उपायहरू पहिचान गर्न,<br>• हाट बजारको दिगो व्यवस्थापनका कार्यहरू पहिचान गर्न,<br>• स्थानीय पर्यटकीय क्षेत्रको विकास गर्ने योजनाको कार्यान्वयनमा सकारात्मक भूमिक निर्वाह गर्न, |

| क्र.स. | विषय | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| | | • सहकारी, बचत तथा ऋणको महत्त्व बताउन। | • सहकारीका फाइदाहरू बताउन,<br>• स्थानीय जडीबुटीको आर्थिक उपयोग बताउन, | • लेटाङको विकासमा सहकारीले गरेको योगदानको चर्चा गर्न,<br>• स्थानीय जडीबुटी तथा वन पैदावारको आर्थिक उपयोग बताउन, |
| ६ | मुख्य सिकाइ क्रियाकलाप | • लेटाङको खाद्य तथा नगदे बालीको परिचय दिने,<br>• बालीको उपयोग व्याख्या गर्ने,<br>• स्थानीय स्तरमा पशुपन्छीपालन व्यवसायको अवस्था जानकारी गराई समूहकार्यको माध्यमबाट अवस्था पहिचान गराउने,<br>• स्थानीय कृषि, खनिज, वन पैदावार र औधोगिक वस्तुको आन्तरिक र वाह्य व्यापारको जानकारी गराउने,<br>• हाट र बजार राम्रो बनाउँदा हुने फाइदाहरूको जानकारी गराउने<br>• होटल व्यवसायको परिचय गराउने,<br>• पयर्यटनका लागि आवश्यक पूर्वाधारहरू सडक यातायात वा सहज पहुँच, होटल, कला संस्कृतिको सम्भावना, शैक्षिक तथा धार्मिक केन्द्रहरू र | • लेटाङको खाद्य तथा नगदे बालीको परिचय र तिनको उपयोग सम्बन्धी छलफल गर्ने,<br>• स्थानीय स्तरमा पशुपन्छीपालन व्यवसायको अवस्था जानकारी गराई यसबाट अधिक फाइदा लिन आवश्यक कामको जानकारी गराउने,<br>• स्थानीय कृषि, खनिज, वन पैदावार र औधोगिक वस्तुको आन्तरिक र बाह्य व्यापारको जानकारी गराउने र तुलना गर्ने,<br>• उद्योग, व्यापार, हाट र बजारको विकास गर्ने उपायहरूको जानकारी गराउने<br>• होटल व्यवसायका परिचय गराउने<br>• पयर्यटनका लागि आवश्यक पूर्वाधारहरू सडक यातायात वा सहज पहुँच, होटल, कला संस्कृतिको सम्भावना, शैक्षिक तथा धार्मिक केन्द्रहरू र सकारात्मक व्यवहारको विकासका विभिन्न पक्षको जानकारी गराउने, | • नगरपालिकाको बाली उत्पादन वृद्धिमा सरकार र नागरिकले गर्नुपर्ने योजना र कार्यक्रमहरू खोजी जानकारी गराउने,<br>• पशुपन्छीपालन व्यवसायको सुधार गर्न योजनाहरू र कार्यान्वयनको अवस्था जानकारी गराउने,<br>• स्थानीय कृषि, खनिज, वन पैदावार र औधोगिक वस्तुको निर्यात व्यापारमा दीर्घकालीन असरहरूको जानकारी गराउने,<br>• व्यापार व्यवसायको नकारात्मक पक्षबाट सावधानीका उपायहरू खोजी गरी सूची तयार गर्ने,<br>• हाट र बजारको दिगो व्यवस्थापनका उपायहरूको जानकारी गराउने,<br>• होटल व्यवसायमा विविधीकरणका उदाहरण दिँदै यसका फाइदाहरू जानकारी गराउने,<br>• राजारानी क्षेत्र,किसे झरना, जाँते लगायतका क्षेत्रको बहुपक्षीय शैक्षिक तथा अनुसन्धान, योग ध्यान र धार्मिकएवम् सांस्कृतिक र मनोरञ्जन पर्यटनको विकासका योजनाको जानकारी गराई सम्भावनाको उपयोग गर्ने उपायहरूको खोजी गर्न लगाउने,<br>• लेटाङको आर्थिक विकासमा सहकारी क्षेत्रको योगदानको चर्चा |

| क्र.स. | विषय | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| | | सकारात्मक व्यवहारको विकासका विभिन्न पक्षको जानकारी गराउने<br>• सहकारीका विविध पक्षहरू लगानी, बचत सङ्कलन र ऋण परिचालन,समूह परिचालन जस्ता विषयमा जानकारी गराउने<br>• स्थानीय वन जङ्गलमा रहेको जडीबुटी र विरूवाको प्रयोग र व्यापारबाट हुने लाभ बताउने। | • सहकारीका विविध पक्षहरू लगानी, बचत सङ्कलन र ऋण परिचालन,समूह परिचालन जस्ता विषयमा जानकारी गराई यसको फाइदाहरू छलफल गर्ने,<br>• मितव्ययी बन्ने, बचत गर्ने बानीको फाइदाहरूको जानकारी गराउने,<br>• स्थानीय वन जङ्गलमा रहेको जडीबुटी र विरूवाको प्रयोग र व्यापारबाट हुने लाभ बताउने। | गर्दै र सहकारी क्षेत्रको विकासका स्थानीय उपायहरू खोजी गर्न लगाई प्रस्तुत गर्न लगाउने,<br>• मितव्ययी बन्न खर्च गर्ने क्षेत्रहरूको प्राथमिकता गरी समय र पैसा बचत गर्ने बानीको फाइदाहरूको जानकारी गराउने,<br>• स्थानीय जडीबुटी तथा वन पैदवारको दीर्घकालीन उपयोग योजना र कार्यक्रमहरू खोजी गरी उपयुक्त उपायको अवलम्बन गर्न सहजीकरण गर्ने,<br>• स्थानीय वन जङ्गलमा रहेको जडीबुटी र विरूवाको नियमपूर्वक व्यापार र यसको संरक्षणमा ध्यान दिनुपर्ने पक्षहरूको विषयमा छलफल गर्ने। |
| ७ | सम्भावित मूल्याङ्कन प्रक्रिया | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन<br>• सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने। | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन<br>• सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने। | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन<br>• सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने। |

| क्र.स. | विषय | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| १ | विषयवस्तुको क्षेत्र/एकाइ ९ | **विपद् व्यवस्थापन र सुरक्षा** | **विपद् व्यवस्थापन र सुरक्षा** | **विपद् व्यवस्थापन र सुरक्षा** |
| २ | वार्षिक कार्यघण्टाः | १५ | १५ | १५ |

| क्र.स. | विषय | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| ३ | विषयवस्तुको विस्तृतीकरण | • प्राकृतिक प्रकोपबाट हुने क्षति न्यूनीकरणका उपायहरू<br>• नदीजन्य पदार्थको अधिक उत्खननका असर<br>• वन विनासबाट हुने विपद्<br>• विपद्को असर कम गर्ने उपायहरू<br>• मानव बेचविखन तथा कुलतबाट हुने व्यक्तिगत समस्याहरू र तिनको न्यूनीकरण<br>• बालबालीकाको सुरक्षा<br>• सुरक्षा र अन्य निकायहरू | • प्राकृतिक प्रकोपबाट हुने क्षति न्यूनीकरणका उपायहरू<br>• नदीजन्य पदार्थको अधिक उत्खननका असर<br>• वन विनासबाट हुने विपद्<br>• विपद्को असर कम गर्ने उपायहरू<br>• मानव बेचविखनबाट सुरक्षा<br>• बालबालीकाको सुरक्षा<br>• सुरक्षा र अन्य निकायहरू<br>• लागुपदार्थ दुर्व्यसनबाट बच्ने उपायहरू | • प्राकृतिक प्रकोपबाट हुने क्षति न्यूनीकरणका उपायहरू<br>• नदीजन्य पदार्थको अधिक उत्खननका असर<br>• वन विनासबाट हुने विपद्<br>• विपद्को असर कम गर्ने उपायहरू<br>• मानव बेचविखन र कुलतबाट सुरक्षा<br>• बालबालीकाको सुरक्षा<br>• सुरक्षा र अन्य निकायहरू<br>• लागुपदार्थ दुर्व्यसनबाट बच्ने उपायहरू<br>• विपद् व्यवस्थापनयोजना तर्जुमा र कार्यान्वयन |
| ४ | क्षेत्रगत सिकाइ उपलब्धि | • प्राकृतिक प्रकोप र अन्य विपद्को न्यूनीकरण गर्न घर, विद्यालय र समुदायमा सावधानी र बचाउमा योगदान गर्न,<br>• नदीजन्य पदार्थको उत्खनन तथा वन विनासबाट हुने विपद् को जानकारी र सावधानी अपनाउन,<br>• विपद् उत्थानशीलताको अवधारणा विकास गर्न,<br>• मानव तथा सामुदायिक सुरक्षाको जानकारी र योगदान गर्न,<br>• हिंसाको अन्त्य र बालबालीका सुरक्षाका उपाय पहिचान गर्न। | • प्राकृतिक प्रकोप र अन्य विपद्को न्यूनीकरण गर्न घर विद्यालय र समुदायमा सावधानी र बचाउमा योगदान गर्न,<br>• नदीजन्य पदार्थको उत्खनन तथा वन विनासबाट हुने विपद्को जानकारी र सावधानीका उपायहरू अपनाउन,<br>• विपद् उत्थानशीलताको कामहरूको पहिचान गर्न,<br>• मानव तथा सामुदायिक सुरक्षाको जानकारी र योगदान गर्न,<br>• हिंसा अन्त्य र बालबालीका सुरक्षाका क्रियाकलापहरू पहिचान गर्न, | • प्राकृतिक प्रकोप र अन्य विपद्को न्यूनीकरण गर्न घर विद्यालय र समुदायमा सावधानी र बचाउमा योगदान गर्न,<br>• नदीजन्य पदार्थ  वन सम्पदाको अव्यवस्थित उपयोग र विनासबाट हुने विपद्को व्याख्या गर्न,<br>• नदी र वन संरक्षमा योगदान गर्न,<br>• विपद् उत्थानशीलतामा सहयोग गर्न,<br>• मानव तथा सामुदायिक सुरक्षाको जानकारी र सकारात्मक योगदान गर्न,<br>• हिंसा अन्त्य तथा बालबालीका सुरक्षा र समावेशी विकासमा योगदान गर्न,<br>• लागुपदार्थ दुर्व्यसनबाट सचेत रहने, |

| क्र.स. | विषय | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| | | | • लागुपदार्थ दुर्व्यसनका कारण र असरहरू पहिचान गरी सतर्क रहन। | • विपद् व्यवस्थापनसम्बन्धी योजनाको जानकारी र सहयोग गर्न। |
| ६ | मुख्य सिकाइ क्रियाकलाप | • प्राकृतिक प्रकोपबाट हुने क्षति न्यूनीकरण र यसका लागि गर्नुपर्ने उपायहरू र जिम्मेवार व्यक्ति तथा निकायको जानकारी गराउने,<br>• नदीजन्य पदार्थको उत्खनन, व्यवस्थापन र विपद्को सम्बन्ध विश्लेषण गर्दै परियोजना कार्य गराउने,<br>• वनको अत्याधिक प्रयोगबाट हुने विपद् र विपद् रोकथामका उपायहरू जानकारी गराउने,<br>• विपद् उत्थानशीलताको जानकारी गराउने,<br>• सङ्क्रामक रोगबाट हुने विपद्बाट बच्न गर्नुपर्ने कामहरू जानकारी गराउने,<br>• मानव बेचबिखन तथा कुलतका समस्याहरू समाधानका उपायहरूको विश्लेषण गर्ने,<br>• बालबालीका सुरक्षाका लागि विद्यालय र सुरक्षा निकायको भूमिका विश्लेषण गर्ने,<br>• सामाजिक सञ्जाल र मोबाइल फोन | • प्राकृतिक प्रकोपबाट हुने क्षति न्यूनीकरण र यसका लागि गर्नुपर्ने उपायहरू र जिम्मेवार व्यक्ति तथा निकायको जानकारी गराई स्थानीय अवस्थाअनुसार प्रतिवेदन तयार गर्न लगाउने,<br>• नदीजन्य पदार्थको व्यवस्थित उत्खनन बाट हुने फाइदाका लागि गर्नुपर्ने कामहरू जानकारी गराउने,<br>• वनको संरक्षण र व्यवस्थित प्रयोगबाट हुने फाइदाहरूको परियोजना कार्यको तयारी गराई प्रतिवेदन तयार गराउने,<br>• विपद् उत्थानशीलताको जानकारी गराई यसका आधारहरू जानकारी गराउने,<br>• सङ्क्रामक तथा अन्य रोगबाट बच्न अपनाउनुपर्ने उपायहरू जानकारी गराउने,<br>• मानव बेचबिखन तथा कुलतका व्यक्तिगत र सामुदायिक स्तरमा हुने समस्याहरूको विश्लेषण गर्ने, | • प्राकृतिक प्रकोपबाट हुने क्षति न्यूनीकरण र यसका लागि गर्नुपर्ने उपायहरू र जिम्मेवार व्यक्ति तथा निकायको जानकारी गराई भूमिकाहरू सूचीकृत गर्ने र सुरक्षित रहन थप गर्नुपर्ने कामको समीक्षा गर्ने,<br>• नदीजन्य पदार्थको पहिचान र व्यवस्थित उत्खननबाट लिन सकिने फाइदाका लागि गर्नुपर्ने राम्रा कामहरूको जानकारी गराउने सो सम्बन्ध प्रतिवेदन बनाउन लगाउने,<br>• वनको संरक्षण र व्यवस्थित प्रयोगको जानकारी गराउने,<br>• वन संरक्षणबाट हुने फाइदाहरूको विषयमा छलफल गरी प्रतिवेदन तयार गराउने र व्यवस्थित प्रयोगको लागि समुदायको भूमिका विश्लेषण गर्ने,<br>• विपद् उत्थानशीलताको जानकारी गराई सरकारले सो का लागि गरेको प्रयासहरू जानकारी गराउने<br>• सङ्क्रामक तथा अन्य रोगबाट बच्न अपनाउनुपर्ने उपायहरू जानकारी गराई प्रयोग गर्ने विषयमा छलफल गर्ने र पूर्वसावधानीका कामहरू जानकारी गराउने, |

| क्र.स. | विषय | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| --- | --- | --- | --- | --- |
| | | सञ्चालनमा गोपनीयताका फाइदा र भाइरल हुनुका नकरात्मक पक्षहरू जानकारी दिने र सुरक्षामा हुने खतराप्रति सचेत रहन सहजीकरण गर्ने,<br>• मानव सुरक्षाका लागि प्रहरी र अन्य सुरक्षा निकायहरूको जानकारी गराउने व्यवस्थाको छलफल गराउने। | • बालबालीकाको सुरक्षालाई प्रभावकारी बनाउने उपायहरू विश्लेषण गर्ने,<br>• सामाजिक सञ्जाल र मोबाइल फोन सञ्चालनमा गोपनीयताको व्यवस्थापन र फाइदाहरू छलफल गरी उचित प्रयोगहरू बताउने,<br>• सामाजिक सञ्जालहरू अधिक प्रयोग तथा त्यसबाट भाइरल बन्नुका नकरात्मक पक्षहरू जानकारी दिने र सुरक्षा खतरा प्रति सचेत रहन सहजीकरण गर्ने,<br>• दुर्व्यसनीका कारण विकासमा पर्न सक्ने नकरात्मक असरहरूको जानकारी गराउने,<br>• प्रहरी र अन्य सुरक्षा निकायहरूको कामहरूको संक्षिप्त जानकारी गराउने। | • मानव बेचबिखन तथा कुलतबाट व्यक्तिगत र सामुदायिक स्तरमा हुने समस्याहरूको विश्लेषण गर्ने गरी सुरक्षाका लागि भूमिका निर्वाह गराउने,<br>• बालबालीका तथा महिलाका सुरक्षा र संरक्षणका लागि स्थानीय सरकारले गरेका कार्यक्रमको जानकारी गराउने र प्रभावकारी कार्यान्वयनको व्यावहारिक उपायहरू विश्लेषण गर्ने,<br>• सामाजिक सञ्जाल र मोबाइल फोन सञ्चालनमा गोपनीयताका उपायहरू जानकारी गराउने गोपनीयता नहुँदाको खतराहरू छलफल गर्ने,<br>• सामाजिक सञ्जालका सकारात्मक र नकारात्मक पक्षहरू जानकारी गराउने र सुरक्षा खतरा प्रति सचेत रहन यसको प्रयोगबाट हुने विविध पक्षको छलफल गरी सहजीकरण गर्ने,<br>• दुर्व्यसनीबाट विकासमा पर्न सक्ने समस्याहरू छलफल गर्ने र समुदायमा यसको अवस्था छलफल गर्ने,<br>• दुर्व्यसनीसम्वन्धी विविध पक्षका समस्याहरू समाधानका लागि स्थानीय विद्यार्थीको क्रियाकलापहरू जानकारी गराउने,<br>• समाजको सुरक्षामा प्रहरी र अन्य सुरक्षा निकायहरूको कामको सामान्य जानकारी |

| क्र.स. | विषय | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| | | | | गराउने र बालबालीका सुरक्षामा यी निकाय र समुदायको भूमिका छलफल गर्ने। |
| ७ | सम्भावित मूल्याङ्कन प्रक्रिया | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन<br>• सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने। | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन<br>• सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने। | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन<br>• सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने। |

| क्र.स. | विषय | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| १ | विषयवस्तुको क्षेत्र/एकाइ १० | **स्थानीय मातृभाषाको अध्ययन** | **स्थानीय मातृभाषाको अध्ययन** | **स्थानीय मातृभाषाको अध्ययन** |
| २ | वार्षिक कार्यघण्टाः | १२ | १२ | १२ |
| ३ | विषयवस्तुको विस्तृतीकरण | • मातृभाषा प्रयोगको महत्त्वहरू<br>• मातृभाषामा गन्तीका शब्दहरू १ देखि ७० सम्म<br>• समुदायको मातृभाषामा आदरार्थी शब्दहरू<br>• पहिरन तथा गरगहनाहरूको पहिचान र महत्त्व<br>• लिङ्ग र काल अनुसार शब्दहरू | • मातृभाषा प्रयोगको महत्त्वहरू<br>• मातृभाषाको नाम र सर्वनाम शब्दहरू<br>• मातृभाषामा गन्तीका शब्दहरू १ देखि ९० सम्म<br>• समुदायको मातृभाषामा क्रियापदसम्बन्धी शब्दहरू<br>• पहिरन तथा गरगहनाहरूको प्रयोग र संरक्षण<br>• स्थानीय मातृभाषामा नामाङ्करण भएका स्थानहरूको नाम | • मातृभाषा प्रयोगको महत्त्वहरू<br>• मातृभाषाको नाम र सर्वनाम शब्दहरू<br>• मातृभाषामा गन्तीका शब्दहरू १ देखि १०० सम्म<br>• समुदायको मातृभाषामा क्रियापदसम्बन्धी शब्दहरू<br>• मातृभाषाका विपरीतार्थी शब्दहरू<br>• स्थानीय मातृभाषाका लिपिहरू<br>• स्थानीय जातजातिहरूको लोकबाजाहरू<br>• मातृभाषाको सामान्य विशेषण क्रियापद शब्दहरू<br>• मातृभाषा सम्बन्धी नीतिगत तथा कानूनी व्यवस्था |

| क्र.स. | विषय | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| | | | • भाषा संस्कृतिको संरक्षणमा स्थानीय सरकार र समुदायको भूमिका | • मातृभाषा संरक्षण र विकासमा जिम्मेवार पक्षहरू (स्थानीय सरकार, सामुदायिक संस्था र समुदाय) |
| ४ | क्षेत्रगत सिकाइ उपलब्धि | • मातृभाषाको महत्त्व जानकारी राख्न,<br>• मातृभाषामा अङ्कको जानकारी राख्न,<br>• मातृभाषामा आदरार्थी शब्दहरू,पहिरन तथा गहनाहरूको प्रयोग र संरक्षण गर्न,<br>• लिङ्ग र काल अनुसार मातृभाषिक शब्दहरूको प्रयोग गर्न, | • आफ्नो मातृभाषामा नाम र सर्वनाम (शब्द वर्ग) को पहिचान र प्रयोग गर्न,<br>• मातृभाषामा अङ्कको जानकारी राख्न,<br>• पुरूष, वचन र कालअनुसार शब्दहरूको प्रयोग गर्न,<br>• भाषिक तथा जातीय विशिष्ट संस्कृतिको पहिचान र संरक्षणमा योगदान गर्न,<br>• समुदाय तथा महत्त्वपूर्ण स्थानहरू पहिचान गर्न,<br>• भाषा, संस्कृतिको संरक्षणमा विभिन्न निकायको भूमिका पहिचान गर्न। | • मातृभाषामा नाम र सर्वनाम (शब्द वर्ग) को वर्गीकरण र प्रयोग गर्न,<br>• मातृभाषामा अङ्कको जानकारी राख्न,<br>• मातृभाषामा पुरूष, वचन र कालअनुसार शब्दहरूको जानकारी राख्न<br>• मातृभाषाका विपरीतार्थी र पर्यायवाची शब्दहरू प्रयोग गर्न,<br>• लिपिहरू, मातृभाषाका लोककथा,बाजा र गीतहरू जानकारी गराउन,<br>• सामान्य चलन चल्तीका विशेषणहरू, क्रियापदहरूको प्रयोग गर्न,<br>• भाषा संस्कृतिको उपयोगिता तथा संरक्षणको जिम्मेवार पक्ष र निकायहरूको भूमिका पहिचान गर्न। |
| ६ | मुख्य सिकाइ क्रियाकलाप | • मातृभाषा र संस्कृतिको महत्त्व बताइदिने,<br>• मातृभाषामा १ देखि ५० सम्म गन्न अभ्यास गर्ने,<br>• मातृभाषामा आदरार्थी शब्दहरूको पहिचान र प्रयोग गर्ने,<br>• पहिरन तथा गहनाहरूको उचित प्रयोग र | • मातृभाषाको नाम र सर्वनाम (शब्द वर्ग) को पहिचान र प्रयोग गर्न अभ्यास गर्ने,<br>• मातृभाषामा १ देखि ६० सम्म गन्न अभ्यास गर्ने,<br>• मातृभाषामा प्रयोग हुने शब्दहरू पुरूष, बचन र कालअनुसार छुट्याउने र प्रयोग गर्ने अभ्यास गर्ने,<br>• भाषिक तथा जातीय विशिष्ट संस्कृतिको प्रयोग र संरक्षणका नमूनाहरू खोजी प्रदर्शन गर्ने, | • मातृभाषामा प्रयोग हुने नाम र सर्वनाम (शब्द वर्ग) को वर्गीकरण र प्रयोगहरू जानकारी गराउने,<br>• मातृभाषामा १ देखि १०० सम्म गन्न अभ्यास गराउने,<br>• समुदायको मातृभाषामा पुरूष, बचन र कालअनुसार शब्दहरूको प्रयोग गर्न अभ्यास गर्ने,<br>• मातृभाषाका विपरीतार्थी र पर्यायवाची शब्दहरू देवनागरीमा लेखी छुट्याउन र प्रयोग गर्न अभ्यास गर्ने,<br>• विभिन्न भाषाको लिपिहरूको नाम सूचीकृत गर्ने, |

| क्र.स. | विषय | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| | | संरक्षणका उपायहरू पहिचान गरी सूचीकृत गर्ने,<br>• लिङ्ग र कालअनुसार मातृभाषिक शब्दहरूको प्रयोगको आवश्यकता र अवस्थाअनुसार अभ्यास गराउने। | • समुदाय तथा महत्त्वपूर्ण स्थानहरूको नामाकरणसँग जोडिएका कथाहरू भन्न प्रस्तुति गरी जानकारी गराउने,<br>• भाषा, संस्कृतिको संरक्षणमा स्थानीय सरकार र समुदायको भूमिका बताउने। | • मातृभाषाको लोककथा,बाजा र गीतहरू चिनाउने र भन्न/गाउन अभ्यास गर्ने,<br>• सामान्य चलन चल्तीका विशेषणहरू प्रयोगको अवस्था बताउने,<br>• क्रियापदहरूको प्रयोग गर्न अभ्यास गराउने,<br>• भाषा संस्कृतिको पहिचान र पर्यटकीय उपयोगिताहरू बताउन,<br>• भाषा संस्कृतिको संरक्षणको जिम्मेवार पक्ष र निकायहरू पहिचान गर्ने तिनको कार्यको जानकारी गराई समीक्षा गर्ने। |
| ७ | मूल्याङ्कन प्रक्रिया | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन<br>• सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने। | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन<br>• सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने। | • निरन्तर विद्यार्थी मूल्याङ्कन<br>• क्षेत्र भ्रमण,परियोजना र प्रयोगात्मक कार्यको मूल्याङ्कन<br>• सम्बन्धित विषय क्षेत्रको ज्ञानसम्बन्धी लिखित तथा मौखिक परीक्षा सञ्चालन गर्ने। |

(*मातृभाषा विद्यालयले छनोट गरी पठन-पाठन गर्नु पर्ने छ। शिक्षण सिकाइ सहजीकरणको समयमा छनोट भएको मातृभाषासँगै बालबालीकाको आफ्नै मातृभाषामा पनि अभ्यास गर्ने अवसर दिइ मूल्याङ्कनको व्यवस्था गर्नु पर्ने छ।)

# सन्दर्भ सामग्री


१. विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६, नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर।

२. आधारभूत शिक्षा (कक्षा १-३) पाठ्यक्रम,२०७६, नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर।

३. आधारभूत शिक्षा (कक्षा ४-५) पाठ्यक्रम,२०७६, नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर।

४. आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम,२०७७, नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर।

५. स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित), २०७६, नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर।

६. स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि स्थानीय तहका सरकारी निकायहरूका लागि अभिमुखिकरण निर्देशिका,२०७७, नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर।

७. लेटर ग्रेडीङ निर्देशिका, २०७८, नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर।

८. हाम्रो सुनापती, आधारभूत तह (कक्षा ६-८) को स्थानीय पाठ्यक्रम,२०७८, सुनापती गाउँपालिका, रामेछाप।

९. कमलामाईको पहिचान, स्थानीय पाठ्यक्रम (कक्षा १-५), २०७७, कमलामाई नगरपालिका, सिन्धुली।

# लेटाङ नगरपालिका



Copyright@MoFALD